# नेपाल : जनशक्तिबाट शान्तिको दिशातर्फ?

एसिया रिपोर्ट नं. ११५ – १० मे २००६

International Crisis Group
WORKING TO PREVENT
CONFLICT WORLDWIDE

# सम्पादकीय टिप्पणी

यो इन्टरन्यासनल क्राइसिस ग्रुपद्वारा प्रकाशित रिपोर्टको नेपाली अनुवाद हो। यसको आधिकारिक संस्करण अङ्ग्रेजीमा प्रकाशित छ। क्राइसिस ग्रुपका नेपालसम्बन्धी सबै रिपोर्टहरू वेबसाइट (www.crisisgroup.org) बाट डाउनलोड गर्न सकिन्छ। नयाँ रिपोर्टका प्रकाशित प्रति प्राप्त गर्न निम्न ठेगानामा सम्पर्क राख्नुहोला :

इन्टरन्यासनल क्राइसिस ग्रुप
प्रशान्ति कोलोनी, सानेपा, ललितपुर
फोन: ५५४८३२८, फ्याक्स: ५५४८९५८
nepal@crisisgroup.org

# विषयसूची


**सारसङ्क्षेप र सुझाउ** ........ I

**१. परिचय** ........ १

**2. जनशक्ति** ........ २

क) आधारहरू ........ २

१. दलका योजनाहरू ........ २

२. माओवादीको भूमिका ........ २

ख) दबाबमा वृद्धि ........ ४

१. दलहरूको नियन्त्रण? ........ ४

२. माओवादी परिचालनकर्ता ........ ४

३. व्यापक सहभागिता ........ ५

४. राजधानी घेराउ ........ ७

ग) दरबारले किन गल्ती गर्‍यो ........ ८

१. प्रति-रणनीति? ........ ८

२. कार्यनीतिक असफलताहरू ........ ८

३. मन्त्रीहरू बेपत्ता ........ ९

**3. राजाको पहिलो चालदेखि बाजीमाराइसम्म** ........ १०

क) पहिलो खटपट ........ १०

ख) दलहरूद्वारा प्रस्ताव अस्वीकार ........ ११

ग) गलत कूटनीतिक आकलनहरू ........ १२

घ) पहिलो दृश्यको अन्त्य ........ १४

**4. दलहरू र तिनका योजनाहरू** ........ १६

क) गठबन्धनको जित ........ १६

१. सर्वसम्मत कि विभाजित? ........ १६

२. संवैधानिक सांसद? ........ १६

३. माओवादी, राजा र सेनासँग गरिने व्यवहार ........ १७

ख) माओवादी आकलनहरू ........ १७

१. प्रारम्भिक प्रतिक्रिया ........ १७

२. सायद उनीहरूले खेल खेल्लान् ... ........ १८

३. ... तर यो मार्गमा कटिबद्ध हुँदै अन्य विकल्पहरू खुला राख्नुपर्छ ........ १९

ग) दरबार झुकेको छ तर हारेको छैन ........ २०

घ) कूटनीतिक पुनःसंलग्नता ........ २१

**5. तत्कालका चुनौतीहरू** ........ २३

क) कमजोर सरकार इच्छुक दाताहरू ........ २३

ख) शान्ति प्रक्रिया ........ २४

ग) राजालाई वशमा राख्ने कार्य ........ २५

घ) सेनामाथि नियन्त्रण कायम गर्नु ........ २७

ङ) सङ्क्रमणकालीन न्याय व्यवस्था ........ २९

च) संवैधानिक परिवर्तनका लागि तयारी गर्नु ........ ३०

**6. निष्कर्ष** ........ ३१

**अनुसूचीहरू**

क) नेपालको नक्सा ........ ३२

ख) राजा ज्ञानेन्द्रका शाहीघोषणाहरू ........ ३३

ग) इन्टरन्यासनल क्राइसिस ग्रुपको परिचय ........ ३५

घ) इन्टरन्यासनल क्राइसिस ग्रुपले सन् २००४ देखि तयार पारेका एसियासम्बन्धी प्रतिवेदन र जानकारीहरू ........ ३६

ङ) इन्टरन्यासनल क्राइसिस ग्रुपका कार्यकारी बोर्डका सदस्यहरू ........ ३८

International Crisis Group
WORKING TO PREVENT CONFLICT WORLDWIDE

एसिया रिपोर्ट नं. ११५ १० मे २००६

# नेपाल : जनशक्तिबाट शान्तिको दिशातर्फ?

## सारसङ्क्षेप र सुझाउ

२४ अप्रिल २००६ मा राजा ज्ञानेन्द्रले जनआन्दोलनसामु आत्मसमर्पण गर्नु नेपालको लोकतन्त्रको विजयको सङ्केत हो भने नयाँ सरकार र माओवादीहरूबीच युद्धविराम हुनु गम्भीर शान्ति प्रक्रियाको थालनी। "जनआन्दोलनको भावना" लाई मान्न बाध्य हुँदै ज्ञानेन्द्रले जनताको सार्वभौमसत्ता स्वीकार गरे, संसदको पुनःस्थापना गरे र मूलधारका सात दलहरूको गठबन्धनलाई आफ्नो मार्गचित्र लागू गर्न आमन्त्रण गरे। उक्त मार्गचित्रअन्तर्गत दलहरूद्वारा माओवादीसँग पाँच महिनाअघि गरिएको सम्झौताअनुरूप संविधानको पुनर्लेखन गर्नका लागि संविधानसभाको निर्वाचन गर्ने कुरासमेत उल्लेख छ। अन्तर्राष्ट्रिय समुदायले दलहरूलाई राजासँग बेकामे सम्झौता गर्न दबाब दिने प्रयास गरेर आफ्नो विश्वसनीयता गुमायो र अब विगतका यस्ता गल्तीहरूबाट जोगिदै कठिन सङ्क्रमण र शान्ति प्रक्रियालाई सघाउ पुऱ्याउन उसले कडा मिहेनत गर्नुपर्दछ।

लोकतान्त्रिक आन्दोलन चारओटा मोर्चामा नेपाली जनताको विजय थियो :

- **राजामाथि।** अप्रिल महिनामा हर्त्तौंसम्म भएका विरोध प्रदर्शन र हडतालहरूका क्रममा नेपालको राजनीतिक परिदृश्यमा परिवर्तनहरू देखा परे। राजा र उनको प्रत्यक्ष शासनप्रति लामो समयदेखि व्यापक असन्तोष रहिआएको थियो। राजाले जनभावनाको गलत मूल्याङ्कन गरी २१ अप्रिलका दिन अघि सारेको प्रस्ताव विरुद्ध कर्फ्युको आम अवज्ञाका साथ गरिएको विरोध प्रदर्शन निर्णायक जनफैसला थियो जसले गर्दा आफ्नो मातहतमा शाही सुरक्षा फौजको विशाल पङ्क्ति हुँदाहुँदै पनि आत्मसमर्पण गर्नुबाहेक राजासँग कुनै विकल्प रहेन।

- **दलहरूमाथि।** सरकारमा छँदा दलहरूले खेलेको मिश्रित भूमिकाको अभिलेख र तिनले राजासँग मुलुकको अत्युत्तम हित विपरीत कुनै अनुचित सम्झौता गर्लान् कि भन्ने डरले गर्दा जनतामा दलहरूप्रति आशङ्का थियो। तथापि निरन्तर दबाब दिने हो भने दलहरूले जनभावनाअनुरूप प्रतिनिधिमूलक राजनीतिक नेतृत्व प्रदान गर्लान् भन्ने आशा धेरै मानिसहरूमा थियो। यो एउटा त्यस्तो तरिका हो जसबाट अहिलेसम्म ठोस नतिजाहरू प्राप्त भएका छन्।

- **माओवादीहरूमाथि।** जनआन्दोलनको सफलतामा माओवादीहरूको समर्थनको महत्वपूर्ण भूमिका रहेको छ। यद्यपि मूलधारका लोकतन्त्रवादीहरू यस कुरालाई स्वीकार गर्न आनाकानी गरिरहेका छन्। तर विद्रोहीहरूले प्रत्यक्ष रूपबाट आग्रह गर्दागर्दै पनि जनता ग्रामीण क्षेत्रमा समेत माओवादी झन्डामुनि गोलबद्ध भएनन्। धेरै मानिसहरूले माओवादी कार्यसूचीका तत्वहरूलाई स्वीकार त गरे तर माओवादीद्वारा गरिएको क्रान्तिकारी विद्रोहको आह्वानलाई नटेरेर तिनले जनशक्ति विद्रोहीहरूका साथै दरबार र दलहरूका कार्यहरूमाथिको अवरोध हो भन्ने कडा सङ्केत दिए।

- **अन्तर्राष्ट्रिय समुदायमाथि।** नेपालमा बाह्य शक्तिहरूको विशेष प्रभाव रहँदै आएको छ। क्षेत्रीय महाशक्तिका बीचमा अवस्थित हुनाले र लामो समयदेखि वैदेशिक सहयोगमाथि निर्भर रहनाले नेपालका नेताहरू र जनताले सङ्कट आइलाग्दा प्रायः बाहिरियाहरूका मुख ताक्ने गरेका हुन्। यसपालि संयुक्त राज्य अमेरिका र कतिपय युरोपेली शक्तिहरूले लोकतान्त्रिक आन्दोलनको वातावरण सिर्जना गर्न सघाउ नपुऱ्याएका होइनन् तर सङ्कटको अन्त्य गर्न अलोकप्रिय समाधान प्रस्तुत गर्न दबाब दिने लक्षण देखिएपछि भने नेपाली जनताले त्यसलाई ठाडै अस्वीकार गरे।

दल वा माओवादीको सङ्गठित कारबाहीले नभएर व्यापक जनताको कारबाहीले नै अन्त्यमा राजालाई झुक्न बाध्य तुल्याएको तथ्यले जनतालाई नेपालको राजनीतिको केन्द्रमा तिनको हैसियतअनुसार सुहाउँदिलो ठाउँमा राखिदिएको छ। यसरी नेपाली जनता प्रमुख राजनीतिक खेलाडीहरूबाट हुन सक्ने दुर्व्यवहारमाथि शक्तिशाली अङ्कुश लगाउन सक्ने अवस्थामा पुगेका छन्। विरोध प्रदर्शनहरूलाई रोक्ने समन्वित अन्तर्राष्ट्रिय अभियानसामु नेपाली जनता यो कार्य गर्न समर्थ हुनुको अर्थ के हो भने अब तिनले

बाहिरियाहरूका मुख ताक्नु जरुरी छैन। यो जनताले आफ्नै बलबुताले प्राप्त गरेको विजय हो। जनताले दलहरूलाई खराब सरसल्लाहका रूपमा अघि सारिने बाह्य दबाब विरुद्ध दृढतासाथ उभिन सफलतासाथ प्रोत्साहित गरेको तथ्यले सच्चा राष्ट्रिय स्वामित्व र शान्ति प्रक्रियाको दिशा तथा संवैधानिक सुधारलाई संवर्द्धन गर्न सकिने कुराको शुभ सङ्केत दिएको छ।

जनआन्दोलनले नोभेम्बर २००५ मा दलहरूद्वारा माओवादीहरूसँग गरिएको बाह्रबुँदे समझदारीलाई सही साबित गरिदियो। यो सहमतिबिना आन्दोलन कदापि सम्भव हुने थिएन। साथै जनआन्दोलनले माओवादी विरुद्ध लड्ने एकमात्र बाटो राजदरबार र दलहरूबीचको मेलमिलाप हो भन्ने प्रस्थापनालाई पनि निर्णायक रूपले इन्कार गरिदियो। दलहरू र माओवादीहरूले आफ्नो संयुक्त शान्ति योजनाप्रतिको प्रतिबद्धतालाई पुनःपुष्टि गर्नु उत्साहजनक कुरा हो। बाह्रबुँदे समझदारीमा ठोस आत्महित अन्तर्निहित छ यद्यपि यसको सुनिश्चितता भने छैन। तथापि यो समझदारीलाई सफलतापूर्वक कार्यान्वयन गर्ने कार्य अझै पनि दुवै पक्षका लागि अत्यन्तै आकर्षक विकल्पका रूपमा रहेको छ।

सरकारमा छँदा र अघिल्लो चरणमा शाही शासन विरुद्ध आधा मनले सञ्चालन गरिएको "प्रतिगमन विरोधी" अभियानको नेतृत्व गर्ने क्रममा जनविश्वास गुमाएर निकै नै बदख्वाइँ गरिएका नेपालका राजनीतिक दलहरूले फेरि निकै हदसम्म जनविश्वास आर्जन गरेका छन्। तर नयाँ सरकार गठन गर्ने क्रमको सुरुमा मन्त्रालयका पदहरूको बाँडफाँडको प्रश्नमा कचिङ्गल गर्दै उक्त प्रक्रियालाई ढिलो गराउने कार्यकलापहरू भने न्यून प्रेरणादायी थिए। अप्रिल ३० मा शपथग्रहण गरेका ८४ वर्षीय वृद्ध प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सरकार द्वन्द्वलाई अन्त्य गर्ने विद्यमान मार्गचित्रको अनुसरण गर्नुबाहेक कार्य गर्ने सीमित वैधता भएको अन्तरिम शासन व्यवस्था मात्र हो। यसका सामु तत्काल सामना गर्नुपर्ने चुनौतीहरू चारओटा छन् :

- शान्ति प्रक्रियालाई सही गोरेटोमा डोऱ्याउनु;
- राजालाई काबुमा राख्नु र सेनामाथि नियन्त्रण कायम गर्नु;
- संवैधानिक परिवर्तनका लागि योजना बनाउनु; र
- सङ्क्रमणकालीन न्याय व्यवस्थासम्बन्धी जनचाहनालाई सम्बोधन गर्नु।

विद्यमान नाजुक वातावरणमा यी चुनौतीहरूको हल गर्ने क्रममा नेपाल सरकारलाई मद्दत दिएर अन्तर्राष्ट्रिय समुदायले नेपालमा गुमाएको आदरभाव पुनः आर्जन गर्न सक्छ। देश अझै साबिक रूपमा कार्य सञ्चालन गर्ने अवस्थामा फर्केको छैन। त्यसैले दातृ संस्थाहरूले जनशक्तिबाट शान्तितर्फको कठिन सङ्क्रमणको प्रक्रियाको रक्षा गर्न आफूले खेल्नुपर्ने भूमिका बुझ्नु जरुरी छ।

## सुझाउहरू

### भारत, संयुक्त राज्य अमेरिका, युरोपेली सङ्घ र अन्तर्राष्ट्रिय समुदायका अन्य सदस्यहरूका लागि :

1. निम्नलिखित बुँदाहरूलगायत स्पष्ट साझा मान्यताहरूमा आधारित तरिकाको समन्वय गर्नु :

   (क) सम्पर्क समूह र पूरक शान्ति सहयोग समूहको स्थापना गर्नु। हाल शान्ति प्रक्रिया जारी रहेको अवस्थामा शान्ति सहयोग समूहको भूमिका निकै महत्वपूर्ण हुनेछ,

   (ख) नेपाली जनता स्वयं अन्तर्राष्ट्रिय संलग्नताको निर्धारण गर्ने कर्ता हुन् र परिवर्तित घरेलु राजनीतिक वातावरणमा नेपालका दलहरू, नागरिक समाजका समूहहरू तथा अन्य प्रतिनिधिहरू अन्तर्राष्ट्रिय संलग्नताको प्रकृतिबारे सुझाउहरू प्रस्तुत गर्ने मामिलामा पहिलेभन्दा राम्रो स्थितिमा भएको कुरालाई स्वीकार गर्नु,

   (ग) शान्ति आजको प्राथमिकता हुनाले सुनौलो नियममा "ठेस नलगाउने" कुरालाई स्वीकार गरी विकाससम्बन्धी निकायहरूले सरकार र माओवादीहरू नियम विपरीत चल्न नपाऊन् भन्नका लागि तिनलाई दबाब दिने हेतुले आफ्ना कार्यसञ्चालनसम्बन्धी मूलभूत मागदर्शनहरूको पालना गरिरहनुपर्दछ,

   (घ) नेपालमा २००२ को लन्डन सम्मेलनको सम्भावित अनुगमनको आयोजना गरिनुपर्छ। यसलाई सायद समावेशी तयारी र सहभागिताको ढोका खुल्ने शान्ति तथा विकास मञ्चको विशिष्ट स्वरूप दिनुपर्ला। नेपालको नागरिक समाजद्वारा जून महिनाको अन्त्यमा काठमाडौँमा आयोजना गरी यो प्रक्रियाको थालनी गर्ने योजनामा सहयोग गर्न र गम्भीर सहभागिता प्रदान गर्न लायक छ, र

   (ङ) द्वन्द्वका जड कारणहरूलाई सम्बोधन गर्ने र विकास सम्बन्धी निकायहरूका क्रियाकलापहरूले अतितमा यदाकदा गरेझैं आइन्दा सामाजिक, जातीय वा क्षेत्रीय दृष्टिले मानिसहरूलाई पाखा पार्ने ढाँचाहरूलाई सुदृढ नबनाउने कुरालाई सुनिश्चित गर्ने समावेशी तथा सहभागितामूलक विकासलाई सुनिश्चित गर्नु।

2. निम्नलिखित कुराहरूको आवश्यकता महसुस गरी सुधारहरू र विकासको वृद्धिलाई नभई स्थायित्व र शान्तिलाई सर्वोच्च प्राथमिकता दिनु :

   (क) राम्ररी सोचविचार नगरीकन हत्तपत्त "शान्तिसम्बन्धी टुक्रे" कार्यक्रमहरूको थालनी गर्नबाट जोगिनु, किनभने राम्ररी योजना नबनाई गरिने नगद र अन्य सहयोग प्रत्युत्पादक हुन सक्छ,

   (ख) नयाँ सरकार विधायकी र शासकीय क्षमताहरूसहित पूर्ण अधिकारप्राप्त सरकार नभएर अन्तरिम र निम्छरो प्रकृतिको सरकार हो र यसको वैधता शान्ति प्रक्रियालाई अघि बढाउनका लागि प्राप्त जनसमर्थनमा आधारित छ भन्ने कुराको हेक्का राख्नु,

(ग) विकाससम्बन्धी सहयोग राजनीतिक स्थिति र प्रक्रियाहरूबाट अलग हुन सक्दैन भन्ने कुरालाई स्वीकार गरी राजनीतिक विश्लेषणले सहयोगसम्बन्धी योजनालाई सुसूचित गर्ने कुरालाई सुनिश्चित गर्नु, र

(घ) जिल्लाहरूमा सरकारको पहुँच र प्रशासनिक क्षमता के कस्तो छ सोको मूल्याङ्कन गर्नु जुन कुरा कम्तीमा पनि उच्च तहको राजनीतिक वातावरण जत्तिकै महत्त्वपूर्ण हुन्छ।

3. निम्निलिखित कार्यहरूद्वारा शान्ति प्रक्रियालाई सहयोग गर्नु :

(क) अनुरोध गरिएको खण्डमा शान्ति प्रक्रियाको अनुगमन गर्न सघाउनु, र हाल स-साना उद्देश्यहरूका लागि व्यावहारिक योजना बनाउन सुरु गर्नु,

(ख) दुवै सशस्त्र पक्षलाई बिस्तारै बिस्तारै सैन्य स्थिरिकरण र असैन्यकरणको प्रक्रियामा सहयोग गर्ने तयारी गर्नु,

(ग) सेवाहरू प्रदान गरेर र आर्थिक विकास गर्ने क्षेत्रका ढोका खोलेर विकास तथा मानवीय सहयोगलाई शान्ति प्रक्रियालाई सुदृढ गर्ने कार्यमा लगाउनु,

(घ) अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूसमक्ष अन्तरिम सरकार सम्बन्धी सुधारका महत्वाकाङ्क्षी प्रस्तावहरू पेस गर्नुको सट्टा तिनलाई लघुस्तरीय आर्थिक स्थिरता र पारदर्शितालाई उच्चतम प्राथमिकता दिनका लागि प्रोत्साहित गर्नु, र

(ङ) प्रतिष्ठित अन्तर्राष्ट्रिय लेखापरीक्षकहरूबाट सरकार, राजदरबार र सैनिक खर्चको सोलोडोलो पेसागत लेखापरीक्षण गराउने कार्यमा आर्थिक सहयोग गर्नेबारे सोचविचार गर्नु।

4. राजसंस्थासँग निम्नलिखित सिद्धान्तअनुरूप सम्बन्धहरू सञ्चालन गर्नु :

(क) राजनीतिक नेताहरूले सरकारले अनुरोध गरेको खण्डमा मात्र राजालाई भेट्नु,

(ख) राजतन्त्र भएका देशहरूले ज्ञानेन्द्रसँगको सम्बन्धलाई कायम राखेर सत्ताबाट पछि हटेबापत उनलाई पुरस्कृत गर्न लालायित हुनुहुँदैन। त्यसो गरियो भने अन्तर्राष्ट्रिय समुदायको विश्वसनीयतामा झन् ठूलो गिरावट आउनेछ।

(ग) काठमाडौंस्थित कूटनीतिज्ञहरूले शाही शासनकालमा सबैभन्दा बढी ज्यादती गर्नमा जिम्मेवार रहेका शाही नातागोताहरूलाई पुनःस्थापित गर्न लालायित हुनुहुँदैन।

5. सुरक्षा क्षेत्रसँग निम्नलिखित सिद्धान्तहरूअनुसार सावधानीपूर्वक संलग्न रहनु :

(क) विशेष गरेर अहिले दुईपक्षीय युद्धविरामको कारण घातक सामग्रीहरूको सहयोग आवश्यक नभएको हुनाले त्यस्तो सहयोगलाई पुनः निरन्तरता नदिनु,

(ख) सेनालाई लोकतान्त्रिक नियन्त्रणमा ल्याउनका निमित्त चालिएका ठोस कदमहरूसम्बन्धी मान्यताका आधारमा सेनासँग गरिने सबै सम्पर्क-सम्बन्धलाई नागरिक सरकारमार्फत सञ्चालन गर्नु,

(ग) हालसम्म अनुत्तरित रहेका जबर्जस्ती बेपत्ता पारिएका घटनाहरू र दोषीलाई यथेष्ट सजाय दिने मामिलाहरू लगायतका मानवअधिकार उल्लङ्घनसम्बन्धी घटनाहरूको पूर्ण र पारदर्शी रूपले छानबिन गराउने दबाबलाई कायम राख्नु,

(घ) राजनीतिकर्मीहरू र नागरिक समाजका पेसाकर्मीहरूका प्रबन्धनसम्बन्धी क्षमताहरूको विकासमा सहयोग गर्नु,

(ङ) शाही नेपाली सेनाद्वारा गरिएका मानवअधिकार उल्लङ्घन सम्बन्धी घटनाहरूको सन्तोषजनक रूपले छानबिन गरी उक्त सेनामाथि लोकतान्त्रिक नियन्त्रण कायम गर्ने स्पष्ट झलक दिने ठोस कदमहरू नचालिउन्जेलसम्म शाही सेनालाई राष्ट्रसङ्घीय शान्ति सेनामा स्थान दिने कार्यलाई स्वेच्छिक रूपले स्थगित गर्ने कार्यलाई समर्थन गर्नु,

(च) युद्धविराम कालमा कानुन र व्यवस्था कायम गर्नमा महत्वपूर्ण भूमिका खेल्ने नेपाल प्रहरीलाई सुदृढ गराउनु आवश्यक भएकाले त्यसलाई सहयोग गर्नु।

6. सङ्क्रमणकालीन न्यायप्रणाली एक संवेदनशील क्षेत्र हो जसमा राष्ट्रिय स्वामित्व र राष्ट्रिय निर्णय अत्यन्तै महत्वपूर्ण हुने कुरालाई कदर गर्नु। तर साथसाथै राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले जसरी वैध अधिकारीहरूसँग मानवअधिकार हननसम्बन्धी छानबिनहरूबाट प्राप्त अफ्ना खोजहरू स्वेच्छिक रूपले बाँडचुँड गर्ने क्रम सुरु गरेको छ त्यसैगरी सरकारलाई अन्य देशका अनुभवहरू र प्राविधिक साधनहरूका लाभहरू प्रदान गर्न तत्पर रहनु।

7. संवैधानिक सुधार प्रक्रियामा संलग्न हुनका लागि प्रतिस्पर्धा गर्दै आफ्नो हात माथि पर्ने किसिमको सहयोग गर्नबाट जोगिनु। यस्तो प्रतिस्पर्धा र सहयोगको नतिजा जनअनुमोदित संविधानका सारभूत सिद्धान्तमा सम्झौता गर्नु हुन सक्छ। यसो गर्नुको सट्टा सरकारको अनुरोधअनुसार सहयोग गर्नुपर्दछ :

(क) अनुरोध गरिएको अवस्थामा आर्थिक सहयोग दिएर वा सार्वजनिक परामर्श तथा व्यापक राष्ट्रिय बहसलाई प्राविधिक रूपले सहजीकरण गरी सहयोग गरेर जनताद्वारा सञ्चालन गरिने प्रक्रियालाई सघाउ पुऱ्याउनु, र

(ख) जहाँ उपयुक्त हुन्छ त्यहाँ थप व्यापक प्राविधिक सहयोग गर्न तयार हुनु।

**काठमाडौं/ब्रसेल्स, १० मे २००६**

International Crisis Group
WORKING TO PREVENT CONFLICT WORLDWIDE

एसिया रिपोर्ट नं. ११५ | १० मे २००६

# नेपाल : जनशक्तिबाट शान्तिको दिशातर्फ?

## १. परिचय

अप्रिल २००६ मा भएको लोकतान्त्रिक आन्दोलनले नेपालको राजनीतिक परिदृश्यमा परिवर्तन गरेको छ तर यो शान्तितर्फको लामो र चुनौतीपूर्ण बाटोको प्रारम्भ मात्र हो।[•] यो आन्दोलन जनसहभागिताको व्यापकता र यसले ग्रहण गरेको गतिको तीव्रताका दृष्टिले उल्लेखनीय हुन गयो। आन्दोलनका यी दुवै विशेषता मूलधारका दलहरू र माओवादी दुवैको अपेक्षाभन्दा बाहिरका कुरा थिए। यस रिपोर्टमा आन्दोलनले लिएको बाटाको प्रारम्भिक विश्लेषण प्रस्तुत गर्दै राजाले आत्मसमर्पण गरेपछि सिर्जना हुन आएको स्थितिमा नेपाली जनतालगायत प्रमुख राजनीतिक खेलाडीहरूका परिवर्तित स्थितिहरूको रूपरेखा प्रस्तुत गरिएको छ।

यो आन्दोलन न त पूर्णरूपले योजनाबद्ध थियो न त पूर्णरूपले स्वतःस्फूर्त नै थियो। यो आन्दोलन नोभेम्बर २००५ मा दलहरू र माओवादीबीच भएको खुकुलो राजनीतिक गठबन्धन र तिनको शान्तिसम्बन्धी संयुक्त योजनाले शाही शासनका अनेकौँ असफलताहरूबाट त्यसप्रति बढ्दो मात्रामा मोहभङ्ग हुँदै गएका जनतामा जगाएको आशाको जगमाथि खडा भएको थियो। विरोध प्रदर्शन नामले मूलधारका सातदलीय गठबन्धनको[•] थियो तर व्यवहारमा भने यसमा माओवादीहरूको ठूलो हात थियो। शान्त र मूलतः अहिंसात्मक भूमिकामा खेल्न अघि सरेका माओवादी कार्यकर्ताहरू योजना र समग्र राजनीतिक रणनीतिबाट राम्ररी सुसज्जित थिए।

तर विरोध प्रदर्शनले अस्तव्यस्त स्थितिलाई निम्त्याउने, राज्यका अधिकारीहरूले घुँडा टेक्ने र विद्रोहीले तत्कालै राज्य लिने डर हुँदाहुँदै पनि माओवादीहरू आन्दोलनलाई आकस्मिक गणतान्त्रिक निष्कर्षतर्फ धकेल्न समर्थ भएनन्। यसो हुनाको आंशिक कारण के हो भने आखिरमा ज्ञानेन्द्रको चेत खुल्यो र उनले अन्तिम घडीमा सत्ता समर्पण गरे। उनले यसो गर्लान् भनेर आशङ्का गर्नेहरूमा माओवादी मात्र थिएनन्। अनि यसो हुनाको आंशिक कारण मूलधारका दलहरूमा अन्तर्निहित सङ्कीर्णता थियो जसले कम्तीमा पनि राजतन्त्रको भविष्यको फैसला गर्ने समयलाई पर सार्ने सम्झौतालाई खुसीसाथ स्वीकार गरेका थिए।

तर आजसम्मको अपेक्षाकृत स्थायी सङ्क्रमणको श्रेय भने मूलतः प्रदर्शनकारीहरूलाई नै जान्छ। माओवादी कार्यकर्ताहरूको प्रोत्साहन र यदाकदा अस्त्रप्रेमी सुरक्षाकर्मीहरूको उक्साहटको बाबजुद आन्दोलनकारीहरूका अजङ्गका भीडहरू विरलै मात्र हिंसामा उत्रिए। ठूला दङ्गाहरू भएनन्, सम्पत्तिको क्षति पनि ज्यादै न्यून रह्यो, फाट्टफुट्ट ढुङ्गा हानाहान भयो, सुरक्षाकर्मीहरू वा सरकारी अधिकारीहरूमाथि ज्यादै कम गम्भीर हमलाहरू भए। तर सातदलीय गठबन्धन जे कुरा दिन तत्पर भएको प्रतीत हुन्छ जनभावनाले त्योभन्दा धेरै कुरा मागेको थियो। अब यो गठबन्धनसामु जनतालाई राजनीतिको डुङ्गामा सँगसँगै राखेर अघि बढ्नु एउटा प्रमुख चुनौती हुनेछ। त्यसैगरी संवैधानिक सुधार तथा द्वन्द्वको अन्त्यपछिको नेपालको योजनासम्बन्धी बहसहरूमा व्यापक र पारदर्शी जनसहभागितालाई सुनिश्चित गर्नु अर्को चुनौती हुनेछ।

अन्तर्राष्ट्रिय समुदायलाई २००६ को जनआन्दोलनले दिएको महत्वपूर्ण शिक्षा के हो भने जनभावनाको ज्वारमाथि गरिने राजनीतक हस्तक्षेपका भद्दा प्रयासहरू असफल भएरै छाड्छन्। यदाकदा दिल्लीको राजनीतिक पन्जामा पर्ने अन्यथा असल मनसाय भएका कूटनीतिज्ञहरूलगायतका काठमाडौँस्थित कूटनीतिज्ञहरूले आफ्नो राजनीतिक मूल्याङ्कनका सीमाहरू प्रदर्शन गरेका छन्। तैपनि अब उनीहरूले खेल्नुपर्ने भूमिकाले परिष्कृत राजनीतिक विश्लेषणको नभएर नेपालका वैध नेताहरूलाई आफ्नो जनअनुमोदित मार्गचित्र कार्यान्वयन गर्ने प्रयासको क्रममा सन्तुलित र सिद्धान्तनिष्ठ सहयोगको माग गर्दछ।

---

[•] लोकतान्त्रिक आन्दोलनको प्रारम्भिक चरणको रिपोर्टिङबारे जानकारी प्राप्त गर्न क्राइसिस ग्रुप एसियाको जानकारी विषयक अङ्क ४९ मा *Nepal's Crisis: Mobilising International Influence*, १९ अप्रिल २००६ हेर्नुहोस्। क्राइसिस ग्रुपको नेपालसम्बन्धी सबै प्रतिवेदनहरू www.crisisgroup.org मा उपलब्ध छन्।

[•] संसदीय दलहरू नेपाली काङ्ग्रेस (नेका), नेपाल कम्युनिस्ट पार्टी (एमाले), नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी), नेपाल मजदुर-किसान पार्टी (नेमकिपा) र संयुक्त वाममोर्चा मिलेर सातदलीय गठबन्धन बनेको हो।

## २. जनशक्ति

### क) आधारहरू

राजाको प्रत्यक्ष शासनका पटक-पटकका असफलताहरूबाट पैदा भएको जनअसन्तोष र मूलधारका दलहरू तथा माओवादीबीच भएको बाह्रबुँदे समझदारीबाट शान्ति स्थापना होला भन्ने जनताको आशा नै जनआन्दोलनका दुई प्रमुख आधारहरू थिए।* नोभेम्बर २००५ मा सातदलीय गठबन्धन र माओवादीबीच भएको सम्झौतालाई पुनः सुधार गर्ने प्रतिबद्धता मार्च २००६ मा गरियो।* अप्रिलमा भएको आन्दोलनको तत्कालको प्रेरक तत्त्व यही थियो।

#### १. दलका योजनाहरू

जनआन्दोलन उठाउने अफ्ना पहिलेका प्रयासहरू असफल भएको कुराप्रति दलहरू एकदमै सजग थिए। २० जनवरी २००६ को प्रस्तावित जनभेलालाई सुरक्षाबलको कठोर छेकथुनले सजिलै निस्तेज तुल्याइदिएको थियो। माओवादीहरूसँग संवाद गरी योजना बनाउन चुक्नु नै ती असफलताका कारणहरू हुन् भनी मान्न सकिन्छ। दलहरू एक्लै सच्चा जनप्रदर्शनको संयोजन गर्न सक्ने गरी दरिला थिएनन्, अनि समन्वित योजना नहुनाको कारण काठमाडौं उपत्यका र देशका अन्य भागहरूमा माओवादीले गरेका हमलाहरूले शाही सरकारलाई दमनको औचित्य सिद्ध गर्न सघाउ पुऱ्याए।*

दलहरूले सामना गर्नुपर्ने पहिलो प्रश्न परम्परागत हडताल/बन्दका लागि प्रयास गर्ने कि जनआन्दोलन गर्न प्रयास गर्ने भन्ने थियो। यी दुई विकल्पहरू आंशिक रूपले परस्पर विरोधी थिए। बन्दको आह्वान गर्दा दलहरू जनतालाई परिचालन गर्न सक्दैनथे जसले गर्दा जनआन्दोलन निर्माण गर्ने मौकाहरू गुम्थे। अन्ततः दलहरूले जुन आमहडताल गर्ने निर्णय गरे त्यसको सुरुमा त्यस हडतालप्रति उनीहरूका त्यति ठूला अपेक्षाहरू थिएनन्। हडताल सुरु भइसकेपछि पनि पहिले तय गरिएका चार दिन (६-९ अप्रिल) सम्म त्यो दह्रोसँग टिक्ला भन्ने विश्वास उनीहरूमा थिएन।*

अर्को प्रश्न विरोध प्रदर्शनलाई केन्द्रित गर्ने कि विकेन्द्रित गर्ने भन्ने थियो। सुरुमा नेपाली काङ्ग्रेसले पहिले तय गरिएको ८ अप्रिल (चैत २६) को दिन राजधानीमा ठूलो शक्ति प्रदर्शन गर्ने दह्रो अडान लियो। तर एमालेले भने देशभरि विकेन्द्रित विरोध प्रदर्शनहरू गर्ने योजना अघि सार्‍यो। आखिरमा त्यही योजनालाई रोजियो।

दलका नेताहरूले हडताल सुरु हुनुभन्दा पहिले नै सरकारलाई पक्राउ गर्न दिएर थोरै प्रयासबाट आन्दोलनलाई फासफुस पार्न दिने भूल दोहोर्‍याउन चाहेनन्। यसपटक प्रमुख नेताहरू पहिले नै भूमिगत भए। उनीहरूले अफ्ना योजनाहरूबारे सहकर्मीहरूलाई पहिले नै जानकारी गराए जसले गर्दा कतिपय नेताहरू गिरफ्तार भए पनि र पूर्वानुमान गरिएअनुसार टेलिफोन सेवा बन्द गरिए पनि त्यसबाट पहिले-पहिले जस्तो स्थिति लथालिङ्ग भएन।

दलहरूले उति धेरै कार्यकर्ताहरूलाई देशभरि खटाउने काम त गरेनन् तर पनि काठमाडौं र अन्य क्षेत्रका समर्थकहरूलाई परिचालन गर्ने कार्यमा भने उनीहरू आश्चर्यजनक रूपले सफल भए। यीमध्ये कतिपय कार्यकर्ता बाहिरबाट राजधानी ल्याइएका थिए जसमध्ये केही समर्थकहरू मजदुर सङ्घहरू र युवा आन्दोलनहरूको सहयोगमा ल्याइएका थिए। तर यी समर्थकहरूको सङ्ख्या आलोचनाशील जनसमूहसरह खासै ठूलो भने थिएन। प्रमुख दलहरूले हडताल हुनुभन्दा अघिल्ला हप्तामा अफ्ना केन्द्रीय नेताहरूलाई स्थानीय सङ्गठनहरूमा जोस र उमङ्ग भर्नका लागि देशको भ्रमणमा खटाएका थिए।

#### २. माओवादीको भूमिका

क्रमिक रूपले आफ्नो राजनीतिक रणनीतिको विकास गर्ने कार्यमा माओवादीको भूमिका आलोचनाशील र सङ्गतियुक्त रहेको छ। दुई वर्षका कठिन आन्तरिक छलफलहरूपछि अक्टोबर २००५ मा भएको माओवादीको केन्द्रीय समितिको पूर्ण बैठकले पछि गएर बहुदलीय राजनीतिमा सामेल हुने नीति पारित गर्‍यो।* साथसाथै उक्त पूर्ण बैठकले लोकतन्त्रप्रति प्रतिबद्धता जनाउने हिसाबले सैनिक उपायहरू र राजनीतिक परिचालन दुवैको उपयोग गरी सहरी केन्द्रहरूलाई निसाना बनाउने निर्णय पनि गर्‍यो। सहरलाई केन्द्रीय निसाना बनाएर चल्ने यो नीतिले उनीहरूलाई काठमाडौं र अन्य सहरहरूको आन्दोलनलाई टेवा दिन राम्ररी तयारी गर्ने बाटो खोलिदियो।

माओवादीका दृष्टिमा अक्टोबर २००५ को पूर्ण बैठकले “रणनीतिक प्रत्याक्रमण” सम्बन्धी तिनको धारणाअन्तर्गत पहिलो चरणको अन्त्यको सङ्केत गर्‍यो। अगस्त २००४ मा सुरु भएको र राजधानीमा आफ्नो राजनीतिक तथा सैनिक प्रभावलाई टेवा दिने कार्यमा समर्पित यो पहिलो चरण मूलतः असफल भएको थियो। माओवादीहरू सहरी क्षेत्रमा जनपरिचालन गर्न असमर्थ भएका थिए। अनि अगस्त २००५ मा कालिकोटको कमजोर प्रतिरक्षा व्यवस्था भएको सैनिक सडक निर्माण शिविरमाथिको आक्रमणका अतिरिक्त उनीहरूका बृहत् स्तरका सैनिक आक्रमणहरूको प्रभाव ज्यादै न्यून रहेको थियो।*

दोस्रो चरणमा मूलधारका आफ्नो राजनीतिक सुगमतामा वृद्धि गर्ने र सैनिक रणनीतिलाई नयाँ स्वरूप दिने कार्यमा दलहरूसँग

* क्राइसिस ग्रुपको एसियासम्बन्धी रिपोर्ट, अङ्क १०६ मा *New Alliance: The Mainstream Parties and the Maoists*, २८ नोभेम्बर २००५ हेर्नुहोस्।

* १९ मार्च २००६ मा सातदलीय गठबन्धनका नेताहरू र प्रचण्डद्वारा एउटै वक्तव्य अलग-अलग जारी गरियो।

* माओवादीहरूले १४ जनवरी २००६ मा काठमाडौंको काठमा पर्ने थानकोट र दधिकोटमा अवस्थित प्रहरी चौकीहरूमाथि आक्रमण गरी पन्ध्र प्रहरीको ज्यान लिए। क्राइसिस ग्रुपको एसियासम्बन्धी रिपोर्ट नं. १११ मा *Nepal: Electing Chaos*, ३१ जनवरी २००६ हेर्नुहोस्।

* क्राइसिस ग्रुपद्वारा लिइएका अन्तर्वार्ताहरू, काठमाडौं, अप्रिल २००६।

* प्रचण्डद्वारा जारी प्रेस वक्तव्य, २८ नोभेम्बर २००६।

* उक्त आक्रमण ७ अगस्त २००६ मा गरिएको थियो। प्रभाकरद्वारा ८ अगस्त २००६ मा जारी गरिएको वक्तव्य हेर्नुहोस्।

गरिएको खुकुलो गठबन्धनलाई उपयोग गरेर यी कमजोरीलाई सम्बोधन गर्न खोजियो।[•] माओवादीहरूले आम हडतालका लागि दलहरूसँग मिलेर संयुक्त अपिल जारी गर्ने आशा राखेका थिए। वार्ताकारहरू दिल्लीमा यस विषयमा सहमत भएका पनि थिए तर नेपाली काङ्ग्रेसका सभापति तथा सातदलीय गठबन्धनका वास्तविक नेता गिरिजाप्रसाद कोइराला भने मन्जुर भएनन्।[••] दलहरूले आन्दोलनको सोलोडोलो स्वामित्वको दाबी गरेछन् नै भने पनि आन्दोलनमा आफ्नो प्रत्यक्ष उपस्थिति जनाउँदा आफूलाई फाइदा हुने कुरा माओवादीहरूलाई थाहा थियो।

आन्दोलनलाई सहयोग गर्ने माओवादीका योजनाहरू दलहरूका योजनाहरूभन्दा बढी ठोस थिए। ती योजनाहरू यस प्रकार थिए:

**बन्दलाई टेवा दिन नाकाबन्दीको प्रयोग।** माओवादीहरूले १४ मार्च २००६ मा जिल्ला सदरमुकामहरू र प्रमुख राजमार्गहरूमा नाकाबान्दी लगाउने राष्ट्रव्यापी कार्यक्रमको घोषणा गरिसकेका थिए।[••] तर दलहरूले बन्दको तयारी गरेपछि भने माओवादीहरूले आफ्नो एकतर्फी कारबाही फिर्ता लिई उक्त कार्यक्रमलाई समर्थन गर्ने घोषणा गरे।[••]

**सैनिक दबाब।** अक्टोबर २००५ को पूर्ण बैठकपश्चात् माओवादीहरूले आफ्नो सेनाको पुनःसंरचना गरेका मात्र नभई उनीहरूले गण्डक र लुम्बिनी क्षेत्रमा ठूलो सङ्ख्यामा सशस्त्र तथा राजनीतिक कार्यकर्ताहरूलाई भेला पार्न पनि सुरु गरेका थिए।[••] तिनले पुनःसंरचनाको एक अङ्गका रूपमा काठमाडौं क्षेत्रका लागि एउटा विशेष केन्द्रीय कमान्ड गठन गरेका थिए। त्यो कमान्ड एक सैनिक डिभिजनमाथि नियन्त्रण कायम गर्ने राजनीतिक समिति थियो। जनविद्रोहको सम्भावनाको सेरोफेरोमा रहेर योजना बनाइएको थियो। जनविद्रोह तत्कालै सम्भव होला भन्ने कुरामा तिनलाई शङ्का भए तापनि परिस्थितिले माग गरेको खण्डमा काठमाडौं उपत्यका र त्यसको वरिपरि ठूला आक्रमण गर्न उनीहरू तम्तयार भएका थिए।[••] माओवादी अध्यक्ष प्रचण्डले राजधानीमा हिंसाद्वारा शान्तिपूर्ण आन्दोलनलाई बिथोल्ने काम नगरियोस् भन्ने दलहरूको आह्वानलाई स्वीकार गरे।[••] तैपनि राज्यले गर्ने दमनबाट आफूले फाइदा उठाउन सक्ने खालको गम्भीर भद्रगोलको स्थिति उत्पन्न भएको खण्डमा जाइलाग्नका लागि उनीहरू तयार रहन चाहन्थे।[••]

**राजनीतिक परिचालन।** माओवादीहरूले जनसाधारणलाई हौसला दिन, विरोध प्रदर्शनहरूलाई उराल्न र दिशानिर्देशबिनाका जनसमूहलाई राजनीतिक निर्देशन दिन काठमाडौं र अन्य सहरी केन्द्रहरूमा राजनीतिक कार्यकर्ताहरूलाई खटाए।[••] मुलुकभरि फैलिएको राजतन्त्र विरोधी भावनाले बढी खुला रूपले गणतन्त्रवादी अभियान सञ्चालन गर्नका लागि परिस्थिति परिपक्व बनाएको कुराको तिनले चेत पाए। त्यसैले मूलधारका दलहरूले प्रयोग गर्दैआएका "प्रतिगमन विरोधी" र "पूर्ण प्रजातन्त्र" जस्ता अमूर्त नाराहरूको सट्टा उनीहरूले लोकप्रियतावादी गणतन्त्रवादी नाराहरू, विशेष गरेर व्यक्तिगत रूपले राजा र उनका अलोकप्रिय छोरा युवराज पारस विरुद्ध लक्षित नाराहरू लगाउन आन्दोलनकारीहरूलाई प्रोत्साहित गरे।

**ग्रामीण विद्रोहको सिर्जना।** मूलधारका दलहरूले कम्तीमा पनि नाम मात्रका हिसाबले आम हडतालको नेतृत्व गरेका भए तापनि देशभरि माओवादीहरूको वर्चस्व रहेको थियो। त्यसकारण ग्रामीण जनतालाई परिचालन गर्न उनीहरूको सक्रिय समर्थन र सक्रिय निर्देशनको आवश्यकता हुन गयो। उनीहरूले गाउँलेहरूलाई तिनका आफ्नै टोलछिमेकमा मात्र नभई जिल्ला र क्षेत्रीय सदरमुकामहरूका विरोध प्रदर्शनहरूमा पनि सहभागी हुन प्रोत्साहित गरे। साथै उनीहरूले ठूलो जनसमूहलाई काठमाडौं लैजाने योजना गरे तर त्यस योजनाले भने साकार रूप लिन पाएन।[••]

**जनतासँगको सम्बन्धमा सुधार।** माओवादीहरू बाहिरी संसारका अगाडि सम्झौताकारी अनुहार प्रस्तुत गरेर हालैका महिनाहरूमा आफूले आर्जन गरेको लोकप्रियतालाई अझ खँदिलो पार्न कटिबद्ध थिए। माओवादीहरू बन्दको आह्वान गर्ने कार्यमा आफूलाई श्रेयको हिस्सा नदिएको खण्डमा दलहरूसँग सम्बन्ध विच्छेद गर्न लालायित हुँदाहुँदै पनि यो उनीहरूलाई लचिलो र समावेशी बन्न हौसला दिने प्रमुख कारक थियो। उनीहरूले शान्तिपूर्ण आन्दोलनलाई आफ्नो समर्थन भएको कुरातर्फ ध्यानाकृष्ट गर्दै प्रेस वक्तव्यहरू जारी गरे, अनि काठमाडौं उपत्यकामा युद्धविरामको घोषणा गरे - यो एउटा त्यस्तो कदम थियो जुन उनीहरूको

---

[•] उक्त पूर्ण बैठकले "ढाडमा टेकेर टाउकामा हान्ने" नयाँ सैनिक रणनीति पारित गऱ्यो। यहाँ ढाड भनेर राजमार्गहरू र आपूर्ति मार्गहरू तथा टाउको भनेर मूलतः काठमाडौंलाई इङ्गित गरिएको हो। हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *Electing Chaos*, माथि उल्लेखित।

[••] अन्त्यमा उनीहरूले एउटै वक्तव्य अलग-अलग जारी गरे। गिरिजाप्रसाद कोइरालासँग लिइएको अन्तर्वार्ता, *The Kathmandu Post*, ३ अप्रिल २००६।

[••] प्रचण्ड र बाबुराम भट्टराईद्वारा जारी प्रेस वक्तव्य, १८ फेब्रुअरी २००६।

[••] प्रचण्ड र बाबुराम भट्टराईद्वारा जारी प्रेस वक्तव्य, १९ मार्च २००६।

[••] ३१ जनवरी २००६ मा पाल्पामाथि गरिएको आक्रमण यसै प्रक्रियाको एउटा अङ्ग थियो। प्रभाकरद्वारा १ फेब्रुअरी २००६ मा जारी गरिएको प्रेस वक्तव्य हेर्नुहोस्। उनीहरूले ५ अप्रिल २००६ मा मध्य तराईको सर्लाही जिल्लामा पनि आक्रमण गरे। "सैनिक हेलिकोप्टर ध्वस्त", *समय*, १३ अप्रिल २००६।

[••] माओवादीहरूले ६-९ अप्रिल २००६ तिर काठमाडौं उपत्यकामा ठूलो आक्रमण गर्ने योजना बनाएका थिए। अनेकौं हप्तादेखि गण्डक क्षेत्रको मूलतः पाल्पामा रहेका उप-कमान्डर प्रभाकरको नेतृत्वमा उनीहरूका केही डिभिजन सेना पश्चिमी कमान्डबाट काठमाडौंतर्फ परिचालित भएका थिए। क्राइसिस ग्रुपद्वारा लिइएका अन्तर्वार्ताहरू, काठमाडौं, अप्रिल २००६। अन्त्यमा आन्दोलनको अवधिमा माओवादीहरूद्वारा २३ अप्रिलमा काठमाडौं उपत्यकाको ठीक उत्तरमा अवस्थित सिन्धुपाल्चोकको चौताराको सञ्चार टावरमाथि एकमात्र प्रमुख आक्रमण गरिएको थियो। उक्त आक्रमणको राजनीतिक अभिप्राय स्पष्ट थिएन। "माओवादीद्वारा चौतारामा आक्रमण", ekantipur.com, २४ अप्रिल २००६।

[••] प्रचण्डद्वारा जारी प्रेस वक्तव्य, ३ अप्रिल २००६।

[••] काठमाडौंस्तरीय युद्धविरामप्रति उप-कमान्डर प्रभाकर प्रसन्न नभएको कुरा जानकारीमा आएको थियो। उनले आफ्ना फौजहरूलाई पश्चिमतर्फ फिर्ता गर्दा पाल्पा र रोल्पा-रुकुमको बीचमा कतै एकीकृत भएर ठूलो आक्रमण गर्लान् कि भनी शाही नेपाली सेनाले शङ्का गरेको थियो। क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, सैनिक खुफिया स्रोत, अप्रिल २००६।

[••] क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, काठमाडौं, अप्रिल २००६।

[••] क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, माओवादी स्रोतहरू, अप्रिल २००६।

पहिलेका योजनाहरूमा हुन वा नहुन पनि सक्थ्यो। उनीहरूले आफ्नो छवि सुधार्नका लागि नेपाली र अन्तर्राष्ट्रिय दुवै सञ्चारमाध्यमको कुशलतासाथ प्रयोग गर्दै मानवअधिकारको सम्मान गर्ने विषयमा आजसम्मको सबैभन्दा सबल सार्वजनिक प्रतिबद्धता पनि जारी गरे।**

**आफ्नै जनसभाहरूको आयोजन।** माओवादीहरूले दलहरूद्वारा नेतृत्व गरिएको आम हडताललाई दलहरूलाई समर्थन गर्ने प्रयासको समानान्तर रूपमा आफ्नो राजनीतिक जनपरिचालन कार्य पनि जारी राखे।

## ख) दबाबमा वृद्धि

आम हडतालमा जनसहभागिताको लहर ह्वातै बढेको देखेर दलहरू र माओवादीहरू दुवै आश्चर्यचकित भए। उनीहरूले आन्दोलन उठाउन निकै नै प्रयास गरेका भए तापनि आन्दोलनको ज्वार एक्कासि उर्लनुमा न त तिनको पूरापूर हात थियो न त यसमाथि उनीहरूको पूर्ण नियन्त्रण नै थियो।

### १. दलहरूको नियन्त्रण?

सुरुमा विरोध प्रदर्शनमा दलका कार्यकर्ता र नेताहरू विरलै देखापरे अनि तिनले नेतृत्व सह्मालेको पनि विरलै देखियो। कुनै पनि सङ्गठित विरोध प्रदर्शनको प्रतीकका रूपमा रहने दलका झन्डाहरू पनि छिटपुट मात्र देखिए। अधिकांश कोणसभा, भेला र जुलुस स्वःस्फूर्त प्रकृतिका थिए, जसलाई दलको केन्द्रीय योजनाको सट्टा स्थानीय अभियानकर्मीहरूले सह्मालेका थिए अथवा तिनले माओवादी कार्यकर्ताहरूबाट प्रोत्साहन पाएका थिए।** सहभागिहरूमा सर्वसाधारण जनता अत्यधिक थिए। तर मूलधारका दलका खाँट्टी कार्यकर्ताहरू वा माओवादी समर्थकहरू भने कमै थिए। ती सहभागीहरू मूलतः ती वर्गहरूका थिए जसले लोकतान्त्रिक राजनीतिलाई समर्थन गर्दै आएका थिए र चुन्न पाएको खण्डमा सम्भवतः तिनले अझै पनि मूलधारका दलहरूलाई नै मतदान गर्दा हुन्।

आन्दोलनमा दलहरूका विभिन्न मोर्चाका अभियानकर्मीहरू अर्थात् विद्यार्थी, युवा, मजदुर, महिला सङ्घहरू संलग्न थिए तर तिनले समन्वित रणनीतिअनुरूप काम गरेजस्तो देखिएन।** अन्ततः वरिष्ठ नेताहरू विरोध प्रदर्शनमा सामेल हुन थाले, तर तिनको त्यो सहभागिता पनि सर्वसाधारण सहभागीहरूसरह नै थियो। भाषण र परम्परागत कोणसभाहरू ज्यादै कम भए। प्रमुख नेताहरू राजाको दोस्रो घोषणापछि मात्र सार्वजनिक स्थलमा देखा परे। त्यसो हुँदाहुँदै पनि आन्दोलन माओवादीहरूको मातहतमा नभई आफ्नै मातहतमा रहोस् भन्ने कुरामा जोड दिन नेताहरू पछि परेका थिएनन्। नतिजास्वरूप बीबीसी नेपाली सेवाको १० अप्रिलको कार्यक्रममा गिरिजाप्रसाद कोइराला र माओवादी प्रवक्ता कृष्णबहादुर महराबीच ठूलो सार्वजनिक असहमति प्रकट हुन पुग्यो।**

### २. माओवादी परिचालनकर्ताहरू

आन्दोलन चर्काउनमा माओवादीको ज्यादै ठूलो भूमिका रह्यो। प्रचण्डले काठमाडौँ उपत्यका स्तरीय युद्धविरामको घोषणा गरुन्जेलसम्ममा सयौँ निःशस्त्र विद्रोहीहरू उपत्यकामा पसिसकेका थिए।** बाहिरी रूपले तिनले सातदलीय गठबन्धनको कार्यक्रमलाई सार्वजनिक रूपले समर्थन गरेका र अझ त्यसमाथि मूलधारका दलहरूका झन्डा र ब्यानरहरू बोकेका भए पनि वास्तवमा उनीहरू भित्रबाट भने आन्दोलनलाई हाँकिरहेका थिए। उनीहरू गणतन्त्रवादी नाराहरूलाई प्रोत्साहन दिन र भीडलाई बढी झडपकारी मुद्दामा प्रस्तुत हुन प्रेरित गर्नमा केन्द्रित थिए।** उनीहरूले आन्दोलनको चरित्र बदल्ने आशा गरेका थिए। उदाहरणका लागि, झडपको बीचमा सुरक्षाकर्मीका हतियारहरू खोसेर यस्तो कार्य गर्ने तिनको सोचाइ थियो। यस प्रकारका एक-दुई घटनाबाट विप्लवकारी असर पैदा होला भन्ने तिनको विश्वास थियो।**

प्रचण्डले ९ अप्रिलको दिन जारी आन्दोलनलाई समर्थन गर्न ६ बुँदे कार्यक्रमको घोषणा गरे :(१) कुनै पनि सरकारी निषेध विरुद्ध अवज्ञा गर्दै विरोध प्रदर्शन जारी राख्ने; (२) देशभरिका शाही सालिकहरू ध्वस्त पार्ने;[२६] (३) "श्री ५ को सरकार" लेखिएका सरकारी सूचनापाटीहरू हटाउने वा तिनलाई विरूप बनाउने;

** "माओवादीद्वारा मानवअधिकार एवं मानवीय सिद्धान्तप्रति प्रतिबद्धताको घोषणा", *जनादेश,* १८ अप्रिल २००६।

** क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता तथा अवलोकनहरू, काठमाडौँ, अप्रिल २००६।

** क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, काठमाडौँ, अप्रिल २००६।

** "यो हाम्रो संयुक्त कार्यक्रम हो"- महरा, "होइन, यो हाम्रो आफ्नै आन्दोलन हो"– कोइराला", nepalnews.com,११ अप्रिल २००६।

** क्राइसिस ग्रुपद्वारारा लिइएको अन्तर्वार्ता, काठमाडौँ, अप्रिल २००६।

** सुरक्षा फौज विरुद्ध आशयवश हिंसा थोपरिएका थोरै घटनाहरू मात्र जानकारीमा आएका थिए। गोङ्गबुमा प्रहरी अधिकारीहरूमाथि खुकुरी र फलामका डन्डीले आक्रमण गरियो भन्ने अपुष्ट समाचार सुनिएको थियो। उक्त घटना मूलधारका दलका समर्थकहरूबाट गरिएका होलान् भन्ने कुरामा प्रहरीको विश्वास थिएन। प्रहरी अधिकारीसँग क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, काठमाडौँ, १५ अप्रिल २००६। कीर्तिपुरमा १० अप्रिलमा प्रभावकारी शान्तिपूर्ण जनसभाको आयोजना गरिए तापनि त्यहीँका प्रदर्शनकारीले १६ अप्रिलमा बल्खुको भेलामा लाठी नचाएका थिए।

** क्राइसिस ग्रुपद्वारा लिइएको टेलिफोन अन्तर्वार्ता, माओवादी स्रोत, अप्रिल २००६।

** त्यति धेरै सालिक ध्वस्त पारिएनन् जसको एउटा कारण के हो भने लामो समयदेखि सुरक्षा फौजको प्राथमिकता ती सालिकहरूको सुरक्षा गर्नु रहेको थियो। तथापि १८ अप्रिलमा नेपालगन्जमा निर्माणाधीन ज्ञानेन्द्रको सालिक प्रतीकात्मक रूपले नष्ट गरियो। हेर्नुहोस् "मङ्गलबार विरोध प्रदर्शनको क्रममा एक प्रदर्शनकारीको मृत्यु, १०० जना घाइते", www.nepalnews.com, १९ अप्रिल २००६। ७ अप्रिलको दिन त्रिभुवन विश्वविद्यालय, कीर्तिपरमा राजा ज्ञानेन्द्रकी आमा कान्ति राज्यलक्ष्मीको सालिक ध्वस्त पारियो। हेर्नुहोस् "राष्ट्र तनावग्रस्त, उपत्यकामा ३०० गिरफ्तार", www.ekantipur.com, ७ अप्रिल २००६। ६ अप्रिलमा बुटवलमा ज्ञानेन्द्रका बाबु राजा महेन्द्रको सालिक ध्वस्त पारियो। हेर्नुहोस् "जिल्लाहरूमा २५० जना फक्राउ, दर्जनौँ घाइते", www.ekantipur.com, ६ अप्रिल २००६। आन्दोलन सफल भएपछि प्रदर्शनकारीहरूले सरकारी भवन सिंहदरबारको मूल द्वारबाहिरको पृथ्वीनारायण शाहको सालिकमाथि राजनीतिक झन्डाहरू फहराए। यस प्रकारका घटनाहरू घटेपछि सालिकहरूको संरक्षण गर्न कमजोर हतियार बोक्ने प्रहरीहरूको सट्टा शाही नपाली सेनाका सिपाहीहरूलाई तैनाथ गरियो।

(४) स्थानीय तहमा गणतन्त्रका घोषणाहरूलाई समर्थन गर्ने;•• (५) जनतालाई कर नतिर्न आग्रह गर्ने; र (६) बल प्रयोग गरेर राजमार्ग कब्जा गर्ने।••

माओवादी कार्यकर्ताहरूले रूख ढालेर र अन्य अवरोधहरू खडा गरेर नाकाबन्दी गर्ने आफ्नो अनुभव उपत्यकाका सडकहरूमा प्रयोग गरे। उनीहरूको उद्देश्य सुरक्षाकर्मीहरूमाझ हिंसात्मक प्रतिक्रियालाई भड्काउनु र त्यसबाट उत्पन्न हुने भद्रगोल स्थितिबाट फाइदा उठाउनु थियो। उनीहरूले कर्फ्युको अवधिमा काठमाडौँको केन्द्रका विभिन्न ठाउँहरूमा विभिन्न नाउँ प्रयोग गरी कोणसभाहरूको आयोजना पनि गरे। त्यस प्रकारको एउटा सभा "शान्तिपूर्ण सङ्घर्ष समिति" को ब्यानरमुनि मैतीदेवीमा सेना (शाही नेपाली सेना) का फौजहरूको ठीक अगाडि गरियो। घट्टेकुलोमा एक जना माओवादी कार्यकर्ताले नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) का कार्यकर्ताको भेषमा भाषण गरे।••

काठमाडौँको चक्रपथमा पर्ने विरोध प्रदर्शनको अर्को केन्द्र गोंगबुमा जनभावनालाई भड्काउने काममा मुख्य रूपले माओवादीहरूकै हात थियो। ललितपुरमा प्रहरीको गोलीले घाइते भएका दिनेश चापागाईं नाउँ गरेका माओवादी कार्यकर्ताले चार दिन अस्पतालमा उपचार गराए।•• यसबीच माओवादीहरूले झन्डैजसो पूरै नाकाबन्दी गरे, जसलाई सरकार स्वयंद्वारा घोषणा गरिएका कर्फ्युहरूले सघाउ पुऱ्याए। उपत्यकामा दैनिक उपभोगका वस्तुहरू दुर्लभ हुन थालेपछि सरकारले स्थितिमाथि आफ्नो नियन्त्रण गुमायो भन्ने भावना जागृत भयो।

यसै चरणतिर माओवादीको विद्यार्थी मोर्चा अनेरास्ववियु (क्रान्तिकारी) ले जनआन्दोलनमा आफू सक्रिय सहभागी भएको कुरा औपचारिक रूपले घोषणा गऱ्यो।•• उक्त सङ्गठनका अध्यक्ष लेखनाथ न्यौपानेले हडताल सुरु भएको केही दिनदेखि नै काठमाडौँ उपत्यकामा काम गर्न थालिसकेका थिए। त्यसैगरी माओवादी शिक्षक मोर्चाका प्रमुख गुणराज लोहनीले पनि काम गर्न सुरु गरेका थिए।•• ईश्वर पौडेलको संयोजकत्वमा गठित एघार सदस्यीय गणतान्त्रिक संयुक्त मोर्चा जस्ता थुप्रै "स्वतन्त्र" गणतान्त्रिक मोर्चाहरूका पछिल्तिर पनि माओवादीहरूको हात हुन सक्छ। १८ अप्रिलमा काठमाडौँ होटलमा आयोजित पत्रकार सम्मेलनमा पौडेलको नेतृत्वमा सो मोर्चा गठनको घोषणा गरिएको थियो।••

सातदलीय गठबन्धनका विरोध प्रदर्शनहरूमा भाग लिने क्रममा माओवादीहरूले साहस बटुलेर आफ्नै आमसभाहरूको आयोजना गरे। तिनले शाही नेपाली सेनाको इटहरीस्थित पूर्वी डिभिजन मुख्यालय नजिकै मोरङको पथरी बजारको मुख्य राजमार्गमा २४ अप्रिलका दिन एउटा आमसभाको आयोजना गरे।•• माओवादीका प्रथम डिभिजन कमिसार दिनेश शर्मा (सागर), छिन्ताङ-सुखानी स्मृति ब्रिगेड कमिसार अमृता थापा (सन्ध्या) र अन्य नेताहरूले उक्त भीडलाई सम्बोधन गरे। माओवादीले रोल्पा, रुकुम र सल्यान जिल्लाबाट हजारौँ नभए कम्तीमा पनि सयौँ मानिसलाई दाङको घोराहीमा आयोजित राजतन्त्र विरोधी प्रदर्शनहरूमा भाग लिन पठाए।••

### ३. व्यापक सहभागिता

व्यापक जनसहभागिता यस आन्दोलनको विशिष्ट विशेषता थियो। तर विभिन्न चरणमा विभिन्न अभिप्राय भएका अनेकौँ कोटिका विरोधकर्मीहरूले विरोध प्रदर्शनमा भाग लिएका थिए।

**पेसाकर्मी।** अनेकौँ पेसाकर्मी सङ्गठनहरूले आन्दोलनको समर्थन गर्दै अफ्ना सदस्यहरूलाई परिचालन गरे। यीमध्ये महिनौँदेखि विरोध प्रदर्शन गर्दै आएका (वकिल र पत्रकार) जस्ता कतिपय सङ्गठनहरू समावेश थिए अनि १९९० को जनआन्दोलनमा ज्यादै महत्वपूर्ण भूमिका खेलेका अन्य (चिकित्सक र शिक्षक जस्ता) सङ्गठनहरू त्यो बेलासम्म अपेक्षाकृत मौन रहेका थिए। जब चलचित्रका अभिनेता-अभिनेत्रीहरू र लोकप्रिय गायक-गायिकाहरू विरोध प्रदर्शनमा उत्रिए त्यसपछि आन्दोलनलमा जनसमूहको साँच्ची नै व्यापक सहभागिता भएको कुरा स्पष्ट भयो। आन्दोलनका अन्तिम दिनतिर सामान्यतः राजनीतिदेखि पर बस्ने विकासे पेसाकर्मीहरू र राजदूताबासका कर्मचारीहरूसमेत विरोध प्रदर्शनमा सामेल हुन पुगे।••

**नागरिक समाज।** नागरिक समाजका थुप्रै प्रमुख अगुवाहरूलाई विरोध प्रदर्शनहरू सुरु हुनुभन्दा निकै अघिदेखि नै थुनामा राखिएको थियो। उदाहरणका लागि, "लोकतन्त्र र शान्तिका लागि नागरिक आन्दोलन" का अगुवाहरू देवेन्द्रराज पाण्डे र कृष्ण पहाडी १९ जनवरी २००६ को आम गिरफ्तारीदेखि नै हिरासतमा रहेका थिए।•• तथापि राजनीतिक दलहरू अपेक्षाकृत अकर्मण्य अवस्थामा रहेको धेरै महिनाको बीचमा देशभरि सभा र जुलुसको आयोजना गर्न तिनले गरेका प्रयासहरू नै आन्दोलनको एक सारभूत आधार बनेका थिए। आन्दोलनले गति लिने क्रममा नागरिक समाजले दलका नेताहरूलाई जनताको मनोभावनाको कदर•• गर्न आग्रह गर्दै

---

•• यो घटना पहिले र प्रमुख रूपले चितवनमा घट्यो तर यो घटना अन्यत्र फैलिएन। हेर्नुहोस् "नेपालको क्षणभङ्कुर 'गणतन्त्र'", *The Telegraph*, ९ अप्रिल २००६।

•• प्रचण्डद्वारा जारी प्रेस वक्तव्य, ९ अप्रिल २००६।

•• क्राइसिस ग्रुपद्वारा काठमाडौँका घट्टेकुलो र मैतीदेवीमा गरिएका अवलोकनहरू, अप्रिल २००६।

•• माओवादी विद्यार्थी मोर्चा अनेरास्ववियु (क्रान्तिकारी) का अध्यक्ष लेखनाथ न्यौपानेसँग लिइएको अन्तर्वार्ता, *जनआस्था,* ३ मे २००६।

•• प्रेस वक्तव्य, अनेरास्ववियु (क्रान्तिकारी), १५ अप्रिल २००६।

•• क्राइसिस ग्रुपद्वारा लिइएका अन्तर्वार्ताहरू, माओवादी स्रोत, २० अप्रिल २००६।

•• "गणतान्त्रिक विद्यार्थी एकजुट", *जनएकता,* २४ अप्रिल २००६।

•• "मोरङमा गणतान्त्रिक सभा", www.krishnasenonline.org, १६ अप्रिल २००६।

•• बीबीसी नेपाली सेवाको समाचार, २२-२३ अप्रिल २००६।

•• क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, काठमाडौँ, १८-२२ अप्रिल २००६।

•• क्राइसिस ग्रुपको रिपोर्ट, *Nepal: Electing Chaos*, हेर्नुहोस्।

•• "दुवाकोटका बन्दीहरूद्वारा राजदूतलाई खुला पत्र", www.insn.org, २३ अप्रिल २००६।

वक्तव्यहरू जारी गरेर र कतिपय विरोध प्रदर्शनहरूको आयोजना गरेर राजनीतिक भूमिका निर्वाह गर्ने कार्य जारी राखे।••

**सञ्चारमाध्यम।** घरेलु प्रेस, रेडियो र टेलिभिजनहरूले जनआन्दोलनका सामाचारहरू व्यापक रूपले समेटेर आन्दोलनमा ज्यान भर्ने काम गरे। यो एउटा त्यस्तो परिदृश्य हो जुन १९९० को जनआन्दोलनमा थिएन। एफ.एम.हरूका घन्टैपिच्छेका बुलेटिनहरूले आन्दोलनबारे जनतालाई सुसूचित गराएर मोबाइल फोन बन्द गर्ने सरकारी कदमको असरलाई न्यून तुल्याउन ठूलो काम गरे। टेलिभिजनबाट प्रसारित समाचारहरूले देशभरिका रोमाञ्चक भीडहरूको प्रदर्शन मात्र गरेनन्, तिनले सरकारद्वारा जनाइएको हिंसात्मक प्रतिक्रिया विरुद्ध जनतामा आक्रोश पनि जगाए। उदाहरणका लागि, कलङ्कीमा नराम्रोसँग घाइते भएका प्रदर्शनकारीको दृश्य सँगसँगै राजा ज्ञानेन्द्रले उनको सुखसयलले सुसज्जित दरबारमा भारतीय दूत करण सिंहलाई स्वागत गरेको कान्तिपुर टेलिभिजनको प्रस्तुति चौतर्फी चर्चाको विषय बन्यो।••

**मानअधिकारकर्मी।** कोक्याप र इन्सेक जस्ता राष्ट्रिय मानवअधिकार सङ्गठनका सदस्यहरूले प्रदर्शनकारी र सुरक्षाकर्मीहरूबीचका झडपहरूको अनुगमन गरेर र मानअधिकार हनन गरिने कार्यलाई रोक्न स्थलगत पर्यवेक्षकका रूपमा काम गरेर बहादुरी प्रदर्शन गरे। यस कुराको राजनीतिक महत्व थियो भने सम्भवतः काठमाडौंका सयौं मानवअधिकार पर्यवेक्षकहरूमध्ये एक जना पनि शाही सरकारका पक्षमा थिएन। लोकतान्त्रिक मान्यताहरूप्रति प्रतिबद्ध हुनाको कारण उनीहरूको उपस्थिति पूर्णरूपले निष्पक्ष कदापि हुन सक्दैनथ्यो। तर विरोध प्रदर्शनकारीहरूमा भने यसले समर्थनको अतिरिक्त भावना सञ्चार गर्न सक्थ्यो। मानवअधिकारकर्मीहरूले मुखले र इन्टरनेट तथा विद्युतीय सञ्चारमा व्यापक रूपले वितरण गरिएका रिपोर्टहरूका माध्यमले विरोध प्रदर्शनसम्बन्धी जानकारी फिँजाउने काम पनि गरे।

**निजामती सेवा।** निजामती कर्मचारीहरूले भाग लिन थालेपछि आन्दोलनले थप गति प्राप्त गर्‍यो। यस्तो सहभागिता यसअघि कल्पनै नगरिने कुरा थियो। सबैभन्दा पहिले नेपाल दूरसञ्चार संस्थान र नेपाल विद्युत् प्राधिकरण जस्ता संवेदनशील सरकारी निगमका कर्मचारीहरू अघि सरे। अनि त्यसपछि राष्ट्र बैंकका कर्मचारीहरूले बैंक झन्डैजसो पूरै बन्द गरे। जिल्लाहरूका स्थानीय प्रशासनका अधिकृतहरूले काम बन्द गरे। दरबारद्वारा नियुक्त कतिपय क्षेत्रीय र अञ्चल प्रशासकहरू तथा जिल्ला विकास समितिका मनोनित अध्यक्षहरू कि त भागे अथवा भूमिगत भए। सुरक्षाकर्मीहरूका परिवारजनहरू प्रत्येकजसो सार्वजनिक विरोध प्रदर्शनमा सामेल भए। त्यसैगरी अवकाशप्राप्त सिपाहीहरू र प्रहरी अधिकृतहरू पनि सामेल भए। यी सारा प्रदर्शनकारीहरूले अन्य प्रदर्शनकारीको मनोबल उठाए र राज्ययन्त्रलाई ठप्प पारे। कहाँसम्म भने गृह मन्त्रालयका वरिष्ठ निजामती सेवकहरूसमेत राज्यहिंसा विरुद्ध हडतालमा उत्रे, जुन हिंसाका लागि सिद्धान्ततः उनीहरू स्वयं जिम्मेवार थिए।

**व्यापारिक समुदाय।** दरबारले व्यापारिक समुदायलाई आफूलाई समर्थन गर्ने थोरै ठोस खम्बाहरूमध्ये एक ठानेको थियो तर शाही कूपछि उनीहरूमाझ बिस्तारै असन्तोष बढिरहेको थियो।•• पहिले साना व्यापारीहरू विरोध प्रदर्शनमा सामेल भए। यसो हुनाको एउटा कारण के थियो भने आम हडतालले गर्दा उनीहरूलाई फुर्सद भयो। बन्दबाट आफ्नो आर्जनमा असर पर्नाले सबैभन्दा पहिले गुनासो गर्ने ट्याक्सी चालकहरूले पनि बन्दलाई सर्वत्र समर्थन गरे। जिल्लास्तरीय उद्योग वाणिज्य सङ्घहरूले एकपछि अर्को गर्दै आन्दोलनलाई समर्थन गर्ने घोषणा गरे।•• पर्यटन व्यवसायीहरूले पहिले व्यक्तिगत रूपले अनि त्यसपछि अफ्ना व्यावसायिक सङ्गठनहरूका झन्डामुनि उभिएर विरोध प्रदर्शन गरे। कहाँसम्म भने पाँचतारे होटलका कामदारहरूले समेत पाखुरामा कालो पट्टी बाँधेर हरेक दिन केही समय हडताल गरे। निजी बैंकहरू र अन्य महत्वपूर्ण उद्योगहरू स्वेच्छाले बन्द भए। निजी विद्यालयका सङ्घहरूले लोकतन्त्र फर्केपछि मात्र विद्यालय खोल्ने घोषणा गरे।

**आम जनता।** उल्लेखनीय कुरा के हो भने जनसाधारणले पहिलो पटक आम हडतालबारे सुरुदेखि नै कुनै गुनासो गरेनन्। जसले केवल भीडलाई आन्दोलनको शक्तिको सूचकका रूपमा हेरे तिनले त्यसको विस्तारको आकलन भने न्यून रूपले गरेका थिए। कम्तीमा पनि सहभागिताका चारओटा कोटीहरू थिए :(१) सङ्गठनकर्ताहरू र प्रेरणादाताहरू (मूलधारका दलहरू, माओवादी वा स्वतन्त्र व्यक्तिहरू); (२) सडकमा नारा लगाउँदै अगाडि लम्किने सक्रिय सहभागीहरू; (३) रमितेहरू र टहलुवाहरू, प्रदर्शनकारीहरूलाई पानी वा अरू प्रकारको मद्दत दिने मानिसहरू जस्ता अप्रत्यक्ष सहभागीहरू; र (४) घरमा बसेर अरू तरिकाहरूबाट समर्थन गर्ने मौन समर्थकहरू। उदाहरणका लागि, अनेकौं स-साना चन्दाहरूबाट घाइतेहरूको औषधोपचारका लागि ठूलो धनराशि सङ्कलन हुनु गहिरो जनसमर्थनको चिह्न थियो।•• यस काममा त्यस्ता युवा र विद्यार्थीहरूको भूमिका प्रमुख थियो जसमध्ये धेरैजसो राजनीतिक पृष्ठभूमिबाट आएका थिएनन्। कतिपय आलोचकहरूले युवाहरूको व्यापकतालाई हेरेर यो सजिलै उत्तेजित तुल्याउन सकिने समूह हो भनेका छन् तर यो व्यापकताले नेपालको जनसङ्ख्याको वितरणलाई झल्काउँछ जसमा आधा जनसङ्ख्या २५ वर्षमुनिका मानिसहरूको छ।

•• "नागरिक समाजका नेताहरू अमानवीय रूपले थुनामा", www.ekantipur.com, ९ अप्रिल २००६।

•• क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, काठमाडौं, २१-२२ अप्रिल २००६।

•• क्राइसिस ग्रुपको एसियासम्बन्धी जानकारी नम्बर ४१, *Nepal: Beyond Royal Rule*, १५ सेप्टेम्बर २००५, हेर्नुहोस्।

•• २१ अप्रिल २००६ मा पर्वत जिल्लामा भएको विरोध प्रदर्शनमा सुरक्षा फौजद्वारा नेपाल उद्योग तथा वाणिज्य सङ्घका पूर्व केन्द्रीय सदस्य गोविन्दनाथ शर्माको हत्या गरिएपछि उक्त समर्थन भावनात्मक रूपले सुदृढ भयो। सूर्य थापा, "जसले मृत्यु स्वीकारे", *हिमाल खबरपत्रिका*, २९ अप्रिल २००६, हेर्नुहोस्।

•• क्राइसिस ग्रुपद्वारा गरिएका अवलोकनहरू, काठमाडौं, अप्रिल २००६।

### ४. राजधानी घेराउ

अनेकौँ कारणले गर्दा काठमाडौँ सहरको केन्द्र नभएर चक्रपथ आन्दोलनको नाभिस्थल बन्न पुग्यो, जसको पहिलो कारणचाहिँ व्यावहारिक थियो। यसअघि काठमाडौँको केन्द्रस्थित आवासीय टोल-छिमेकमा भएका विरोध प्रदर्शनहरूलाई मुख्य सडकहरूमा पुग्नुअघि नै छेकिएको हुनाले तिनले आपसमा मिसिएर ठूलो भेलाको रूप लिन सकेका थिएनन्। रत्नपार्क वा दरबारमार्ग जस्ता परम्परागत केन्द्रीय स्थलहरूमा सुरक्षाकर्मीहरूद्वारा पहरा दिइएको थियो। चक्रपथ त्यो कर्फ्यु लगाइएको क्षेत्रको बाहिरी सिमाना थियो। त्यसकारण प्रदर्शनकारीहरू चक्रपथको वरिपरि किनारमा भेला हुनु स्वाभाविकै थियो।

हडताल सुरु भएपछि चक्रपथको ठीक बाहिर पर्ने सानो सहर कीर्तिपुरका नागरिकहरू समाचारको शीर्षक बन्न पुगे। अप्रिल १० को दिन तिनले सडकमा धर्ना दिएर शाही नेपाली सेनाका बख्तरबन्द गाडीहरूलाई छेके।•• त्यसै दिन कीर्तिपुरले एउटा विशाल जनसभाको आयोजना गऱ्यो, जहाँ विश्वविद्यालयका शिक्षकहरू, राजनीतिकर्मीहरू र नागरिक जोदाहाहरूका भाषणको साथै एक जना तरुण विद्यार्थीले स्वःस्फूर्त रूपले कविता वाचन गरेको सुन्न हजारौँ मानिस भेला भएका थिए। ती कविका कविता पछि टेलिभिजनबाट प्रस्तुत गरिँदा सिङ्गो राष्ट्र नै मुग्ध भयो।

गोंगबु र कलङ्की जस्ता ठाउँ विरोध प्रदर्शनका व्यवस्थित नाका बनेपछि आयोजकहरूलाई ती नाकामा भेला भएका मानिसहरूलाई एकसाथ जुटाएर विशाल भेलाको रूप दिन सजिलो भयो। १५ अप्रिलको दिन अलग-अलग ठाउँबाट आएका स-साना ऱ्यालीहरू बल्खु क्षेत्रमा एकसाथ मिसिँदा दसौँ हजारको भेला जुट्न पुग्यो। प्रतिक्रियास्वरूप प्रहरीले अश्रुग्याँस र रबरका गोली प्रहार गर्दा नेपाली काङ्ग्रेसकी पूर्व मन्त्री सावित्री बोगटीलगायत दर्जनौँ प्रदर्शनकारीहरू घाइते भए। भोलिपल्ट कलङ्की र कीर्तिपुरबाट आएको जुलुस बल्खुमा मिसिएर सहरभित्र पस्ने जमर्को गरे। त्यस क्रममा प्रहरीले चलाएको रबरका गोलीहरू लागेर १२ प्रदर्शनकारीहरू घाइते भए।

प्रदर्शनकारीहरूको बढ्दो सङ्ख्या र सुरक्षाकर्मीहरूको हिंसात्मक कारबाहीले एकअर्कालाई उत्तेजित तुल्यायो। ११ अप्रिलमा गोंगबुमा काठमाडौँ उपत्यकाको पहिलो सबैभन्दा ठूलो झडप भयो। उक्त झडपमा प्रहरीहरूले प्रहरी अतिरिक्त महानिरीक्षक रूपसागर मोक्तानको घरबाट निःशस्त्र प्रदर्शनकारीहरूमाथि धातुका गोली चलाए। सके आन्दोलनलाई सबैभन्दा धेरै उद्वेलित गर्ने घटना यही थियो।•• २० अप्रिलको दिन कलङ्कीमा गोली हान्नु नपर्ने अवस्थामा तीन जना प्रदर्शनकारी मारिँदा चर्कँदो आन्दोलनको आगोमा घिउ थपियो।

तर चक्रपथको महत्त्व व्यावहारिकभन्दा बढी अरू पनि थियो। कलङ्की देशको बाँकी भागका अधिकांश यात्रुहरू सहरमा प्रवेश गर्ने मुख्य प्रवेश नाका हो। यो सडक काठमाडौँ उपत्यकाको पश्चिमी भन्ज्याङ थानकोट भएर राजधानीमा आइपुग्ने नाका हो। गोङ्गबु लामो दूरीमा चल्ने वाहनहरूको बसपार्क हो। यहाँ मानिसहरू छ्यासमिस भएको बस्ती छ जहाँ सस्ता होटलहरू र भाडाका कोठाहरूमा थुप्रै बाहिरियाहरूले अस्थायी बसोबास पनि गरेका छन्। यी ठाउँको आन्दोलनमा काठमाडौँका रैथाने बासिन्दाहरूको भन्दा पनि बाहिरियाहरू र बसाइँ सरेर आउनेहरूको भूमिका प्रमुख थियो।

वरिपरिका गाउँहरूबाट थुप्रै प्रदर्शनकारीहरू आए। काठमाडौँ उपत्यकाको काँठ भनिने गैरसहरी क्षेत्रमा बसोबास गर्ने मानिसहरूको वर्ग र सामाजिक चरित्र सहरहरूमा बसोबास गर्ने मानिसहरूको भन्दा एकदमै फरक छ, जुन कुरा अनेकौँ प्रदर्शनहरूमा खुलस्त देखिएको थियो।•• सहरको केन्द्रभन्दा बाहिर जनपरिचालन गर्दा राजनीतिक दलहरूलाई थप फाइदा हुन गयो। त्यो के हो भने तिनले राजधानी नजिकैका क्षेत्रहरूमा तर सहरकेन्द्रित नागरिक आन्दोलनको पहुँचभन्दा बाहिर निरन्तर रूपबाट आफ्नो तागत देखाउन सके।••

१९९० को जनआन्दोलनमा काठमाडौँको नेवार समुदाय सहरी केन्द्रस्थित अफ्ना क्षेत्रहरूमा सरकारको नियन्त्रणलाई डामाडोल तुल्याउने गरी सहभागी भएको थियो। तर त्यसको दाँजोमा यसपाला भने तिनको सहभागिता निकै पातलो देखियो। यसो हुनाको एउटा कारण सुविख्यात नेवार नेताहरू (पद्मरत्न तुलाधर, मथुराप्रसाद श्रेष्ठ, मल्ल के.सुन्दर र श्याम श्रेष्ठ) को नजरबन्दी हुन सक्छ। तर यो न्यून सहभागितामा मूलधारका दलहरूले विगतमा कायम गरेको अलोकप्रिय कीर्तिमानबाट तिनमा पैदा भएको मोहभङ्गको भावना झल्केको हुन सक्ने सम्भाना बढी छ। नेवार समुदायलाई परिचालन गर्ने प्रयास नभएका होइनन्। उदाहरणका लागि, १५ अप्रिलमा गठन भएको लोकतान्त्रिक नेवार सङ्घर्ष समितिले भोलिपल्ट असनमा एउटा सानो भेला गऱ्यो र ज्यापू महागुठी नामक प्रतिनिधिमूलक संस्थाले मानवअधिकारको पक्षमा खडा हुन नेवारहरूलाई आह्वान गऱ्यो।••

कीर्तिपुरको विशाल प्रदर्शनमा नेवारहरूको उल्लेख्य उपस्थिति भए तापनि काठमाडौँ, पाटन र भक्तपुर जस्ता प्रमुख नेवार क्षेत्रहरूमा भने तिनको खासै उपस्थिति भएन। जनसमूह बाहिरबाट सहरभित्र पसेको घटनाले पनि यो तर्कलाई थप टेवा दिएको छ। यो बाहिरिया जमातले आखिरमा २२ अप्रिलमा कर्फ्युको घेरा तोड्यो। २५ अप्रिलमा जनसमूहद्वारा चक्रपथ वरिपरिबाट अनेकौँ प्रदर्शनहरू

---

•• क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, कीर्तिपुर, अप्रिल २००६।

•• मोक्तानको घरबाट पेस्तोलले गोली प्रहार गरेको तस्बिर खिचेबापत *The Kathmandu Post* का फोटोपत्रकार प्रकाश माथेमालाई "श्रीधर आचार्य राष्टिय पत्रकारिता पुरस्कार" प्रदान गरियो। उक्त तस्बिर सञ्चारमाध्यमको जनआक्रोशलाई उद्वेलित गर्ने शक्तिको उदाहरणका रूपमा तत्कालै इन्टरनेटमा प्रकाशित भयो र *The Kathmandu Post* तथा कान्तिपुरका १२ अप्रिल २००६ का अङ्कमा देखा पऱ्यो। "विश्व प्रेस स्वतन्त्रता दिवस मनाइयो", *The Kathmandu Post*, ४ मे २००६।

•• काठमाडौँको चक्रपथका विभिन्न स्थानमा क्राइसिस ग्रुपद्वारा लिइएका अन्तर्वार्ताहरू, अप्रिल २००६।

•• क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, काठमाडौँ, अप्रिल २००६।

•• "नेवार समुदाय सडकमा उत्रियो", *The Kathmandu Post*, १७ अप्रिल २००६।

गर्दै काठमाडौँलाई घेर्ने योजनाले आखिरमा राजालाई झुक्न बाध्य गरायो।

## ग) दरबारले किन गल्ती गर्‍यो?

### १. प्रति-रणनीति

व्याकुलता मुक्त देखिन प्रयास गरे तापनि शाही सरकार जनआन्दोलन सफल पो होला कि भनेर निकै अघिदेखि नै चिन्तित थियो। त्यसैले १९ जनवरीको दिन आम गिरफ्तारी गरेर अन्तर्राष्ट्रिय सहानुभूति गुमाउन तत्पर भयो। एउटा रिपोर्टअनुसार गृह र रक्षा मन्त्रालयले अप्रिलभन्दा पहिलेका ६ महिनामा दलहरूलाई परिचालित हुनबाट रोक्ने काममा ८१ करोड रुपियाँ खर्च गरे।•• उक्त रकम सुराकीहरूलाई ज्याला दिने र सुरक्षासम्बन्धी योजना बनाउने काममा खर्च गरिएको थियो तर जवाफदेही हुनु नपर्ने गरी बाँडिएको यो रकमको अधिकांश भाग लगत्तै हिनामिना गरिएको थियो।

सरकारको राजनीतिक प्रति-विद्रोहको नेतृत्व गृहमन्त्री कमल थापाले सह्मालेका थिए। उनले हडताल सुरु हुनुभन्दा निकै अघिदेखि नै माओवादीहरू सहरी विद्रोहलाई उक्साउनका लागि राजनीतिक दलहरूलाई प्रयोग गर्दैछन् भनेर पटक-पटक दाबी गरिसकेका थिए।•• यो तर्क पूरापूर गलत नभए पनि यसको सार्वजनिक प्रभाव कस्तो होला भन्ने कुराको आकलन भने ज्यादै निम्छरो तरिकाले गरिएको थियो। त्यसैले यस तर्कलाई ज्यादै कम मानिसले मात्र पत्याए भने धेरैजसोहिँ थापाले साधारण मानिस शाही सरकार विरुद्ध छैनन् भन्ने बहाना गर्न यो तर्कको प्रयोग गरेको देखेर क्रुद्ध भए। शाही सरकारसँग यसबाहेक कुनै पनि राजनीतिक रणनीति थिएन। विरोध प्रदर्शनले विशाल रूप लिएपछि राजा कठपुतली प्रधानमन्त्री नियुक्त गर्ने उही थोत्रो कार्यनीतिको पुनरावृत्ति गर्न विवश भए।

नेताहरूलाई गिरफ्तार गर्ने, सञ्चार-सूत्र विच्छेद गर्ने, कर्फ्यु लगाएर मानिसहरूलाई तर्साउने र हतियारले सुसज्जित सुरक्षा फौज प्रयोग गर्नेजस्ता विभिन्न तरिकाहरू प्रयोग गरेर विरोध प्रदर्शनहरूलाई नियन्त्रण गर्न र आन्दोलनको आँधीलाई रोक्न सकिएला भन्ने कुरामा थापा र दरबारका अरू सल्लाहकारहरूको विश्वास थियो। अधिकांश काठमाडौँबासीहरूमा मूलधारका दलहरूप्रति मोहभङ्गको भावना कायमै भएकोले विरोध प्रदर्शनको आह्वानलाई तिनले सुनेको नसुन्यै गर्लान् भनेर उनीहरू ढुक्क थिए।•• दलहरूका पहिले-पहिलेका प्रयासहरूका नतिजा हेर्दा यो अनुमान तर्कसङ्गत नै थियो तर यिनले जनताभित्र लुकेको भावनालाई बेवास्ता गर्दै तिनले ज्ञानेन्द्रको कुशासनप्रति देखाउने सहिष्णुताको भने ज्यादा आकलन गरे।

•• केदार सुवेदी, “आन्दोलन दबाउन रु. ८१ करोड”, *हिमाल खबरपत्रिका,* २९ अप्रिल-१४ मे २००६।

•• “आतङ्कवादीको सपना र अभीष्ट सरकारले सफल हुन दिनेछैन : गृहमन्त्री”, *गोरखापत्र,* २५ मार्च २००६।

•• क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, काठमाडौँ, अप्रिल २००६।

सरकारले सुरक्षाकर्मीद्वारा दमनचक्र चलाउने कदम प्रत्युत्पादक हुने कुरा महसुस गर्‍यो। अनि यसले सुरक्षाकर्मीहरूलाई विशेष गरेर काठमाडौँ उपत्यकामा हरहालतमा घातक शक्तिको प्रयोगबाट जोगिन कडा निर्देशन जारी गर्‍यो। त्यसपछिका थुप्रै घटनाहरूमा खिचातानीको बाबजुद प्रदर्शनकारीहरूलाई सह्माल्ने तरिकामा निकै मात्रामा पेसागत कौशल देखियो।

### २. कार्यनीतिक असफलताहरू

१९ दिनको आन्दोलनमा जम्मा १८ जनाको मृत्यु भएको पुष्टि हुन आएको छ।•• मृत्युको पहिलो घटना पूर्वी तराईको राजविराजमा घटेको थियो। ५ अप्रिलमा प्रहरीको गोलीबाट गम्भीर रूपले घाइते भएका एमाले कार्यकर्ता दर्शनलाल यादवको अस्पतालमा मृत्यु भयो। यी तराईबासीको हत्याले आसपासका क्षेत्रहरूमा आन्दोलनलाई रन्कायो। ८ अप्रिलमा सेनाद्वारा ३४ वर्षीय भीमसेन दाहालको हत्या गरिएपछि पर्यटकीय नगरी पोखरा उथलपुथलको अर्को क्षेत्र बन्न पुग्यो। काठमाडौँदेखि ३० किलोमिटरको दूरीमा रहेको भीमसेन दाहालको गृहनगर बनेपामा उनको दाहसंस्कार गर्न हिँडेका मलामीहरूमाथि सुरक्षाकर्मीहरूले गोली प्रहार गर्दा एक जना २२ वर्षे युवाको मृत्यु भयो। १९ अप्रिलको दिन पूर्वको झापा जिल्लामा सेनाद्वारा प्रदर्शनकारीहरूको हत्या गरिएपछि जनभावना झनै उद्वेलित भयो। यस घटनाले काठमाडौँमा झन् ठूलो विरोधको भावना पैदा गर्‍यो, अनि भोलिपल्ट कलङ्कीमा तीन जना प्रदर्शनकारी मारिए। यो राजधानीमा भएको मृत्युको पहिलो घटना थियो। त्यो बेलासम्ममा जनताको मनोभावनामा निर्णायक परिवर्तन आइसकेको थियो। त्यसकारण थुप्रै प्रदर्शनकारीहरू दलका प्रतीक-चिह्नहरूको सट्टा शहीदका तस्बिरहरू बोक्न थाले।••

राजाको व्यवहारले सुरुदेखि नै धेरै मानिसहरूको भावना परिवर्तन गरिदियो। राजा १७ फेब्रुअरीमा पोखरा गएका थिए। उनले तलाउकिनारको आफ्नो दरबारमा करिब दुई महिना बिताए।

•• मारिने प्रदर्शनकारीहरूमध्ये दर्शनलाल यादव, ५० (राजविराज), भीमसेन दाहाल, ३४ (पोखरा), तुलसी छेत्री (चितवन), शिवहरि कुँवर, २२ (पोखरा), भीमसेन पाण्डे, ३२ (नवलपरासी), हीरालाल गौतम, २५ (बारा), सेतु विक, २५ (नेपालगन्ज), राजन गिरी (झापा), सुरज विश्वास, २६ (झापा), दीपक कामी, २१ (कलङ्की, काठमाडौँ), वासुदेव घिमिरे (कलङ्की, काठमाडौँ), प्रद्युम्न खड्का, ३२ (कलङ्की, काठमाडौँ), सगुन ताम्राकार, १८ (बनेपा काभ्रे), यादवलाल लामिछाने, ५५ (बर्दिया), गोविन्दनाथ शर्मा, ५३ (पर्वत), मोहम्मद जहाँगिर, २३ (त्रिपुरेश्वर, काठमाडौँ), अनिल लामा (चाबहिल, काठमाडौँ) र चन्द्र बयलकोटी (त्रिपुरेश्वर, काठमाडौँ) थिए। यीमध्ये पाँच जनाको मृत्यु आन्दोलन पूर्ण भएपछि उपचार गराइरहेको अवस्थामा भएको थियो। स्थानीय नागरिकहरूले १९ अप्रिलको दिन झापामा मारिएका दुई जना प्रदर्शनकारीहरूको शव अझै हस्तान्तरण गरिएको छैन भनेर शाही नेपाली सेनामाथि आरोप लगाएका छन्। नेपाली सञ्चारमाध्यम र राजनीतिक दलहरूले २१ जनालाई “शहीद” घोषणा गरेका छन्। यिनमा मृत्युको पुष्टि भएकाहरू, झापामा मृत्यु भएको भनी आशङ्का गरिएका दुई जना र ८ फेब्रुअरीमा दाङमा मारिएका एमाले कार्यकर्ता उमेश थापा परेका छन्। आन्दोलनको क्रममा ६,००० प्रदर्शनकारी घाइते भए जसमध्ये १५ जनाको आँखाको दृष्टि गुम्यो, १६ जनाको टाउकामा गम्भीर चोट लाग्यो र काठमाडौँमा १५० का हात-खुट्टा भाँचिए। “संसदद्वारा छानबिन आयोग गठन गर्ने सङ्कल्प प्रस्ताव पारित”, *The Kathmandu Post,* ५ मे २००६।

•• क्राइसिस ग्रुपद्वारा गरिएको अवलोकनहरू, काठमाडौँ, अप्रिल २००६।

भनिन्छ, उनी आफ्ना ज्योतिषीको सल्लाहअनुसार त्यहाँ गएका थिए। आम हडताल सुरु भएपछि १४ अप्रिलमा नयाँ वर्षको सन्देशका रूपमा जारी गरिएको उनको पहिलो परम्परागत सार्वजनिक वक्तव्यमा उनले न त विरोध प्रदर्शनको चर्चा गरे न त्यसप्रति चासो भएको सङ्केत नै दिए। सुरक्षाकर्मीद्वारा प्रदर्शनकारीहरूको हत्याप्रति गरिएको क्षमायाचनाविहीन प्रतिक्रियाले परिस्थितिको मूल्याङ्कनमा भएका यस प्रकारका भूलहरूलाई झनै गम्भीर बनाइदियो। सुरक्षाकर्मीहरूले २० अप्रिलमा कलङ्कीमा मारिएका प्रदर्शनकारी दीपक विश्वकर्माको पोस्टमार्टम गर्न स्थानीय अस्पतालमा लगिएको शव सम्बन्धित डाक्टर र नातेदारहरूसँग सरसल्लाह नगरीकन जबर्जस्ती कब्जामा लिए। पोखरामा मारिएका भीमसेन दाहालको शव उनकी श्रीमतीलाई जानकारी नै नदिईकन उनको गृहजिल्ला काभ्रे पठाइयो। सेनामाथि नाम नखुलेका दुई जना प्रदर्शनकारीका शव लुकाएको आरोप लगाइएको छ।··

सरकारले कर्फ्यु तोड्न यति धेरै सर्वसाधारण मानिसहरू तत्पर होलान् भनेर कल्पना गरेको थिएन। तर लामो समयका कर्फ्युहरूबाट मानिसहरू यसरी आक्रोशित भए कि अत्यावश्यक वस्तुहरूको अभाव सिर्जना गर्ने र दैनिक जीवनलाई अस्तव्यस्त बनाउने दोष सरकारमाथि थोपरिएला भनेर हडतालकारी दलहरूले चिताएकै थिएनन्। सुरुमा कामदारहरू, खास गरेर निजामती कर्मचारीहरूले पूरा दिन काम गर्न पाउने गरी कर्फ्युको समय मिलाइएको थियो। तर आम हडतालको निहुँ पाएका कर्मचारीहरू बढ्दो सङ्ख्यामा घर बस्नाले कर्फ्युको सञ्चित असरबाट आधारभूत प्रशासन तीव्र गतिमा धराशयी हुँदै गयो।

सहरहरू वा जिल्लाहरूका सुरक्षासम्बन्धी कारबाहीहरूले माओवादीका क्रियाकलापहरूलाई सीमित तुल्याउन सम्भव भएन। मुख्य राजमार्गहरूबाट अवरोध हटाउन एकमुष्ट प्रयास गरिएन (यद्यपि एकाध स-साना वाहनहरू भने काठमाडौं आइपुगे)। काठमाडौंमा केही माओवादी कार्यकर्ताहरू फक्राउ परे तर ती उपत्यकामा सक्रिय रहेका विद्रोहीहरूमध्ये एक अंश मात्र थिए। १७ अप्रिलमा जमुनापुर, चितवन निवासी ललितपुर जिल्लाका सचिव रमेश रेग्मी (अमर) लाई गिरफ्तार गरियो।·· त्यसैगरी ललितपुरको सुनाकोठीका राजकाजी महर्जन (दीपक) र नुवाकोट थानसिंका भैरवबहादुर भण्डारीलाई १८ अप्रिलमा गोङ्गबुबाट गिरफ्तार गरियो।·· तर यी गिरफ्तारीहरूले माओवादीका प्रयासहरूमा खासै बाधा पारेनन्। कहाँसम्म भने माओवादीहरूले अफ्ना नाकै अघिल्तिर विरोध प्रदर्शनहरूको नेतृत्व गर्दा पनि सुरक्षाकर्मीहरूले कुनै प्रतिक्रिया जनाएनन्।

·· गोविन्द परियार, "स्वतन्त्रताका लागि उत्सर्ग", *समय,* ४ मे २००६ हेर्नुहोस्।

·· क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, काठमाडौं, अप्रिल २००६।

·· क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, काठमाडौं, अप्रिल २००६। नेपाल टेलिभिजनले पनि पोखरामा सात दलको विरोध कार्यक्रममा १६ अप्रिलको दिन पक्राउ परेका एक जना माओवादी कार्यकर्तालाई देखायो।

### ३. मन्त्रीहरू बेपत्ता

आन्दोलन सघन हुँदै जाँदा योजनाबद्ध राजनीतिक रणनीतिको अभाव झन् धेरै स्पष्ट र पङ्गु भएको देखिन आयो। सन् १९९० को आन्दोलनमा झैं जाइलाग्ने प्रयासहरू झन्डैजसो हुँदै भएनन्। सन् १९९० मा पञ्चायत समर्थक क्रियाकलापहरूको संयोजन र विरोधीहरूलाई निसाना बनाउनका लागि प्रत्येक जिल्लामा "प्रतिकार समितिहरू" गठन गरिएका थिए। पञ्चहरूलाई व्यवस्थाको पक्षमा ऱ्याली निकाल्ने जिम्मा दिइएको थियो भने मण्डलेहरूलाई प्रदर्शनकारीहरूलाई चुट्न र तर्साउन पठाइन्थ्यो।

त्यसको तुलनामा अप्रिल २००६ मा सरकारको त्यस प्रकारको सङ्गठित कारबाही शून्यप्रायः थियो। एक पटक कमल थापा, नीक्ष्यशमशेर राणा र तिनका समर्थकहरूले सरकार समर्थक ऱ्यालीको आयोजना गर्ने असफल प्रयास गरे।·· अघिल्ला महिनाहरूमा सक्रिय रहेका हिंसात्मक युवराज पारसका समर्थक गिरोहहरूका नाक-मुख कतै देखिएन।·· पछि कतिपय भक्तहरूले दरबारद्वारा नियुक्त स्थानीय अधिकारीहरू वा फेब्रुअरी २००६ मा दरबारको छत्रछायामा भएको नगरपालिकाको चुनावमा चुनिएकाहरूमध्ये कसैले पनि आन्दोलन विरुद्ध मुख देखाउन आँट गरेनन् भनेर गुनासो गरे।·· तिनले मुठ्ठीभर प्रमुख मन्त्रीहरूबाट बनेको मन्त्रिपरिषद्को राजनीतिक समिति कुनै योजना प्रस्तुत गर्न चुकेको अरोप पनि लगाए।

राजाले २१ अप्रिलमा गरेको पहिलो घोषणापछि प्रमुख मन्त्रीहरू लुके। त्यसपछि उनीहरू मूलभूत विभागीय दायित्व निर्वाह गर्न असमर्थ भए। राजा सरकारी टेलिभिजनमा बोलिरहँदा गृहमन्त्री कमल थापा अफ्ना रक्षक जवानहरूका आँखा छलेर बेपत्ता भए। सेनाले चारचौरास खोजेपछि मात्र उनको पत्तो पायो र उनलाई कर्फ्यु आदेशमा सही गर्ने जस्ता मूलभूत प्रशासनिक दायित्वहरू पूरा गर्नका निमित्त शाही सेनाको मुख्यालयमा आउन बाध्य तुल्याइयो।·· राजाको पहिलो घोषणालाई समर्थन गर्न एक जना मन्त्री पनि सार्वजनिक रूपले देखा परेन।

परराष्ट्र मन्त्रालयले लामो मौनतापछि २४ अप्रिलको अपराह्नमा राजदूतहरूलाई जानकारी गरायो। निमित्त परराष्ट्र सचिव हिराबहादुर थापाले सञ्चार सम्पर्क नगरिएको बारे क्षमायाचना गर्दै राजाको भर्खरैको घोषणाको आधा मनले समर्थन गरे यद्यपि त्यहाँ उपस्थित सबैले भने सत्ता असफल भएको महसुस गरे।·· त्यसअघि यस प्रकारका जानकारी प्रस्तुत गर्न पाउँदा आनन्दित हुने परराष्ट्रमन्त्री

·· क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, काठमाडौं, २० अप्रिल २००६।

·· सरकारले मण्डलेहरूका समूहहरूलाई आर्थिक तथा अन्य सहयोग गरेका खबरहरू प्रकाशित भए (उदाहरणका लागि, "भिजिलान्तेहरूलाई सित्तैमा एनटीसी सीडीएमए सेटहरू उपलब्ध", *The Himalayan Times,* ७ मे २००६) तर यो उपाय प्रभावकारी ठहरिएन।

·· क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, काठमाडौं, अप्रिल २००६।

·· क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, गृहमन्त्रीका अधिकारी, काठमाडौं, २९ अप्रिल २००६।

·· क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, काठमाडौं, २४ अप्रिल २००६। "परराष्ट्र मन्त्रालयद्वारा शाही घोषणा सम्बन्धमा विदेशी कूटनीतिज्ञहरूलाई जानकारी", nepalnews.com, २४ अप्रिल २००६, हेर्नुहोस्।

रमेशनाथ पाण्डे त्यहाँ उपस्थिति भएनन्। लुक्न जानुअघि शिक्षा मन्त्री राधाकृष्ण मैनालीले झैं आफ्नो अन्तिम सरकारी कार्यको रूपमा आफ्नो कार्यालयबाट अभियोगसम्बन्धी लिखत भएका फायलहरू हटाए भन्ने कुरा जानकारीमा आएको छ।[••]

## ३. राजाको पहिलो चालदेखि बाजीमाराइसम्म

### क) पहिलो खटपट

बढ्दो विरोध प्रदर्शन दुई हप्तासम्म जारी रहेपछि दमनबाट मात्र काम फत्ते नहुने कुरा महसुस गरियो। दलहरूलाई केही न केही नदिई नहुने भयो तर राजाले अझै फुटाऊ र शासन गर भन्ने उनका चल्तीका कार्यनीतिहरू प्रयोग गर्ने योजना बनाए। यस योजनाको उद्देश्य एउटा त्यस्तो सम्झौता प्रस्ताव अघि सार्नु थियो जसद्वारा मूलधारका बढ्ता चङ्ख स्वभावका सङ्कुचित तत्त्वहरूलाई लोभ्याएर जनआन्दोलनलाई फासफुस पार्न सकियोस्। दरबारका अनुचरहरूलाई दरबारप्रति सहानुभूतिशील राजनीतिज्ञहरूसँग तुफानी वार्ता गर्न खटाइयो। सूर्यबहादुर थापा, पशुपतिशमशेर राणा, लोकेन्द्रबहादुर चन्द जस्ता ठूला नाम भएका राजनीतिज्ञहरूले शाही फौजी कदमको समर्थन गर्न इन्कार गरेका भए पनि राजतन्त्रको राजनीतिक भूमिकाको निरन्तरताको रक्षा गर्ने अन्तिम प्रयासस्वरूप राजाले केही सहुलियतहरू दिएको खण्डमा उनीहरूलाई गोलबद्ध गर्न सकिएला कि भन्ने आशा थियो।

नेपाली काङ्ग्रेसका पूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई लामो समयदेखि अर्को कठपुतली प्रधानमन्त्री बनाइने दरबारका आदर्श पात्रका रूपमा रहेका थिए। उनलाई राजासँग भेट्न डाकियो अनि उनले सञ्चारमाध्यममा उत्साहजनक टिप्पणी गर्दै म हृदयले राजावादी हुँ र अब प्रजातन्त्र छिटै फर्किने कुरामा विश्वस्त छु भने। तर आफ्नो दलका सहकर्मीहरू र अरूहरूका कठोर सल्लाहरूले शाही चालका अगाडि नलत्रिन उनलाई हौस्याए।[••]

यसबीच नेपालको राजनीतिक स्थितिमा चासो राख्ने अन्तर्राष्ट्रिय समुदाय दलहरूसमक्ष न्यायोचित सौदाबाजी गर्न राजामाथि दबाब बढाइरहेको थियो। नयाँ दिल्लीले राजा ज्ञानेन्द्रसँग वार्ता गर्न वरिष्ठ काङ्ग्रेसी राजनीतिज्ञ तथा कश्मीरका अन्तिम महाराजका छोरा करण सिंहलाई विशेष दूतका रूपमा पठाएपछि यो कदम सफल होला भन्ने विश्वासका साथ अन्य प्रमुख शक्तिहरू पछि हटे। १९ अप्रिलको दिन नेपाल आइपुगेका सिंहले दलका वरिष्ठ नेताहरूसँग (नेपालमा सिंह अवतरण गरेको लगत्तै एमाले महासचिव माधवकुमार नेपाल हिरासतबाट छुटे) भेटघाट गरे, अनि त्यसको भोलिपल्ट राजासँग लामो निजी कुराकानी गरे। समस्याको समाधान शीघ्र आउने कुराको आशा व्यक्त गर्दै आफ्नो भ्रमणको बाँकी कार्यक्रम रद्द गरेर सिंह लगत्तै नयाँ दिल्ली फर्के।[••] भारतीय राजदूत शिवशङ्कर मुखर्जीले २१ अप्रिलमा राजासँग छलफल जारी राखे, अनि सातदलीय गठबन्धनका नेताहरू संसद पुनःस्थापनाको प्रस्ताव स्वीकार गर्न मञ्जुर भए। तर राजाले यस प्रकारको स्पष्ट प्रस्ताव अघि सारेनन् यद्यपि दरबारका सल्लाहकारहरूलाई भने राजा ज्ञानेन्द्रको बाचामा आफूले नयाँ प्रधानमन्त्रीको सल्लाहको

[••] "सरकारी कागजातहरू मन्त्रीहरूले लगे", *The Kathmandu Post*,२६ अप्रिल २००६। पाण्डेद्वारा यो समाचार अस्वीकार गर्दै सम्पादकलाई चिठ्ठी, *The Kathmandu Post*, २७ अप्रिल २००६। यदि मैनालीले दस्तावेजहरू हटाएका हुन् भने ती दस्तावेज मण्डले भिजिलान्तेसम्बन्धी हुन सक्छन्। पहिलेदेखि नै यस्ता भिजिलान्तेहरूको भर्ती र व्यवस्थापन उनको मन्त्रालयको नियन्त्रणमा रहेको खेलकुद परिषद्मार्फत हुँदै आएको थियो।

[••] John Cherian, "King-size crisis", *Frontline*,२२ अप्रिल २००६।

[••] "King sends Karan packing", *The Telegraph,* २१ अप्रिल २००६।

पालना गर्ने गरी संसदको पुनःस्थापनालाई निहितार्थमा स्वीकार गरियो भन्ने लागेको हुन सक्छ।••

जेजस्तो परिस्थितिमा राजाले पहिलो घोषणा गरे त्यसबाट दलहरूलाई यो प्रस्ताव इमानसाथ अघि सारिएको होइन भन्ने सङ्केत भइसकेको थियो। अहिंसात्मक नागरिक समाजका थुप्रै नेताहरू र मानवअधिकार रक्षकहरूलगायत बिनापुर्पच्छे थुनामा राखिएका अधिकांश राजबन्दीहरू हिरासतमै थिए। एमालेका दुई वरिष्ठ नेता झलनाथ खनाल र वामदेव गौतमलाई शाही घोषणा हुनुभन्दा केही घण्टा मात्र अघि नयाँ दिल्लीबाट फर्किंदै गर्दा विमानस्थलबाट गिरफ्तार गरिएको थियो। भट्टराईलाई प्रधानमन्त्री पद स्वीकार गर्न सम्झाइ-बुझाइ गर्ने प्रयत्न अन्तिम घडीसम्म जारी रह्यो। उनले अस्वीकार गरेपछि मात्र बाँकी रहेको विकल्प सातदलीय गठबन्धनलाई आमन्त्रण गर्नु हो भन्ने कुरा अनिच्छापूर्वक स्वीकार गर्न दरबार बाध्य भयो। यो कुरा स्पष्ट हुनासाथ दरबारभित्र पूर्वशर्तहरू राखेर संविधानसभाको घोषणा गर्नेबारे छलफल भयो।••

दसौँ हजार क्रुद्ध प्रदर्शनकारीहरूद्वारा काठमाडौँका सडकहरूमा कर्फ्युको अवज्ञा गर्दै सुरक्षा घेरा तोड्ने काम अत्यन्तै तनावपूर्ण भए तापनि राजाले आफ्नो घोषणाअघि दलहरूसँग सरसल्लाह गरेनन्, न त उनले यसबारे अग्रिम जानकारी नै दिए। यसबाट उनले साँच्चि नै सुगम तरिकाले सत्ता हस्तान्तरण गर्न इच्छा गरेका हुन् भन्ने कुरामा सन्देह पैदा भयो। उनी इमानदार हुँदा हुन् त स्थायी सङ्क्रमणको लागि वार्ता गरेर दलहरू प्रतिक्रिया जनाउन तत्पर छन् भन्ने कुरालाई सुनिश्चित गर्नु र सहमतिबाट बन्ने नयाँ सरकारलाई सत्ता हस्तान्तरण गर्नेबारे तत्काल घोषणा गरिनुपर्थ्यो।

आखिरमा २१ अप्रिलको दिन सरकारी टेलिभिजनमा देखा परेर राजाले "नासोको रूपमा आफूसँग रहेको" कार्यकारिणी अधिकार जनतालाई फिर्ता गर्ने प्रस्ताव अघि सारे। उनले सातदलीय गठबन्धनलाई आफ्नो रोजाइअनुसार प्रधानमन्त्रीको उम्मेदवार मनोनयन गर्न आमन्त्रण गर्दै यो प्रस्ताव प्रस्तुत गरे। यो प्रस्तावप्रति सडकहरूबाट तत्कालै प्रतिक्रियाहरू प्रकट भए भने राजनीतिक नेताहरूले यसप्रति गहिरो आशङ्का प्रकट गरे।

राजालाई सम्झौता गर्न र प्रजातन्त्र पुनःस्थापना गर्न निजी र सार्वजनिक दुवै तरिकाले दबाब दिइरहेको अन्तर्राष्ट्रिय समुदायले नेपाली जनता र तिनका प्रतिनिधिहरूका प्रतिक्रिया सुन्ने प्रतीक्षा नै नगरीकन शाही प्रस्ताव हत्तपत्त स्वीकार गरे।•• भारतीय विदेश मन्त्रालयले ज्ञानेन्द्रको "राज्यका सबै कार्यकारिणी अधिकार सात राजनीतिक दलको गठबन्धनद्वारा बन्ने सरकारलाई हस्तान्तरण गर्ने अभिप्रायको" वक्तव्यलाई तत्कालै स्वागत गऱ्यो।•• संयुक्त राज्य अमेरिकाले प्रधानमन्त्री र मन्त्रिपरिषद्को चयन गरेर छिटो प्रतिक्रिया जनाउन दलहरूलाई आग्रह गऱ्यो।•• चीनले पनि राजाको कदमको यस्तै भाषामा स्वागत गऱ्यो।•• बेलायती वैदेशिक कार्यालयका मन्त्री किम होवेल्सले दलहरूलाई "रचनात्मक रूपले एकसाथ काम गरेर यो सरकार खडा गर्न" आह्वान गर्दै घोषणाको स्वागत गरे।•• राष्ट्रसङ्घका महासचिव कोफी अन्नानले राजाको कदमको "नतिजास्वरूप प्रजातान्त्रिक व्यवस्था तीव्र गतिमा पुनःस्थापित भएर द्वन्द्वको अन्त्य हुनाको साथै संवादको समावेशी प्रक्रियाद्वारा दिगो शान्तिको स्थापना हुने" आशा गरे तापनि यसको विशेष स्वागत भने नगरी झनै सावधानीपूर्ण वक्तव्य जारी गरे।•• यस प्रकारका चातुर्ययुक्त प्रतिक्रियाहरूबाट भीड अलमलिनु र नेपाली सञ्चारमाध्यमले यिनमाथि उति ध्यान नदिनु कुनै आश्चर्यको कुरा होइन।••

## ख) दलहरूद्वारा प्रस्ताव अस्वीकार

तर व्यापक जनता र सातदलीय गठबन्धनले भने राजाको प्रस्तावलाई ठाडै अस्वीकार गरे। सरकार र प्रतिपक्षमा तिनको कीर्तिमान उति राम्रो नभए तापनि दलहरूले देशको मनस्थितिको राम्ररी मूल्याङ्कन गरेर सिद्धान्तनिष्ठ र व्यावहारिक अडान लिए। राजाको प्रस्ताव अस्वीकार गरेर तिनलाई थप जनविश्वास प्राप्त भयो र यसबाट उनीहरू अर्को चरणको विरोध प्रदर्शनलाई जिम्मेवारीका साथ मार्गदर्शन गर्ने स्थितिमा पुगे।

राजाको घोषणा झट्ट हेर्दा राम्रो लाग्ने सम्झौताहरूको लेप लगाएर बडो सावधानीसाथ तयार पारिएको थियो। अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले राजाले आफू पछि हटेर जनतालाई सत्ता फर्काउने प्रस्ताव गरेका छन् भनेर समाचार सम्प्रेषण गरे तापनि घोषणामा ज्यादै न्यून अधिकारहरू दिएर बडो भावोत्तेजक ढङ्गले यसको तानाबाना बुनिएको थियो। दलहरूले निम्नलिखित आधारमा यसलाई अस्वीकार गरे :

---

•• राजाले आफ्नो घोषणाभन्दा पहिले महान्यायाधिवक्ता लक्ष्मीबहादुर निरालासँग परामर्श लिएका थिए। निरालाले सातदलीय गठबन्धनको कार्यकारी अधिकारसहितको सरकार गठन गर्न राजाद्वारा संसदको पुनःस्थापना गरिनु जरुरी छ भनी परामर्श दिइएको हुन सक्छ। "धारा ३५ अन्तर्गतको सरकारले राजनीतिक निर्णय गर्न सक्छ : महान्यायाधिवक्ता निराला", nepalnews.com,२४ अप्रिल २००६।

•• तर यो विचारलाई लत्याइयो। क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, दरबारिया स्रोत, काठमाडौँ, अप्रिल २००६।

•• अमेरिकी राजदूत जेम्स मोरिआर्टीले त्यो दिन सबैरै पत्रकारहरूसँग भेटघाट गरी भनेका थिए, "राजाको समय सकिँदैछ। राजाले सम्झौता नगर्ने हो भने अन्ततः उनले देश छाड्नु पर्नेछ। 'अन्ततः' भन्नुको मेरो अभिप्राय ढिलो होइन छिटो हो", http://edition.cnn.com/2006/WORLD/asiapcf/04/21/nepal.ap/index.html.

•• "नेपालसम्बन्धी वक्तव्य", विदेश मामिलासम्बन्धी मन्त्रालय, नयाँ दिल्ली, २१ अप्रिल २००६।

•• "राजा ज्ञानेन्द्रको अप्रिल २१ को भाषण", विदेश विभागका प्रवक्ता सियान म्याककोर्म्याकको वक्तव्य, २२ अप्रिल २००६।

•• गोपाल शर्मा, "नेपालका सडकहरूमा आंशिक विजय, आंशिक विरोध", http://www.alertnet.org/thenews/newsdesk/B164965.htm.

•• "होवेल्सद्वारा नेपालका राजाले राजनीतिक दलहरूलाई सत्ता हस्तान्तरण गर्ने कार्यको स्वागत", बेलायती विदेश मन्त्री किम होवेल्सको वक्तव्य, २१ अप्रिल २००६।

•• "महासचिवद्वारा नेपालका राजाको जनतालाई कार्यकारी अधिकार फिर्ता गर्ने घोषणाको स्वागत", संयुक्त राष्ट्रको वक्तव्य, २१ अप्रिल २००६।

•• उदाहरणका लागि, "राष्ट्रसङ्घ, संयुक्त राज्य अमेरिका, युरोपेली युनियन र क्यानडाद्वारा गरिएको शाही घोषणाको स्वागत", www.nepalnews.com, २२ अप्रिल २००६ हेर्नुहोस्।

- स्वतन्त्र रूपले निर्वाचित संविधानसभाद्वारा नयाँ संविधान निर्माण गर्ने मान्यतामा आधारित दलहरूको शान्तितर्फको मार्गचित्र राजाले स्पष्टरूपले अस्वीकार गरे। नोभेम्बर २००५ मा दलहरूले माओवादीसँग गरेको समझदारीको गाँठी कुरा यही थियो र विद्रोहीहरू निःशस्त्र भएर मूलधारको राजनीतिमा प्रवेश गर्ने मूलभूत शर्त पनि यही हो। यो माओवादीहरूसँग व्यवहार गर्ने एकमात्र यथार्थपरक योजना हो किनभने यसमा समस्याको सैनिक समाधान छैन। सेनाद्वारा गरिने प्रति-विद्रोहसम्बन्धी प्रयासहरूले त विद्रोहीहरूलाई दरिलो मात्र बनाएको छ।

- राजाले केवल जनवरी २००५ को यथास्थितिमा फर्किने प्रस्ताव मात्र अघि सारे। अर्को शब्दमा भन्ने हो भने उनले अक्टोबर २००२ मा पहिलो पटक सत्ता हत्याएपछिका तीन जना बेतनभोगी प्रधानमन्त्रीसरह जागिरको सुरक्षा हुने गरी नयाँ प्रधानमन्त्री पदको प्रत्याभूति गर्ने प्रस्तावमात्र अघि सारे। यी तीनै जना प्रधानमन्त्रीलाई उनी आफैले नियुक्त गरेर आफैले पदच्युत गरेका थिए। यो पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाको टिप्पणी हो। देउवाका अनुसार उनलाई जून २००४ मा यसै आधारमा नियुक्त गरेर फेब्रुअरी २००५ मा राजाले पदच्युत गरी बन्दी बनाएका थिए।

- दरबारद्वारा वितरण गरिएको भ्रामक “अनौपचारिक” अङ्ग्रेजी अनुवादमा जेसुकै भनिएको भए पनि राजाले जनता “सार्वभौमसत्ताका स्रोत” हुन् भन्ने कुराको चर्चा गरेनन्। वास्तवमा उनले “राज्यसत्ता जनतामा निहित” रहेको चर्चा मात्र गरे यद्यपि सन् १९९० को संविधानमा सार्वभौमसत्ता जनतामा निहित भएको कुरा किटानीसाथ भनिएको छ।[••]

- राजाले प्रतिनिधिसभाको पुनःस्थापना गर्ने चर्चा पनि गरेनन्। यो चर्चाबिना मन्त्रिपरिषद्लाई विधायकी अधिकार हुने कुरा स्पष्ट भएन, अनि फेब्रुअरी २००५ देखियता राजाले जारी गरेका अध्यादेश र अन्य कदमहरूलाई उल्ट्याउन सकिने कुराको प्रत्याभूति पनि गरिएन। संसदको पुनःस्थापना दलहरूको लामो समयदेखिको माग थियो। त्यसैले पुनःस्थापनातर्फको बाटोबारे राजाको मौनता अर्थपूर्ण थियो। नयाँ मन्त्रिपरिषद् पुनःस्थापनाको प्रश्नमा सहमत भएको खण्डमा पनि न्यायपालिकामाथि दरबारको प्रभाव हुनाको कारण सबै कुराको निर्णय प्रत्यक्ष वा परोक्ष रूपले दरबारबाटै हुन्थ्यो।

- शाही नेपाली सेना कसको नियन्त्रणमा रहने भन्ने विषयमा पनि राजा बोलेनन्। सन् १९९० को प्रजातान्त्रिक संविधानअन्तर्गत पनि यथार्थमा सेना शाही नियन्त्रणमै थियो। फेब्रुअरी २००५ मा कू गर्ने कदमको हकमा मात्र नभएर देशमाथि शासन चलाउने कार्यमा समेत राजाको शक्तिको प्राथमिक स्रोत यही सेना भएको छ। सेनामाथि आफ्नो नियन्त्रण नहुने सरकार अख्तियारविहीन हुन्छ र त्यो दरबारको छायाँ बन्ने प्रबल सम्भावना रहन्छ।

- राजाले व्यक्त वा अव्यक्त रूपले अब उप्रान्त धारा १२७ को प्रयोग नगर्ने प्रस्ताव पनि अघि सारेनन्, जुन धारा राजाले अधिकारको अभ्यास गर्ने र तजबिजी काइदाले सारा अधिकार खोसेर लिने आधार बनेको छ। उनले संसद नभएको बखतमा आफूलाई हुकुमद्वारा कानुन बनाउन पाउने असीमित छुट हुने अर्थमा यो धाराको व्याख्या गरेका छन्।

- राजाको असंवैधानिक तरिकाले प्रजातन्त्रलाई भङ्ग गर्ने कार्यहरू हेर्दा उनको “संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रप्रतिको अटल प्रतिबद्धता” को पुनःपुष्टि खोक्रो देखिन्छ।

विद्यमान मन्त्रिपरिषद्लाई कायम राख्नाले स्थायित्वलाई फर्काउने कार्यमा कुनै योगदान नहुनु स्वाभाविकै हो। उक्त मन्त्रिपरिषद्का धेरैजसो मन्त्रीहरू १९९० को प्रजातान्त्रिक आन्दोलनलाई दबाउने भूमिका खेलेको कारण चारैतिर बद्नाम हुनुको साथै दोषी मानिएका थिए। राजनीतिक दलहरूमाथि “राष्ट्रको हितमा संवादमा प्रवेश गर्न” गरिएको आह्वान स्वीकार नगरेको दोष थोपर्ने कार्यले विश्वासको वातावरण सिर्जना गर्न सघाउ पुऱ्याएन। सिङ्गो घोषणा अफ्ना कदमहरूको औचित्य सिद्ध गर्ने र फेब्रुअरी २००५ मा सत्ता लिने भाषणमा र त्यसपछि रेखाङ्कित गरिएका राजाका योजनाहरूको श्रेष्ठताको पुनर्पुष्टि गर्नमै केन्द्रित थियो।

घोषणामा जनताले अफ्ना कदमहरू स्वीकार गरेको विषयमा गरिएको तर्क पनि ज्यादै कमजोर थियो। भाषणको सुरुमा आफूले गरेको कू र त्यसपछिका कामकारबाहीहरूलाई जनसमर्थन प्राप्त भयो भन्ने जिद्दी विवादास्पद थियो। राजाले खुला रूपले क्षमा माग्लान् भनेर जनताले अपेक्षा नगरे पनि कमसेकम पश्चात्तापको केही न केही सङ्केत त आउला कि भनेर आशा गरेका थिए। “आफ्नो गौरवमय परम्पराको बिँडो थाम्ने” कार्यमा सुरक्षाकर्मीहरूले प्रदर्शन गरेको कर्तव्यपरायणता, बहादुरी र अनुशासनको प्रसङ्गले बितेका दिनहरूमा दर्जनौँ शान्तिपूर्ण प्रदर्शनकारीहरू मारिएर र अरू सयौँ घाइते भएर ज्यादै दुःखित भएका मानिसहरूका हृदयमा गहिरो ठेस पुऱ्यायो।

## ग) गलत कूटनीतिक आकलनहरू

यथासम्भव दयालु दृष्टिले व्याख्या गर्न खोज्दा, कूटनीतिक समुदायद्वारा दलहरूलाई राजाको प्रस्ताव स्वीकार गर्न गरिएका एकीकृत प्रयासहरू राष्ट्रिय मनोभावना र मूलधारको राजनीतिक

[••] यो सरल कार्यनीति संयुक्त राज्य अमेरिकालाई अन्योलमा पारेर अमेरिकी विदेश विभागलाई “राजा ज्ञानेन्द्रको आजको सन्देशले सार्वभौमसत्ता जनतामा निहित छ भन्ने कुरालाई स्पष्ट पारेकोमा हामी प्रसन्न छौँ” भन्ने कुरा जनाउनतर्फ उन्मुख गरायो। “राजा ज्ञानेन्द्रको २१ अप्रिलको भाषण”, अमेरिकी विदेश विभागका प्रवक्ता सियान म्याककोर्म्याकको वक्तव्य, २२ अप्रिल २००६।

नेतृत्वका खुला विकल्पहरूको गम्भीर रूपले गलत बुझाइमा आधारित थिए। भारत, चीन, संयुक्त राज्य अमेरिका र संयुक्त अधिराज्यले दलहरू र राजाको बीचमा अनुचित सम्झौता गराउन जानाजान जिद्दी गरे। अरू कतिपय देशले यसको समर्थन गरे तर जापान, स्वीट्जरल्यान्ड र नर्वे जस्ता अनेकौं प्रमुख दातृ मुलुकहरूले भने घरेलु प्रतिक्रियाको मूल्याङ्कन नगरुन्जेलसम्म न्यायिक मौनता अपनाए।

युरोपेली सङ्घले एउटा वक्तव्य जारी गऱ्यो जसमाथि काठमाडौंस्थित आफ्नो नियोगका प्रमुखहरू २१ अप्रिलको बिहान सहमत भए।•• वक्तव्यमा राजाले अघि सारेको प्रस्तावको चर्चा गरिएको थिएन तर अस्ट्रियाका विदेशमन्त्रीले पत्रकारहरूको जिज्ञासाको उत्तर दिने क्रममा अन्य सदस्य राष्ट्रहरूसँग परामर्श नगरीकन युरोपेली सङ्घको अध्यक्ष मण्डलका तर्फबाट राजाको कदमको स्वागत गरे। यो गलत मूल्याङ्कनमा आधारित प्रतिक्रिया थियो जसले कैयौं कूटनीतिज्ञहरूलाई विशेष प्रतिनिधि नियुक्त गरेर युरोपेली सङ्घभित्रको समन्वयलाई सुधार्नु आवश्यक भएको कुरा महसुस गरायो।•• तथापि, युरोपेली सङ्घका काठमाडौंस्थित दूत भने बेलायतको दृष्टिकोणलाई पछ्याउँदै २२ अप्रिलमा राजाको प्रस्ताव स्वीकार गर्न दलहरूलाई दबाब दिने संयुक्त अभ्यासमा सामेल भए। माथि भनिएझैं राजाको प्रस्तावमाथि संयुक्त राष्ट्रसङ्घको स्वीकृति बढी सतर्कतापूर्ण थियो। तैपनि प्रदर्शनहरूमा राष्ट्रसङ्घ विरोधी प्लेकार्डहरू देखिए र मानवअधिकार उच्चायुक्तको कार्यालयका कर्मचारीहरूले सर्वसाधारण प्रदर्शनकारीहरू-द्वारा आफ्नो आलोचना गरिएको विषयमा रिपोर्ट गरे।••

यी प्रयासहरू असफल हुनु अवश्यम्भावी थियो। दलहरूले राजाको घोषणालाई जसरी बुझे त्यसको आधारमा सम्झौताका लागि ठाउँ नै थिएन। जनविश्वास तथा जनआन्दोलनलाई आफ्नो नियन्त्रणमा राख्ने अवसरलाई बलि चढाएर मात्र सम्झौता हुन सक्थ्यो। राजाको घोषणाको भोलिपल्ट काठमाडौंमा आन्दोलन सुरु भएदेखि यताको व्यापक जनसहभागिता भएको सबैभन्दा ठूलो भीड देखियो। उक्त प्रदर्शनले राजको प्रस्ताव र र त्यसप्रति अन्तर्राष्ट्रिय समुदायको स्वीकृतिलाई निर्णायक रूपले अस्वीकार गरेपछि आफ्नो विश्वसनीयतालाई बलि चढाउनेमा अन्तर्राष्ट्रिय समुदाय पऱ्यो। शाही कूपछि दल र नागरिक समाजका जोदाहाहरूमध्ये धेरैले बाहिरी विश्वको सहयोगको अपेक्षा राखेका थिए। अहिले तिनले उक्त समुदायद्वारा आफूप्रति विश्वासघात गरिएको अनुभूति गरे।

"पहिले कहिल्यै त्यस्तो कारण थियो नै भने पनि अब तिनीहरूसँग बाँड्ने पैसा छ भन्दैमा हाम्रा अन्तर्राष्ट्रिय मित्रहरू र साझेदारहरू हामीभन्दा बुद्धिमान् र चलाख छन् भन्ने कुराको अनुभूति गर्नुपर्ने कुनै कारण छैन," नागरिक समाजका अगुवा देवेन्द्रराज पाण्डेले लेखे- "सम्बन्धित दातृ संस्था र कूटनीतिज्ञहरूमा यो देश, यसको इतिहास, यहाँका जनता र तिनका अभिलाषाहरूसम्बन्धी ज्ञान र संवेदनशीलता कति कम छ भन्ने कुरा यसरी उदाङ्गियो कि अब तिनलाई अफ्ना गलत सन्देशहरू हामीले सुनिदिउँला भनेर अपेक्षा गर्ने कुनै अधिकार छैन जुन सन्देशहरू निःसन्देह बारम्बार आइरहनेछन्।"•• राजनीतिक टिप्पणीकार सीके लालले "घरेलु राजनीति र अन्तर्राष्ट्रिय दबाबबीचको कडी अभूतपूर्व रूपले टुट्न गएको छ" भनेर सजग गराए।••

"म र अरू धेरै मानिसहरू काठमाडौंस्थित हाम्रा प्रतिनिधिहरू राजासँग सम्झौता हुने सम्भावना अझै छ भन्ने कुरामा साँच्चि नै विश्वस्त होलान् कि भनेर ज्यादै चिन्तित थियौं," संयुक्त अधिराज्यका एक अति सम्मानित नेपालविद् माइकल हटले लेखे- "संयुक्त राज्य अमेरिका र युरोपेली सङ्घको त कुरै नगरौं, के हाम्रो सरकारले आर्थिक सहयोग गर्ने गरेका देशहरूका आन्तरिक राजनीतिक गतिशीलताहरूलाई उचित तरिकाले बुझ्छ?"•• एक जना पश्चिमा राजदूतले "नेपाललाई नबुझ्ने त माइकल हट पो हुन्" भनी उग्र प्रतिक्रिया दिँदै "विदेशीप्रति घृणाभाव राख्ने वामपन्थी अखबारहरू र आधारहीन व्याख्याहरूमा संशयहीन तरिकाले विश्वास गर्ने" भनेर माइकल हटमाथि आरोप लगाए।••

कूटनीतिक समुदायले स्थितिको बुझाइमा यति ठूलो भूल किन गरे त?

**सीमित अनुसन्धान र रिपोर्टिङ।** काठमाडौंमा भएका विरोध प्रदर्शनहरूको व्यापकता, मनोदशा र अभिप्रायको धरातलीय मूल्याङ्कन गर्ने कार्य कूटनीतिज्ञहरूले विरलै गरे। राजाको २१ अप्रिलको घोषणाप्रति तात्तातै प्रतिक्रिया दिएर त्यसै दिन साँझ भीडहरूका बीचबाट "विश्वासघात" र "धोखा" भन्दै प्रकट भएका क्रुद्ध चित्कारहरूलाई जनताले राजाको प्रस्तावलाई अस्वीकार गर्ने सम्भावनाका पर्याप्त लक्षण मानिनुपर्थ्यो। तर राजदूतावासका अधिकारीहरूले आफ्नो वृत्तबाट बाहिर निस्केर स्थितिलाई सूक्ष्म दृष्टिले नियाल्ने काम गरेनन्। कतिपय अवस्थामा प्रमुख अधिकारीहरू दूतावासमै थिएनन्। सुरक्षासम्बन्धी चिन्ताका कारणले अमेरिका अफ्ना आवश्यक नपर्ने कर्मचारीहरूलाई दूतावासबाट अन्यन्त्र सार्न र तिनलाई विरोध प्रदर्शनहरूबाट अलग्गै बस्ने व्यवस्था मिलाउनमै केन्द्रित रह्यो।

---

•• "नेपालको वर्तमान अवस्थाबारे युरोपेली सङ्घको अध्यक्ष मण्डलका तर्फबाट जारी वक्तव्य", www.austria.org/index.php?option=com_content&task= view&id=152&Itemid=30,२१ अप्रिल २००६।

•• क्राइसिस ग्रुपद्वारा युरोपेली सङ्घका कूटनीतिज्ञहरूसँग लिइएका अन्तर्वार्ताहरू, काठमाडौं, अप्रिल-मे २००६। युरोपेली सङ्घको विशेष प्रतिनिधिका लागि पहिलेकै प्रस्ताव, क्राइसिस ग्रुपको रिपोर्ट, *Nepal: Beyond Royal Rule*, माथि उल्लेखित। क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, काठमाडौं, २२ अप्रिल २००६ हेर्नुहोस्।

•• क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, काठमाडौं, २२ अप्रिल २००६ हेर्नुहोस्।

•• देवेन्द्रराज पाण्डे, "Democracy, donors & diplomats", *The Kathmandu Post*, १ मे २००६।

•• सीके लाल, "A royal delusion", *Nepali Times*,२३ अप्रिल २००६।

•• इमेल सञ्चार, ५ मे २००६।

•• Michael Hutt, "A People's Peace", *Guardian Unlimited*, ४ मे २००६, http://commentisfree.guardian.co.uk/michael_hutt/2006/05/ nepal.html मा उपलब्ध।

**विश्लेषणको अपर्याप्तता।** कूटनीतिज्ञहरू अफ्ना रोजाइहरूबारे त स्पष्ट थिए तर तिनलाई दलका नेताहरूका दृष्टिबाट हेरेर उनीहरूले सामना गर्नुपरेका दबाबहरू र तिनका आकलनहरूबारे बुझ्न भने गाह्रो थियो। देशको दिशा सीमित राजनीतिक सम्भ्रान्तहरूका चालबाजीहरूमाथि भन्दा पनि व्यापक जनताको भावनामाथि निर्भर रहन थालेपछि सर्वसाधारण नेपालीहरूबाट अलग्गिनु कूटनीतिक समुदायको गम्भीर कमजोरी हुन गयो।

**काठमाडौँमा अतिशय केन्द्रित हुनु।** काठमाडौँका घटनाहरूमा केन्द्रित हुँदा देशभरिको आम जनविद्रोह दृष्टिबाट ओझेलमा पऱ्यो। यसो गर्नुका पछिल्तिर केही न केही तर्क छ। त्यो के हो भने लामो समयदेखि काठमाडौँ कुनै पनि ठूलो राजनीतिक परिवर्तनको निर्णायक केन्द्रबिन्दु बनेको छ। तर यस पालाको जनआन्दोलन भने सिङ्गो मुलुकका जनताको मनोदशाबाट सञ्चालित भयो। आम कूटनीतिज्ञहरूको हकमा कि त देशमा घटिरहेका घटनाहरूको विवरण प्राप्त गर्ने स्वतन्त्र प्रकृतिको पहुँच भएन अथवा ठूला दातृ संस्थाहरूको हकमा उनीहरू विकाससम्बन्धी अफ्ना क्रियाकलापहरूबाट देशव्यापी रूपमा बनेका सम्पर्क-सूत्रहरूलाई पूर्णरूपले उपयोग गर्न चुके।•• २००५ सम्म रेडक्रसको अन्तर्राष्ट्रिय समिति (कतिपय मिसनरी सङ्गठनहरू र स्वयंसेवी विकासे कार्यकर्ताहरूबाहेक) काठमाडौँबाहिर पूर्णकालिक कर्मचारीहरू राख्ने एकमात्र विदेशी निकाय थियो। पछि गएर राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालयले स्थलगत रूपमा अन्तर्राष्ट्रिय उपस्थिति थप गरेको छ। यो संस्थाले यसरी काम नगरेको भए काठमाडौँबाहिरका घटनाहरूको स्वतन्त्र रिपोर्टिङ झन्डैजसो शून्यप्रायः हुन्थ्यो।

**कानुन र व्यवस्थाको परिप्रेक्ष्य।** थुप्रै कूटनीतिज्ञहरूले निकै अघिदेखि जनआन्दोलनको सफलताका सम्भावनाहरूको कार्यनीतिक दृष्टिबाट लेखाजोखा गरेका थिए। अर्थात् सेनाले प्रदर्शनकारीहरूलाई काठमाडौँको केन्द्रमा प्रवेश गर्नबाट रोकेको खण्डमा तिनले राजालाई कसरी पो धम्काउन सक्लान् र? प्रदर्शनकारीहरूले कसरी दरबारमाथि धावा बोल्न सक्लान् र? यस्तो दृष्टिकोणको नतिजास्वरूप यो मुद्दा राजनीतिक नभएर मूलतः कानुन र व्यवस्थाको मुद्दा हो जसलाई तर्कसङ्गत व्यवस्थापनद्वारा निस्तेज पार्न सकिन्छ भन्ने गलत आकलन गर्न पुगियो।"हेर, आज सडकमा कति थोरै मानिस छन्।" २३ अप्रिलको दिन आइतबार विरोध प्रदर्शनहरूको अनुगमन गर्दै गरेका एक जना पश्चिमा कूटनीतिज्ञले टिप्पणी गरे- "सुरक्षाकर्मीहरू अफ्ना भूलहरूबाट सिकेर सडकहरूलाई नियन्त्रणमा लिन सफल भएका छन्। आन्दोलनको निस्प्राण भएको छ। राजाले यो देखेर हौसिँदै आफ्नो प्रस्ताव फिर्ता लिन बेर छैन।"••

•• संयुक्त अधिराज्यले विकाससम्बन्धी आफ्नो विस्तृत कार्यक्रमको अतिरिक्त अवकाशप्राप्त गोरखा सिपाहीहरूको लामो समयदेखि कायम भएको सञ्जाललाई पनि उपयोग गर्न सक्छ। यो एउटा त्यस्तो स्रोत हो जसलाई सायद नीतिगत छलफलहरूका सन्दर्भमा न्यून महत्व दिइयो। क्राइसिस ग्रुपले लिइएका अन्तर्वार्ताहरू, काठमाडौँ, मे २००६।
•• क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, चाबहिल, २३ अप्रिल २००६।

**सिद्धान्तमा दृढ।** एक वर्षभन्दा बढी समयसम्म जनवरी २००५ को यथास्थितिमा कुनै हालतमा समस्याको हल हुँदैन भन्ने तर्कको रटान गरेर पनि कूटनीतिज्ञहरू ठीक त्यही प्रस्ताव अघि सारिँदा सम्झौता गराउने मौका हत्याउन पाइने भो भनेर दङ्ग परे। "बढीमा यो जनवरी २००५ मा फर्किने प्रस्ताव हो भन्ने मलाई थाहा छ," एक जना पश्चिमा कूटनीतिज्ञले भने, "तर राजाले अरू के नै पो दिन सक्थे र? दलहरूले यसलाई खुरुक्क स्वीकार गर्नुपर्छ।"•• यस प्रकारको आकलन आंशिक रूपमा राजतन्त्रलाई कुनै हालतमा पनि मनाउने धेरै समयदेखिको इच्छामा आधारित थियो भने आंशिक रूपमा विरोध प्रदर्शन जारी रहेको खण्डमा भिडन्तको अवस्थामा हिंसा भड्केला, अनियन्त्रित दङ्गा होला र माओवादीले तत्कालै सत्ता कब्जा गर्लान् भन्ने अतिरञ्जित त्रासमा आधारित थियो। तर स्थिति यो आकलनको ठीक विपरीत हुन सक्ने सम्भावना थियो। त्यो के भने दलहरूले राजाको प्रस्ताव स्वीकार गरेर जनविश्वास पूर्णरूपले गुमाएका भए कूटनीतिज्ञहरूले कल्पना गरेजस्तो खतरनाक परिस्थिति पैदा हुन सक्ने सम्भावना झनै प्रबल थियो। लामो समयदेखि सार्वजनिक वक्तव्यहरूद्वारा समर्थन गरिएका मूलभूत लोकतान्त्रिक सिद्धान्तहरूलाई दाउमा राखेर कृत्रिम स्थायित्वलाई रोज्ने क्रममा कूटनीतिज्ञहरू उही धरापमा फस्न पुगे जसको नतिजास्वरूप राजाले अक्टोबर २००२ र फेब्रुअरी २००५ मा सत्ता हत्याएर झनै ठूलो अस्थिरतालाई निम्त्याएका थिए।

**अतिशय आत्मविश्वास।** प्रमुख कूटनीतिज्ञहरूले नेपाल र यहाँको राजनीति नेपालका राजनीतिज्ञहरू वा जनताले भन्दा राम्रोसँग बुझेका छौँ भन्ने गलत परिकल्पना गरेका थिए। २४ अप्रिलको दिन सोमबार बिहानतिर दरबारका भित्रियाहरू र शाही नेपाली सेनालाई ठूलो र नयाँ छुट दिनु नै एकमात्र बाँकी विकल्प हो भन्ने कुराको चेत खुल्दासम्म पनि एक जना वरिष्ठ दूत भने अझै पनि प्रदर्शनकारीहरू "छिन्नभिन्न" हुन सक्छन् र राजाले "बाजी मार्छन्" भनेर सजग गराउँदै थिए। राजाले सार्वभौमसत्ता फिर्ता गर्नुपर्छ भन्ने दलहरूको मागले उनीहरू अझै पनि "पुरानै मनोभावना" मा अल्झिरहेका छन् भन्ने कुरा देखायो। उनीहरूले राजाको प्रस्ताव स्वीकार गरेका भए राजाले "कम्तीमा पनि पहिला केही हप्तासम्म" उनीहरूको एजेन्डालाई छेक्न सक्दैनथे। दलहरूलाई राजाको प्रारम्भिक दाउलाई इन्कार गर्न आग्रह गर्ने नागरिक समाजका नेताहरू पनि "जनआन्दोलनको अर्थलाई ग्रहण गर्न र क्रान्तिले कसरी कार्य गर्छ" भन्ने कुराको साथै "क्रान्तिकारीहरूद्वारा आफू बढारिने" जोखिम भएको कुरा बुझ्न चुके।••

## घ) पहिलो दृश्यको अन्त्य

२२ अप्रिलको दिन शनिबार नै त्यो दिन थियो जुन दिन जनआन्दोलनले कम्तीमा पनि अल्पकालीन दृष्टिले विजय प्राप्त गऱ्यो। राजाको घोषणाले आन्दोलनको वेगलाई मत्थर पार्नु त परै जाओस् बरु यसले त उल्टै आन्दोलनको आगोमा घिउ थप्यो।

•• क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, काठमाडौँ, २२ अप्रिल २००६।
•• इमेल सञ्चार, २४ अप्रिल २००६।

मानिसहरू अभूतपूर्व रूपले सडकमा ओइरिए। उनीहरू कर्फ्युको अवज्ञा गरेर दरबारलाई सन्देश पठाउन र दलका नेताहरूलाई सम्झौता विकल्प होइन भन्ने कुराको जनाउ दिन दह्रो अठोट लिएर अघि बढेका थिए।

यसअघि एउटा ज्यादै प्रभावकारी शान्तिपूर्ण जनसभाको आयोजक भएको रिङरोडबाहिरको सानो र स्वतन्त्रताको भावनाले ओतप्रोत सहर कीर्तिपुर खाली भयो। "यहाँ कोही छैन, हामी सबै काठमाडौंतिर जाँदैछौं," चक्रपथतिर जाँदै गरेका एक जना तरुणले भने- "हामी गणतन्त्र चाहन्छौं। अब प्रत्येक मानिस गणतन्त्रको समर्थनमा उभिएको छ।"•• भीडहरू काठमाडौंको जुम्ल्याहा सहर पाटन वरिपरी सुरक्षा पङ्क्तिलाई तोडेर राजधानीको पुलतिर ओरालो लाग्दा प्रदर्शनकारीहरूको सङ्ख्या भेलसरह बढेर गयो। अत्यन्तै उत्तेजित प्रदर्शनकारीहरू राजाविरोधी चर्का नारा लगाउँदै "हामी दरबारतर्फ लम्कँदैछौं" भनेर चिच्याए।••

सुरक्षाकर्मीहरूका अन्य योजनाहरू थिए। कर्फ्यु आदेशहरू जारी गरेर पनि आफूले समस्त सहरलाई सुरक्षित राख्न नसकेको कुरा स्वीकार गर्दै तिनले प्रदर्शनकारीहरूलाई एउटा वृत्तीय मार्गतर्फ एकोहोर्‍याए र तिनलाई त्यो मार्ग भएर केन्द्रीय क्षेत्रको फेरो मार्दै फेरि चक्रपथमा पुगेर टुङ्गिने निकास दिए। कतिपय ठाउँमा सैनिक र प्रहरी अधिकारीहरू विश्रामको मुद्रामा थिए। "आज कतै पनि सुनसान छैन, जहाँतहीं मानिसको कुँडुलो लागेको छ। त्यसकारण हामी तिनलाई पुल तर्न दिँदैछौं। तपाईं पनि अगाडि जानुभए हुन्छ, स्थिति शान्त छ," शाही सेनाका एक अधिकारीले भने।•• तर सुरक्षाको भित्री पङ्क्ति भने जसरी पनि कायम राख्नुपरेको थियो। दशरथ रङ्शालाबाहिर गोली प्रहार गर्दा भागेका प्रदर्शनकारीका चप्पल चारैतिर छरिएका थिए।•• अमेरिकाद्वारा सशस्त्र र प्रशिक्षित तुल्याइएका सिपाहीहरू आफू शाही नेपाली सेनाको सबैभन्दा प्रभावकारी प्रति-विद्रोही फौज रेन्जर बटालियनका हौं भन्ने कुरा सगर्व पुष्टि गर्दै हतियारले सुसज्जित भएर खचाखच ट्रकमा तम्तयार खडा भएका थिए।••

सबैभन्दा ठूलो जुलुस अघि बढिरहेको बाटोको एक ठाउँमा एक जना पश्चिमा सैन्यविद्ले आफ्नो छेउ भएर गएको जुलुसमा लगभग २,००,००० देखि ३,००,००० मानिस भएको अनुमान गरे।•• यसबीच सातदलीय गठबन्धनले गिरिजाप्रसाद कोइरालाको निवासमा भइरहेको बैठकमा सम्झौताका लागि कुरा गर्न पुगेका युरोपेली सङ्घका दूतहरूको सल्लाह विनम्रतापूर्वक अस्वीकार गर्दै राजाको प्रस्ताव औपचारिक रूपले अस्वीकार गर्ने निर्णय गरेका थिए। मध्य दिउँसो मुसल्धारे वर्षाले थुप्रै प्रदर्शनकारीहरूलाई तितरवितर गरुन्जेलसम्ममा लडाइँ जितिसकिएको थियो।

शाही कूपछि दरबार बर्बादीपूर्ण बाटो समातेर समाजका ठूला क्षेत्रहरूबाट झन्झन् अलग्गिँदै जाने क्रममा आखिरमा त्यसका पक्का समर्थकहरूसमेत पनि लोकतान्त्रिक आन्दोलनमा सामेल हुन पुगेका थिए। तर दरबारका राजनीतिक चेतनाका तन्तुहरू पूरै गलिसकेका भने थिएनन्। दलहरू र जनताले राजाको घोषणालाई निर्णायक रूपमा अस्वीकार गरेपछि अब आन्दोलनका सारभूत मागहरूका सामु कम्तीमा पनि कागजमा घुँडा टेक्नुबाहेक अर्को कुनै विकल्प छैन भन्ने कुरा दरबारका भित्रियाहरूले महसुस गरे। आइतबार दरबारभित्र र सार्वजनिक तथा गुप्त मध्यस्थकर्ताहरूमार्फत दलका नेताहरूसँग एकदमै हडबडीपूर्ण वार्ताहरू भए। राजदूतहरूलाई फेरि दरबारमा डाकियो, अनि स्थिति चौपट हुनुभन्दा पहिले नै शालीनतापूर्वक आत्मसमर्पण गर्नु बेस हो भन्ने तिनको सल्लाहको सुनुवाइ भयो। राजाको पहिलो घोषणापछि आफूहरूले गरेको हस्तक्षेपप्रति प्रकट भएको वैरभावपूर्ण घरेलु प्रतिक्रियाले राजदूतहरूमा राजालाई उनको स्थितिको गम्भीरताबारे बोध गराउन बडो आतुरतापूर्ण भावना जगाएको हुन सक्छ।

राजा दोस्रो घोषणा गर्न बाध्य भए। घोषणा गर्नुअघि त्यसको पाठबारे सातदलीय गठबन्धनसँग पहिल्यै सहमति गरिएको थियो। राजाले अपमानपूर्वक पछि हट्दै विपक्षीहरूको भाषा प्रयोग गरेर "जारी जनआन्दोलनको भावना" लाई स्वीकार गरे। यो घोषणा आधा मनले तयार पारिएको अघिल्लो प्रस्तावभन्दा सारभूत रूपले नै फरक थियो :

- यसले सार्वभौमसत्ता जनतामा रहेको कुरा स्वीकार गर्‍यो;
- यसले "आन्दोलनरत सातदलीय गठबन्धनको मार्गचित्रअनुसार" मुलुकले सामना गरिरहेको द्वन्द्व र अन्य समस्याहरूको छिनोफानो गर्न आह्वान गर्दै निहितार्थमा दलहरूद्वारा माओवावादीहरूसँग गरिएको बाह्रबुँदे समझदारी र संविधानसभाको चुनाव गर्ने नीति स्वीकार गर्‍यो;
- यसले लामो समयदेखि दलहरूले माग गरेको (यद्यपि माओवादीले होइन) संसदको पुनःस्थापना भएको घोषणा गर्‍यो; र
- राजाले "जनआन्दोलनमा जीवन गुमाउने सबैप्रति हार्दिक समवेदना" प्रकट गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरे।

सुरुमा सडक र दलहरूबाट घोषणाप्रति सकारात्मक प्रतिक्रिया व्यक्त भयो। यस पटक घोषणाको स्वागत गदै जारी गरिएका अधिकांश कूटनीतिक वक्तव्यहरू जनभावना र मूलधारका दलहरूका चाहनाअनुरूप देखिए। तर यो नयाँ स्थितिमा यसका आफ्नै जोखिम र चुनौतीहरू अन्तर्निहित छन्।

•• क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, कीर्तिपुर, २२ अप्रिल २००६।
•• क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, कुपण्डोल, २२ अप्रिल २००६।
•• क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, कुपण्डोल, २३ अप्रिल २००६।
•• २२ अप्रिलको दिन प्रदर्शनकारी नमारिए पनि त्यो दिनको झडपमा घाइते भएका दुईजनाको पछि उपचार गर्दागर्दै मृत्यु भयो।
•• क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, त्रिपुरेश्वर, २३ अप्रिल २००६।
•• क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, नयाँ बानेश्वर, २३ अप्रिल २००६।

## ४. दलहरू र तिनका योजनाहरू

### क) गठबन्धनको जित

#### १. सर्वसम्मत कि विभाजित?

सातदलीय गठबन्धनले राजाको दोस्रो घोषणामा आफ्नो मार्गचित्रलाई स्वीकार गरिएको कुराको झटपट स्वागत गर्‍यो।•• तर तिनको नीतिगत प्रतिक्रिया भने पूर्णरूपले तयार भएको थिएन। राजाको नयाँ प्रस्तावबाट फाटो पैदा हुन सक्ने खालका मुद्दाहरू पैदा भए जसमध्ये पुनःस्थापित संसदको कार्यसूची, मन्त्रिपरिषद्को बनोट र दीर्घकालिक संवैधानिक परिवर्तन र सङ्क्रमणकालीन न्यायसम्बन्धी बढी तात्कालिक मागहरू जस्ता ज्वलन्त मुद्दा थिए। राजाको घोषणापश्चात् भोलिपल्ट बिहान गिरिजाप्रसाद कोइरालाको निवासमा सातदलीय गठबन्धको बैठक बस्यो। बैठकमा दलका नेताहरूले निम्नलिखित विषयहरूमा सर्वसम्मत निर्णय गरे :

- संविधानसभाको चुनावलाई पुनःस्थापित संसदको प्रमुख एजेन्डा बनाउने;
- बाह्रबुँदे समझदारीप्रति प्रतिबद्ध रही सोको पालना गर्न माओवादीहरूलाई पनि आग्रह गर्ने;
- संविधानसभाको चुनावको प्रश्न सुनिश्चित भएर निशस्त्रीकरणको प्रक्रिया प्रारम्भ हुनासाथ माओवादीहरूलाई अन्तरिम सरकारमा सामेल गराउने;
- राज्यद्वारा लोकतन्त्रमुखी प्रदर्शनकारीहरू विरुद्ध गरिएको अधिकार हननको छानबिन गर्न उच्चस्तरीय आयोग गठन गर्ने; र
- शाही सरकारद्वारा गरिएका सबै "असंवैधानिक निर्णयहरू" अवैध भएको घोषणा गर्ने।••

तथापि छिटै नै नीतिगत मतभिन्नताहरू देखा पर्न थाले। गठबन्धनको एक साझेदार एमालेले गणतन्त्रतर्फको शीघ्र सङ्क्रमणसम्बन्धी तर्क अघि सार्‍यो। २९ अप्रिलमा बसेको यस दलको केन्द्रीय समितिको बैठकले सरकार र शाही नेपाली सेनाको नाम क्रमशः "नेपाल सरकार" र "नेपाली सेना" मा बदलेर "श्री ५" तथा "शाही" शब्द हटाउनुपर्ने विचार प्रस्तुत गर्‍यो। साथै यसले सेना राजाप्रति नभएर संसदप्रति उत्तरदायी हुनुपर्ने र राजपरिषद्लाई खारेज गरिनुपर्ने विचार पनि प्रस्तुत गर्‍यो।•• तर सातदलीय गठबन्धनले अझै निःशर्त संविधानसभाको चुनाव र गणतन्त्रको पक्षमा सामूहिक निर्णय गरेको छैन। गठबन्धनको एक महत्त्वपूर्ण सदस्य नेपाली काङ्ग्रेस सेरेमोनियल राजतन्त्रको पक्षमा खडा भएको छ।••

मन्त्रिपरिषद्को गठन अपेक्षाकृत सरल प्रक्रिया हुनुपर्ने हो तर कोइरालाको बिमार र मन्त्रालयहरूको बाँडफाँडसम्बन्धी किचकिचका कारण विलम्ब हुन गयो। २ मेका दिन सात जना मन्त्रीको नियुक्तिको घोषणा गरिँदा नेपाली काङ्ग्रेसले प्रमुख पदहरू आफैँसँग सुरक्षित राखेको थियो। एमालेका केपी ओली (उप-प्रधानमन्त्री) र नेपाली काङ्ग्रेसका रामशरण महत (अर्थमन्त्री) जस्ता छद्म राजावादीहरूलाई प्रमुख पद दिइँदा दलका क्रान्तिकारी नेता र कार्यकर्ताहरू चिन्तित भए।•• ओलीका सम्बन्धमा वरिष्ठ माओवादी विचारशिल्पी बाबुराम भट्टराईले "यिनले संविधानसभा र लोकतान्त्रिक गणतन्त्रको एजेन्डा इमानदारिता र प्रभावकारितासाथ कार्यान्वयन गर्लान् भनेर कल्पना गर्नु गोरु दुहेर दूध पाउने आशा गर्नु जस्तै हो" भनेर खबरदारी गरे।•• एमालेले दाबी गरिरहे पनि रक्षामन्त्रीको नियुक्ति गरिएन। एमालेसँग सल्लाह नगरिएको निहुँ झिकेर विरोधस्वरूप एमाले स्थायी समितिका सदस्य प्रदीप नेपालले पदबाट राजीनामा गरे। नेपाल मजदुर-किसान पार्टी मन्त्रिपरिषद्मा सहभागी बन्न इन्कार गर्‍यो, जनमोर्चाले भने आलोचनात्मक टिप्पणी गर्‍यो तापनि यसले ७ मेमा आएर सरकारमा सामेल हुने घोषणा गर्‍यो।

#### २. संवैधानिक संसद?

नयाँ सरकारले सन् १९९० को संविधानअनुसार काम गरिरहेको हो कि भन्ने कुरा स्पष्ट छैन। जनआन्दोलनले राजालाई संवैधानिक रूपले भन्दा पनि सारतः राजनीतिक रूपले पछि हट्न बाध्य तुल्याएको थियो। उनले संविधानको कुनै धाराको आधारमा संसदको पुनःस्थापन गरेका नभएर यो पुनःस्थापनले निहितार्थमा राजनीतिक आवश्यकताद्वारा वैधता प्राप्त गरेको थियो। तर प्रतिनिधिसभा भने संवैधानिक दृष्टिबाट परिभाषित निकाय भएकाले सरकारका अहिलेसम्मका कार्यहरूले संवैधानिक अवस्थाबारे अन्योल थपेका छन्।

प्रधानमन्त्री कोइरालाले अघिल्लो शाही सरकारका प्रमुख समर्थकहरू प्रधान सेनापति, प्रधानन्यायाधीश, युवराज र राजपरिषद्का सभापतिको उपस्थितिमा नारायणहिटी राजदरबारमा राजाबाट

•• "स्वागत छ नेताहरूको भनाइलाई", *The Kathmandu Post*,२५ अप्रिल २००६।

•• "आम हडताल फिर्ता, मुलुकभरि र्‍याली, संविधानसभा प्रमुख एजेन्डा बन्ने", www.nepalnews.com, २५ अप्रिल २००६।

•• "नयाँ सरकारमा ओलीले नेकपा (एमाले) को नेतृत्व गर्ने", www.nepalnews.com, २८ अप्रिल २००६।

•• "गिरिजाप्रसाद कोइरालासँग लिइएको अन्तर्वार्ता", www.ekantipur.com, ३ अप्रिल २००६।

•• पूर्ण मन्त्रिपरिषद् यस प्रकार छ- प्रधानमन्त्रीः गिरिजाप्रसाद कोइराला (नेपाली काङ्ग्रेस), उप-प्रधानमन्त्री तथा परराष्ट्रमन्त्रीः खड्गप्रसाद ओली (एमाले), गृहमन्त्रीः कृष्णप्रसाद सिटौला (नेपाली काङ्ग्रेस), भौतिक योजना तथा निर्माणमन्त्रीः गोपालमान सिंह (प्रजातान्त्रिक काङ्ग्रेस), अर्थमन्त्रीः डा. रामशरण महत (नेपाली काङ्ग्रेस), कृषि तथा सहकारीमन्त्रीः महन्थ ठाकुर (नेपाली काङ्ग्रेस), भूमिसुधार तथा व्यवस्थामन्त्रीः प्रभुनारायण चौधरी (संयुक्त वाममोर्चा)।

•• बाबुराम भट्टराई, "संविधानसभाको सहवरणको खतरा", *जनादेश,* २ मे २००६।

शपथग्रहण गरे।[••] कोइरालाले एमाले महासचिव माधव नेपालको सार्वजनिक चेतावनी विरुद्ध राजाबाट शपथग्रहण गरेका थिए।[••] दरबारले सुरुमा खुलस्त रूपले दलहरूको सल्लाहअनुसार काम गरेर सन् १९९० को संविधानको धारा ३६(१) अन्तर्गत कोइरालाको नियुक्तिको घोषणा गरेको थियो।[•••] तर एमालेले उक्त धारा सर्वसम्मत सरकारको लागि नभएर बहुमतको सरकारका लागि मात्र सान्दर्भिक छ भन्ने तर्क गर्‍यो। दरबारबाट संसदलाई पठाइएको औपचारिक पत्रमा केवल "संविधानअनुसार" भनिएको थियो।[•••]

तर प्रधानमन्त्री कोइराला राजपरिषद्मा भने सामेल भएनन् (सन् १९९० पछिका प्रधानमन्त्रीहरू उक्त परिषद्को पदेन सदस्य हुन्थे तर शपथ भने अलग्गै ग्रहण गर्थे) अनि उनी स्वयंले नयाँ मन्त्रीहरूलाई शपथग्रहण गराए। पहिले यो कार्य पनि राजाद्वारा राजदरबारमै गराइन्थ्यो।

अहिले सरकार अप्ठ्यारो धर्मसङ्कटमा परेको छ। त्यो के हो भने विद्यमान संविधानको एउटा मात्र धारालाई स्वीकार गर्ने कार्यलाई उक्त दस्तावेजको समग्रतामा बाँधिएको अर्थमा हेरिन सक्छ तर संवैधानिक रिक्तताको बीचमा अघि बढ्दा आफ्नो वैधता कमजोर भएर आधारभूत प्रशासनिक तथा विधायकी कार्यभारहरू पूरा गर्न अप्ठेरो हुन सक्छ। "वर्तमान अन्योलको गाँठी कुरो नयाँ सरकारले १९९० को संविधान र यस संविधानले तर्जुमा गरेका औपचारिक विधिविधानहरूको पालना गर्ने कि नगर्ने भन्ने हो। यसको छोटो उत्तर के हो भने यसले ती विधिविधानहरूको पालना गर्नुहुँदैन," भनेर *द काठमाडौं पोस्ट*को कडा सम्पादकीयले खबरदारी गरेको छ- "जनआन्दोलनद्वारा मृत घोषणा गरिएको संविधानको कुनै पनि धाराको आज्ञाकारितासाथ पालना गर्नुको कुनै अर्थ छैन। एउटा धारालाई स्वीकार गर्नुको अर्थ सिङ्गो संविधानलाई स्वीकार गर्नु हुन्छ।"[•••]

### ३. माओवादी, राजा र सेनासँग गरिने व्यवहार

प्रधानमन्त्री कोइराला र सातदलीय गठबन्धनका नेताहरूले आफ्नो आह्वानलाई दोहोर्‍याउँदै माओवादीहरूलाई वार्ता जारी राख्न र बाह्रबुँदे समझदारीको खाकाभित्र रहेर एकसाथ काम गर्न भनेका छन्। तर धेरैले अपेक्षा गरेजति छिटो ठोस सद्भावका सङ्केतहरूले साकार रूप लिएका भने छैनन्। माओवादीको एकतर्फी तीनमहिने युद्धविरामको प्रत्युत्तरमा तत्काल युद्धविरामको घोषणा गरिएन न त माओवादीका बन्दीहरूलाई रिहाइ गर्ने जस्ता तत्कालका मागहरूप्रति प्रतिक्रिया नै जनाइयो।[•••] यसबीच तल रेखाङ्कन गरिएअनुसार सरकारको सहमतियुक्त नीतिको अभावबाट माओवादीहरूले छिटोछिटो फाइदा उठाए।

कोइरालाद्वारा दरबारमा गरिएको शपथग्रहणले सञ्चार गरेका अस्पष्ट सन्देशहरूले नयाँ सरकारको राजाप्रतिको अडानलाई प्रस्ट्याउन खासै भूमिका खेलेनन्। अर्थमन्त्री महतले दरबारको बजेटमा संशोधन गर्ने बाचा गरे तर दलहरूले राजासँग सम्झौता गरेको सङ्केत देखिएमा तिनले हालै प्राप्त गरेको जनअनुमोदन एकदमै छिटो कमजोर हुन सक्ने जोखिम रहेको थियो।

राजनीतिक दिशानिर्देशको स्पष्ट रूपले बोध गराउने रक्षामन्त्री नहुँदा सेनामाथि सरकारको वास्तविक नियन्त्रण कायम भएको छ वा छैन भन्ने कुरा अस्पष्ट छ। शाही सेनाले स्पष्ट रूपले सरकारको शान्ति वार्तासम्बन्धी एजेन्डा विपरीत माओवादीहरू विरुद्ध कतिपय आक्रामक कारबाहीहरू जारी राखेको छ (तनहुँ र नवलपरासीका दुईओटा आमसभामा क्रमशः २७ र २९ अप्रिलको दिन हेलिकोप्टरबाट गरिएका आक्रमण यसका उदाहरण हुन्।) सेनालाई नागरिक नियन्त्रणअन्तर्गत ल्याउनका लागि राजनीतिक इच्छाशक्ति र शाही नेपाली सेनाको नेतृत्वमा सुधार ल्याउने सङ्कल्प दुवै कुराको आवश्यकता पर्दछ। सरकार यसका लागि तयार भएको खास लक्षण देखिँदैन।

नयाँ सरकारका सामु जनसमर्थनको लहर र अन्तर्राष्ट्रिय अनुमोदनको उपयोग गरी आफ्नो प्राधिकार स्थापना गर्ने र लोकतान्त्रिक आन्दोलनले माग गरेका नीतिहरूको कार्यान्वयन गर्ने अभूतपूर्व अवसर विद्यमान छ तर सुरुका लक्षणहरू हेर्दा यो यी अवसरहरूबाट फाइदा उठाउन पूर्णरूपले तयार भएको देखिँदैन। यसले गर्दा सरकारले छिटै जनविश्वास गुमाउन सक्छ र अनेकौं मोर्चामा द्वन्द्वमा फस्न सक्छ।

## ख) माओवादी आकलनहरू

### १. प्रारम्भिक प्रतिक्रिया

माओवादीहरूले राजाको २१ अप्रिलको प्रस्तावको भर्त्सना गरे (प्रचण्डले आफ्नो पार्टीले "सामन्ती तत्वहरूद्वारा गरिएको यो षड्यन्त्रकारी प्रस्ताव")[•••] लाई घृणासाथ अस्वीकार गरेको घोषणा गरे। दोस्रो प्रस्ताव पनि संविधानसभा र सम्भावित गणतन्त्रसम्बन्धी उनीहरूका मागहरूलाई सम्बोधन गर्ने दिशामा पर्याप्त रूपले अग्रसर भएन। माओवादीहरूले दलहरूलाई संसदको पुनःस्थापनलाई एकतर्फी रूपले स्वीकार गरेर "ऐतिहासिक गल्ती" गरेको आरोप लगाए।[•••] उनीहरूले यस स्वीकृतिलाई बाह्रबुँदे सहमतिको भावनाको उल्लङ्घनका रूपमा हेरे। साथै दलहरूले

[••] "राजा ज्ञानेन्द्रबाट कोइरालाको शपथ ग्रहण," *The Kathmandu Post*,३० अप्रिल २००६।

[••] "नेताहरूद्वारा विगतका गल्तीहरू नदोहोर्‍याउने बाचा, संविधानसभा प्रतिनिधिसभाको पहिलो एजेन्डा हुने तिनको भनाइ, www.nepalnews.com, २७ अप्रिल २००६।

[•••] धारा ३६(१) अनुसार "राजाबाट प्रतिनिधिसभामा बहुमतप्राप्त दलका नेतालाई प्रधानमन्त्री पदमा नियुक्ति गरिबक्सनेछ र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन गरिबक्सनेछ", नेपाल अधिराज्यको संविधान २०४७, अनौपचारिक अनुवाद http://www.nepalhomepage.com/dir/politics.

[•••] "प्रधानमन्त्री नियुक्त", राष्ट्रिय समाचार समिति, http://rss.com.np.

[•••] "खबरदारीको घण्टी," *The Kathmandu Post*,२९ अप्रिल २००६।

[•••] सरकार मुख्य माओवादी कार्यकर्ताहरूलाई एकएक गरेर रिहाइ गर्न तत्पर रहेको कुरा जानकारीमा आयो तर माओवादीहरूले आफ्ना सबै कार्यकर्ताहरूलाई एकसाथ रिहाइ गरिनुपर्ने माग गरे। क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, काठमाडौं, मे २००६।

[•••] प्रचण्ड, प्रेस वक्तव्य, २२ अप्रिल २००६।

[•••] प्रचण्ड र बाबुराम भट्टराई, प्रेस वक्तव्य, २५ अप्रिल २००६।

जनआन्दोलनको पूरा जसको दाबी गर्दै माओवादीहरूको निर्णायक योगदानको उपेक्षा गरेकोमा उनीहरू रुष्ट भए।•••

माओवादीहरूले दुईओटा गलत आकलन गरे :

- संविधानसभाको मार्गचित्र सम्बन्धमा सातदलीय गठबन्धनसँग विशिष्ट रूपले तर्कवितर्क गरेर तयार गरिएको आफ्नो प्रस्तावबाट उनीहरू पन्छिए। बाह्रबुँदे समझदारीमा संसदको पुनःस्थापनमार्फत (सातदलीय गठबन्धनको रोजाइ) अघि बढ्ने कि सर्वदलीय गोलमेच सम्मेलन तथा अन्तरिम सरकारमार्फत (माओवादीको रोजाइ) अघि बढ्ने भन्ने मतभिन्नतालाई स्वीकार गरिएको थियो। घटनाक्रम अघि बढ्दै जाँदा यससम्बन्धी मुद्दालाई आफ्नो पक्षमा पार्न बाध्य तुल्याउन सकिएला र सोझै अन्तरिम सरकारमा जान सकिएला भन्ने तिनको आशा थियो। त्यसको सट्टा संसदको पुनःस्थापनले उनीहरूलाई अझसम्म पनि वैध सरकारबाहिर विद्रोहीका रूपमा छाडिएको छ।

- उनीहरूले राजाको व्यवहारको गलत मूल्याङ्कन गरे। राजाले पछि हटेर संसदको पुनःस्थापनलाई स्वीकार गर्ने काम कदापि नगर्लान् भन्ने तिनको परिकल्पना थियो। शाही नेपाली सेनाको आडमा राजाले बर्बर शक्तिको प्रयोग गरेर आन्दोलनलाई नष्ट गर्ने गलत मूल्याङ्कनयुक्त प्रयास गर्लान् भन्ने उनीहरूको आकलन थियो। त्यसको परिणामस्वरूप राज्यका अधिकारीबीच साँच्चिको मतभिन्नता र फुटहरू हुन सक्ने, अथवा कम्तीमा पनि सुरक्षा फौजभित्र मनोबल गिर्न सक्ने सम्भावना थियो।••• यी अवस्थाहरू सफल सहरी विद्रोहका लागि उपयोग गर्न सकिने थिए। राजा सत्ताबाट पछि हट्नाले माओवादीहरू रनभुल्लमा परे।

संसदको पुनःस्थापनले तत्काल गणतन्त्रवादी विद्रोह गर्ने उनीहरूको आशामा ठेस लागेको मात्र नभई सातदलीय गठबन्धनलाई विजयको ठूलो अंशभाग दाबी गर्न समर्थ पनि तुल्यायो। दलहरू नयाँ स्थितिका प्राथमिक उपभोक्ताहरू बन्न पुगे। अनि यसबाट उनीहरूमा माओवादीको योगदानको न्यूनीकरण गर्ने आँट जाग्यो।

माओवादीहरूले नीतिगत प्रतिक्रियाको हकमा पनि गलत मूल्याङ्कन गरे। उनीहरूले निःशर्त संविधानसभाको घोषणा नभएसम्म शान्तिपूर्ण जनआन्दोलनलाई जारी राख्न र जिल्ला सदरमुकामहरू र राजधानीमाथिको नाकाबन्दी कायम राख्न बाचा गरेका थिए।••• यो आंशिक रूपले सौदाबाजी गर्ने खालको अडान थियो किनभने नाकाबन्दी हटाउने कार्य प्रारम्भिक वार्ताका लागि सजिलो सद्भावयुक्त सङ्केत हुन्थ्यो भने आंशिक रूपले यो नयाँ सरकारलाई दबाब दिन मानिसहरूलाई सडकमा राखिछाड्ने सच्चा प्रयास हुन्थ्यो। तर यो उपायले राम्ररी काम गरेन। सातदलीय गठबन्धनको प्रारम्भिक प्रतिक्रिया सुनेर थुप्रै मानिसले हर्षले गद्गद् भए तर सडकको विरोध प्रदर्शनलाई जारी राख्न भने उनीहरू इच्छुक भएनन्। उनीहरूले उन्नाइस दिनको नाकाबन्दी, हडताल र कर्फ्युको कारण खपिनसक्नु दुःख पाएका थिए। त्यसैले माओवादीको यस प्रकारका दुःख-कष्टहरूलाई लम्ब्याउने जिरह उनीहरूले रुचाएनन्।

कोइरालालगायत सातदलीय गठबन्धनले यी उपायहरू फिर्ता लिन अनुरोधन गर्नासाथै माओवादीहरूले त्यो अनुरोध स्वीकार गरिहाले। उनीहरूले नाकाबन्दी हटाए (संसदले निःशर्त संविधानसभाको घोषणा नगरेको खण्डमा पुनः नाकाबन्दी लगाउने धम्कीका साथ) अनि एक कदम अघि बढेर तीन महिनाका लागि एकतर्फी युद्धविरामको घोषणा गरेर पुनः उच्च नैतिक धरातल प्राप्त गर्न खोजे।•••

### २. सायद उनीहरूले खेल खेल्लान् ...

वार्तासम्बन्धी सरकारी प्रस्ताव स्वीकार गरेका भए पनि माओवादीहरू बाह्रबुँदे समझदारीबाट पछि नहट्लान् भन्ने कुनै ग्यारेन्टी छैन। यसमा कायम रहे नै भने पनि उनीहरूले प्रत्येक सम्भावित फाइदाका लागि सक्दो जोड गर्नेछन्। नतिजास्वरूप वार्ता खिचातानीपूर्ण हुनेछ। तर उनीहरूको आत्महितले भने दलहरूसँग गरिएको सम्झौताको आधारभूत खाकामा अडिरहन दरिलोसँग प्रेरित गर्नेछ। यसो गर्नाले सीमित विजयको र सम्भावित भावी उपलब्धिहरूका लागि मौका प्राप्त हुनेछ जब कि बाँकी सबै विकल्पहरू आकर्षक छैनन्। उनीहरूका कठोर शब्दले भरिएका हालसालैका प्रत्येक वक्तव्यले यस दिशातर्फको प्रतिबद्धताको पुनःपुष्टि गरेको छ। सातदलीय गडबन्धसँग गरिएको समझदारीअनुरूप वार्ता जारी राख्नुका पछिल्तिर माओवादीहरूका हितहरूअन्तर्गत तलका कुराहरू पर्दछन् :

**आफ्नो राजनीतिक क्षमताको रक्षा गर्नु।** दलहरू संविधानसभाको मागलाई लिएर अघि बढेको अवस्थामा माओवादीहरू यो केन्द्रीय मागमाथि आफ्नो स्वामित्वलाई परित्याग गर्न सक्दैनन्। सामाजिक तथा आर्थिक सुधारहरूको हकमा पनि यही कुरा लागू हुन्छ। अर्थात् राजनीतिक दलहरू जति बढी परिवर्तनकारी हुन सक्छन् माओवादीहरूका लागि राजनीतिक स्थान त्यति नै कम हुनेछ, अनि तिनले अफ्ना बाँकी लक्ष्यहरू पूरा गर्ने सम्भावना पनि त्यति नै कम हुने सम्भावना छ। माओवादीहरूले आफ्नो आन्दोलनलाई अघि बढाउन जतिसुकै हिंसा प्रयोग गरेका किन नहोऊन्, उनीहरू अझै पनि आफ्नो लोकप्रियतावादी एजेन्डामा अन्तर्निहित आह्वानमाथि नै निर्भर रहेका छन्। मूलधारका दलहरूले यो कुरालाई गुमाएको खण्डमा तिनीहरू गम्भीर रूपले कमजोर हुनेछन्।

**पूर्ण युद्धमा फर्किनबाट जोगिनु।** सैनिक अभियानलाई निरन्तरता दिन सम्भव त छ तर यो अभियान आकर्षक भने छैन। माओवादीहरूमा लडाइँ जारी राख्ने क्षमता कायमै छ, अनि कतिपय

••• क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, काठमाडौं, २५ अप्रिल २००६।
••• प्रचण्ड, "वर्तमान जनसङ्घर्षबारे केही कुरा", *जनादेश*, २ मे २००६।
••• प्रचण्ड र बाबुराम भट्टराई, प्रेस वक्तव्य, २५ अप्रिल २००६।
••• प्रचण्ड, प्रेस वक्तव्य, २६ अप्रिल २००६।

कार्यकर्ताहरू जे कुरा आफूले सबैभन्दा राम्रोसँग जानेको छ त्यसैमा लागिपर्न रुचाउन सक्छन्। तर राज्य सैनिक समाधान थोपर्न असमर्थ भएको अवस्थामा यसबाट माओवादीहरूको जीवन पहिलेभन्दा कता हो कता असहज हुन सक्छ। शान्ति प्रक्रियालाई अस्वीकार गरेको खण्डमा त्यसले झनै उच्चस्तरको प्रति-विद्रोहकारी अभियानका लागि बृहत् स्तरमा विदेशी सहायतालाई निम्त्याउनेछ। अनि यो प्रति-विद्रोहकारी अभियानको नेतृत्व वैधताप्राप्त सरकारद्वारा स्वीकारयोग्य रणनीतिका साथ हुन सक्नेछ। नयाँ दिल्लीले माओवादीहरूलाई झनै कम ठाउँ दिन सक्छ जसको विशेष कारण के हो भने भारत आफ्नै देशका माओवादीहरूबाट निकै नै त्रसित छ।

**अन्तर्राष्ट्रिय मान्यताका लागि कार्य गर्नु।** माओवादीहरूले गत वर्ष उल्लेख्य रूपले अन्तर्राष्ट्रिय स्वीकृति प्राप्त गरेका छन्। हाल उनीहरू विदेशी अधिकारीहरूसँग मानवअधिकार तथा विकाससम्बन्धी मुद्दाहरूबारे नियमित रूपले अन्तरक्रिया गर्दैछन् र राजनीतिक छलफलहरूलाई अघि बढाउनका लागि प्रमुख शक्तिहरूसँग उनीहरूको पहुँच छ। लोकतान्त्रिक मार्गलाई अस्वीकार गरेको खण्डमा उनीहरूले यो पहुँच गुमाउनेछन्। भारतको राजनीतिक स्वीकार्यता ज्यादै अप्ठेरोसँग प्राप्त भएको छ, त्यसकारण माओवादीका अनेकौं प्रयासहरू बहुदलीय राजनीतितर्फको सम्भावित सङ्क्रमणको रक्षा गर्ने ढङ्गले सञ्चालित छन्। यो सङ्क्रमणलाई साकार रूप दिन भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) जस्ता महत्वपूर्ण खेलाडीहरूको समर्थनको महत्व ज्यादै ठूलो हुनेछ। माओवादीहरूले भारतीय राजनीतिज्ञहरूले आफूप्रति गरेको विश्वासलाई घात गरेको खण्डमा उक्त समर्थन पाइरहने सम्भावना छैन।

**जनविश्वासको स्थापना।** वार्ताद्वारा शान्ति प्राप्त गर्ने कार्यमा आफूले प्रदर्शन गरेको खुलापनबाट सकारात्मक जनप्रतिक्रिया प्राप्त भएको कुरामा माओवादीहरू एकदमै सजग छन्। युद्ध अन्त्य गर्ने र मूलभूत अधिकारहरूको संरक्षण गर्ने अफ्ना घोषित बाचाहरूको कारण उनीहरूले जुन आदर प्राप्त गरेका छन्, ती बाचाहरूको पालना नगरेको खण्डमा उनीहरूले त्यो आदर छिटै नै गुमाउने छन्। माओवादीहरू सम्भावित संविधानसभाको चुनावलाई दृष्टिगत गरेर चुनावको तयारी गरिरहेका छन्। विगत कालका मत सर्वेक्षणहरूले उनीहरूले जति पाउने सङ्केत गरेका थिए अहिले उनीहरूका सामु मतको त्योभन्दा निकै नै ठूलो हिस्सा प्राप्त गर्ने सुअवसर छ। तर यस प्रयोजनका लागि आफ्नो जनसमर्थनको आधारलाई फराकिलो पार्नु जरुरी छ भन्ने कुरा उनीहरूलाई थाहा छ।

## ३. ...तर यो मार्गमा कटिबद्ध हुँदै अन्य विकल्पहरू खुला राख्नुपर्छ

आन्दोलनबाट गणतन्त्रको उदय हुन सक्छ भन्ने माओवादीहरूको आशा अन्तिम, हिंसात्मक विद्रोहद्वारा मात्र राजतन्त्रको तख्ता उल्टाउन सकिन्छ भन्ने लामो समयदेखिको विश्लेषणमा आधारित थियो। तर त्यसो भएन। "सबैभन्दा ठूलो घाटा माओवादीहरूलाई भएको छ", अमेरिकी राजदूत जेम्स मोरिआर्टीले दाबी गरे- "शनिबार (२२ अप्रिल) उनीहरू हिंसात्मक क्रान्तिद्वारा सिङ्गो राजतन्त्रबाट छुटकारा पाउने लक्ष्यको नजिक थिए।"[•••] माओवादीहरूले साँच्चि नै क्रान्ति नजिकै छ भनेर आशा गरेका थिए। प्रचण्डको के विश्वास छ भने "आन्दोलनलाई अरू केही दिन निरन्तर हुन दिइएको भए नेपालका राजा र राजपरिवारको स्थिति रुमानियाका चाउचेस्कुभन्दा फरक नहुने कुरामा झन्डैजसो निश्चित थियो।"[•••]

तर माओवादीहरूलाई सबैभन्दा ठूलो घाटा भएको छैन। आकस्मिक विद्रोहबाट आफूलाई किस्तीमा सत्ता प्राप्त भएको भए उनीहरू प्रसन्न त हुन्थे नै तर उनीहरूले अन्य नतिजाहरूका लागि पनि व्यावहारिक दृष्टिले योजना बनाएका थिए। उनीहरू बदलिँदो राजनीतिक परिदृश्यबाट फाइदा उठाउनका लागि सुसङ्गठित छन् र लचकता अपनाउन ज्यादै समर्थवान् छन्। यो अविचल रूपबाट उनीहरूको एउटा सबल पक्ष रहिआएको छ र यसमा परिवर्तन नहुने सम्भावना छ। कतिपय गलत आकलनहरूका बाबजुद, उनीहरूले काठमाडौंको राजनीतिलाई नियाल्ने तथा, फुट र कमजोरीहरूहरूबाट पूरापूर फाइदा लिने राम्रो कीर्तिमान कायम गरेका छन्।

जनआन्दोलनले आफ्नो जनयुद्धको रणनीतिको सफलतालाई पुष्टि गऱ्यो भनेर माओवादीहरूले प्रारम्भिक विश्लेषण गरेका छन् र यो रणनीति नै जनआन्दोलनको मूल आधार हो भन्ने कुरामा उनीहरू विश्वस्त छन्। ग्रामीण परिचालनले जनआन्दोलनको आगोमा घिउ थपेको हो र गरिब किसान, अल्पसङ्ख्यक जनजातिहरू, दलित र महिला नै यसका सर्वाधिक महत्वपूर्ण सहभागी हुन् भन्ने तिनलाई लागेको छ।[•••] आन्दोलनले पूर्णता प्राप्त नगरेको कुरा स्वीकार गर्दागर्दै पनि उनीहरूले यसलाई भावी विद्रोहको सम्भावनाको ढोका खोल्न सक्ने बढी समुन्नत आधारको निर्माण गऱ्यो भन्ने अर्थमा बुझेका छन्। यो आन्दोलनलाई व्यापकता र प्रकृति दुवै दृष्टिबाट सन् १९९० को आन्दोलनसँग दाँज्न मिल्दैन किनभने सन् १९९० को आन्दोलन निकै नै साँघुरो, काठमाडौं उपत्यकाकेन्द्रित र सहरिया मध्यमवर्गहरूद्वारा सञ्चालित थियो।[•••]

थप वार्ता गर्नु अगावै वार्ता गर्ने आफ्नो स्थितिलाई र सम्भावित संविधानसभाको चुनाव अगावै आफ्नो सार्वजनिक हैसियतलाई सबल तुल्याउनु माओवादीहरूको हालको प्राथमिकता हो। यस प्रयोजनका लागि तिनका कार्यनीतिक उद्देश्यहरू यस प्रकार छन् :

- ☐ निःशर्त संविधानसभाको दिशामा अघि बढ्न सरकारलाई दबाब दिनु;

[•••] "नेपाल हिंसात्मक क्रान्तिको सङ्घारमै पुगेको थियोः मोरियार्टी", www.nepalnews.com, २७ अप्रिल २००६।
[•••] प्रचण्ड, "वर्तमान जनसङ्घर्षबारे केही कुरा", माथि उल्लेखित।
[•••] दलित संहिताबारे, "जनआन्दोलन २००६ मा दुई जना दलित शहीद घोषित", जागरण मिडिया सेन्टर, इ-बुलेटिन नम्बर १५, १ मे २००६ हेर्नुहोस्।
[•••] प्रचण्ड, "वर्तमान जनसङ्घर्षबारे केही कुरा", माथि उल्लेखित।

- ☐ जनसाधारणमाझ आफ्नो राजनीतिक पहुँच र उपस्थिति बढाउनु;
- ☐ जनमानसमा जस आर्जनका लागि एकतर्फी युद्धविराम जस्ता सद्भावसूचक कदमहरूलाई उपयोगमा ल्याउनु;
- ☐ अफ्ना अनेकौं राजनीतिक उद्देश्यहरूमा सहमत हुने अन्य वामपन्थी दलहरूलगायतका समूहहरूसँग व्यापक गठबन्धन निर्माण गर्नु; र
- ☐ आधारभूत संवादकै तहमा मात्र भए पनि अन्तर्राष्ट्रिय समुदायसँग सम्बन्ध कायम गर्नु।

माओवादीहरू भर्खरै उपलब्ध हुन गएको राजनीतिक स्थान ओगट्न हत्तपत्त अघि सरे। उनीहरूका कार्यकर्ताहरू बन्देजहरू आधिकारिक रूपले फुकुवा गरिने समय नकुरी काठमाडौंको साथै जिल्लाका केन्द्रस्थलहरूमा समेत जनसभाहरूलाई सम्बोधन गर्न थाले,[•••] अनि तत्कालै आफ्नो मुखपत्र *जनादेश* को प्रकाशनलाई पुनः सुरु गरेर खुलेआम बिक्री गर्न थाले।[•••] उनीहरू देशभरि विशाल जनसभाको आयोजना गर्न थाले जसमध्ये अनेकौं सभामा वरिष्ठ नेताहरूले सम्बोधन गरे। प्रचण्ड सार्वजनिक हुनका लागि स्थिति अझै पर्याप्त रूपले सुरक्षित छैन भन्ने तिनको अनुभूति छ यद्यपि यो छिटै नै सम्भव होला भन्ने तिनको आशा छ।[•••] यसबीच उनीहरू विरोध प्रदर्शन गर्न अझै पनि इच्छुक रहेका मानिसहरूलाई प्रेरित गर्दै मूलधारका राजनीतिक नेताहरूप्रतिको जनअसन्तोषको धङधडीबाट फाइदा उठाउन खोजिरहेका छन्। यसरी उनीहरूले राजनीतिक नेताहरूलाई तर्साउन खोजेको पनि आभास पाइन्छ।[•••]

उनीहरू कतिपय अवस्थामा यो चरणको जनपरिचालनको सिलसिलामा मोर्चा सङ्गठनहरूलाई प्रयोग गरिरहेका छन् जसमध्ये मालेका राष्ट्रिय सभाका पूर्व सांसद[•••] राममान श्रेष्ठको नेतृत्वमा रहेको लोकतान्त्रिक संयुक्त मोर्चा र खुला रहेका माओवादी समर्थक भक्तबहादुर श्रेष्ठको नेतृत्वमा रहेको नवगठित राष्ट्रिय जनमञ्च पर्दछन्। एकताका नेकपा (मशाल) को महासचिव छँदा भक्तबहादुर प्रचण्डका नेता थिए।[•••]

यी सबै कार्यहरूले पनि उनीहरूको विद्यमान रणनीतिलाई टेको दिएका छन्। जनअसन्तोष बढ्दै गएमा र अन्य परिस्थिति अनुकूल भएमा उनीहरूले सम्भावित जनविद्रोहको तयारीलाई जारी नै राख्नेछन्। निजी कुराकानीमा माओवादी नेताहरू वार्ताका लागि यो अन्तिम मौका हो भनेर खबरदारी गर्ने गर्छन्। उनीहरू यो वार्ता असफल भएमा आफूहरू र अफ्ना कार्यकर्ताहरूको वार्ताप्रतिको धैर्य टुट्ने कुरा गर्छन्।[•••] तर स्वीकारयोग्य वातावरणमा मूलधारमा प्रवेश गर्नु नै उनीहरूका लागि सबैभन्दा सुरक्षित विकल्प हो। गणतान्त्रिक विद्रोह सफल भएछ नै भने पनि त्यसबाट दिगो विजय प्राप्त नहुने कुरामा उनीहरू सजग छन्। तर बहुदलीय राजनीतिमा प्रवेश गर्ने कार्यलाई आत्मसमर्पणका रूपमा लिइयो भने उनीहरूले यसमा प्रवेश गर्ने छैनन्।

### ग) दरबार झुकेको छ तर हारेको छैन

राजाको २४ अप्रिल २००६ को घोषणाको शब्दचयनको निहितार्थ निःशर्त आत्मसमर्पण हो। उनी जनआन्दोलनको भाषा प्रयोग गर्दै सातदलीय गठबन्धनलाई त्यसको मार्गचित्र लागू गर्नका लागि आमन्त्रण गरेर अफ्ना योजनाहरू परित्याग गर्न बाध्य भएका थिए। तर दरबारले यति सजिलै हार स्वीकार गर्नेछैन। घोषणाको तयारीले आत्मसमर्पण नभएर कार्यनीतिक पछि हटाइलाई इङ्गित गर्छ। राजा र उनका वरिपरिको सशक्त सन्जालले आफूसित भएको हरप्रकारको प्रभाव प्रयोग गरी राजतन्त्रको रक्षार्थ पृष्ठरक्षक कारबाहीका रूपमा सङ्घर्ष गर्नेछन्। फुटाउने र शासन गर्ने प्रयासहरूलाई पुनः जारी राखेर दलका कमजोरीहरूबाट फाइदा उठाउने जस्ता अभ्यासमा पारङ्गत भएका हुनाले यिनीहरूलाई खेल खेल्नका लागि सायद अनेकौं अवसरहरू उपलब्ध छन्।

दरबारले अफ्ना सशक्त सन्जालहरूमार्फत अझै पनि प्रभाव र संरक्षकत्वको अभ्यास गर्न सक्छ। यो अभ्यासमा कमान्डरहरू राजमुकुटप्रति बफादार रहेको र शाही सरकारको मेरुदण्डको रूपमा रहेको नेपाली सेना सबैभन्दा प्रमुख तत्त्व हुन सक्छ। तर न्यायपालिका र निजामती सेवादेखि लिएर मूलधारका दलहरूका आफूप्रति सहानुभूति राख्ने व्यक्तिहरूसम्म र सुन्दा अनौठो लागे पनि, माओवादीहरूसम्म समेत विस्तारित भएको हुनाको कारण नेपालको राजनीतिभरि नै यसको पहुँच रहेको छ। राजदरबार सचिवालयका अधिकारहरू कडाइकासाथ कटौती नगरेसम्म उक्त सचिवालय यो सन्जालको केन्द्रका रूपमा रहिरहनेछ।

---

[•••] माओवादी विद्यार्थी नेता लेखनाथ न्यौपाने र मजदुर सङ्गठनका नेता शालिकराम जमरकट्टेलले २८ अप्रिलको दिन काठमाडौंको केन्द्रस्थित खुलामञ्चमा अन्य दलहरूद्वारा अयोजित भेलामा अतिथिको हैसियतले सम्बोधन गरे। "विद्रोहीहरूद्वारा संविधानसभाका लागि दबाब", *Himalayan Times*,२९ अप्रिल २००६। दोस्रो शाही घोषणापछि प्यूठान, विराटनगर, धनगढी, धनकुटा र अन्य ठाउँमा पनि माओवादीहरूका विशाल जनसभा भए। "लोकतान्त्रिक गणतन्त्रका लागि देशव्यापी आमसभा, *जनादेश,* ३० अप्रिल २००६।

[•••] २००३ को युद्धविराम भङ्ग भएयता काठमाडौंमा पहिलो पटक *जनादेश* खुला रूपले बिक्री गरिएको २ मे २००६ मा हो।

[•••] क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, २ मे २००६।

[•••] उदाहरणका लागि एमाले महासचिव माधव नेपाल र केन्द्रीय समितिका सदस्य प्रदीप ज्ञवालीलाई क्रुद्ध भीडहरूले आक्रमण गरे। नेपालमाथि २८ अप्रिलको बेलुका आफ्नै घरबाहिर आक्रमण गरियो भने ज्ञवालीलाई २ मेको बेलुका संसदबाट फर्कन लाग्दा आक्रमण गरियो। उक्त आक्रमण आफ्नो कार्यकर्ताहरूबाट नभएको माओवादीहरूले बताए। बाबुराम भट्टराई स्वयंले नेपाललाई भेटी यस कुरामा जोड दिए- "Lawmakers face miscreants' wrath", *Himalayan Times*,३० अप्रिल २००६। २ मेको दिन सानो तर क्रुद्ध भीडले सिंहदरबारको मूल द्वारको ताल्चा तोडेर संसद भवनसमेत रहेको सिंहदरबार परिसरमा घुस्ने चेष्टा गऱ्यो। २८ अप्रिलको दिन सन्दिग्ध माओवादीहरूले काठमाडौंको आफ्नो जनसभाबारे समाचार सम्प्रेषण गर्ने एक जना फोटोपत्रकारलाई समातेर धम्की दिए। "माओवादीहरूद्वारा फोटोपत्रकार श्रेष्ठमाथि राजधानीमा दुर्व्यवहारू", www.nepalnews.com, १ मे २००६।

[•••] नेकपा (माले) १९९८ मा एमाले फुटेर बनेको थियो। फुटेका दुई समूह २००२ मा पुनः एकीकृत भए।

[•••] विरोध प्रदर्शनका सिलसिलामा यस्ता मोर्चाको गठनबारे माथि हेर्नुहोस्।

[•••] क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, अप्रिल-मे २००६।

२४ अप्रिलको घोषणाको समयसम्म शाही सरकारको सम्भावित व्यवहारको नाडी छाम्न खोज्ने पर्यवेक्षकहरू व्यक्ति राजामाथि केन्द्रित रहे। यो पर्यवेक्षण उनको अभिमान, दृढसङ्कल्प, नाक जाने डर आदि इत्यादि जस्ता कारकहरूमै केन्द्रित रह्यो। तर अब भने दरबारमाथि आश्रित हुनेहरू अर्थात् सेना, सामन्ती अभिजातहरू, शाही नातेदारहरू र वंशका सदस्यहरू तथा व्यापारिक हितहरू अफ्ना समष्ठिगत हितहरूको संरक्षण गर्नका निमित्त गोलबद्ध हुनेछन्। उनीहरूले व्यक्ति राजा जति सक्षम शक्ति भएका थिए त्योभन्दा पनि दरिलो र सक्षम राजनीतिक शक्तिको निर्माण गर्नेछन्। दरबारलाई यस प्रयासमा राजावादी राजनीतिक दलहरूद्वारा प्रत्यक्ष वा परोक्ष रूपले समर्थन प्राप्त हुनेछ।•••

राजाले दोस्रो घोषणा गरुन्जेलसम्ममा उनका लागि संविधानसभा नै अत्युत्तम विकल्प बनेको थियो। उनले विरोध प्रदर्शनलाई जारी रहन दिएका भए सडकका क्रुद्ध भीडहरूद्वारा आन्दोलनको तातो रापको बीचमा उनको नियतिको निर्धारण गरिन्थ्यो होला। संविधानसभा राजतन्त्र विरुद्ध खडा हुन सक्छ तर यो हदै छिटो हुँदा पनि संविधानसभा सम्पन्न गर्न महिनौं लाग्नेछ। यस अवधिमा जनआवेग ठन्डा हुनेछ। त्यसकारण सावधानीपूर्ण चाल चलेको खण्डमा राजाले आफ्नो धमिलिएको छविमा केही न केही सुधार गर्न सक्नेछन्। कोइरालाको शपथग्रहण समारोहमा राजाले प्रधानमन्त्रीलाई डोऱ्याएर सोफामा पुऱ्याएको घटनालाई समाचारहरूले राजाको "शिष्टता र विनम्रता" का रूपमा प्रस्तुत गरिसकेका छन्।••• खास गरेर मूलप्रवाहका नेताहरूले आफ्नो छवि धमिल्याउन पुगे भने पहिलेका मत सर्वेक्षणहरूमा राजनीति नगर्ने संवैधानिक राजतन्त्रले पाएको व्यापक समर्थन फेरि ब्युँतिन सक्नेछ। तर राजाले आत्मसमर्पण गरेको केही दिनपछि नै प्रहार गरेर भाग्ने अर्को सडक दुर्घटना गराउन पुगेका युवराज पारसको कुरूप सार्वजनिक छविले भने शाही पुनःस्थापनसम्बन्धी प्रयासहरूलाई निस्प्रभावी बनाइरहनेछ।•••

••• पशुपतिशमशेर राणाको नेतृत्वमा रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी र सूर्यबहादुर थापाको नेतृत्वमा रहेको राष्ट्रिय जनशक्ति पार्टीले शाही कूलाई अस्वीकार गरी संविधानसभाको दिशामा अघि बढ्ने कार्यमा अन्य दलहरूलाई मत प्रदान गरेका थिए। तथापि ती गणतन्त्रको पक्षमा नउभिने हुनाले आगामी महिनाहरूमा ती आलोचनात्मक प्रवृत्तिका साथ दरबारका मूल्यवान् मित्र हुनेछन्। शाही गृहमन्त्री कमल थापाको नेतृत्वमा रहेको राप्रपाको चोइटो जसलाई फुटाउन दरबारले चालबाजी गरेको थियो र जसलाई आर्थिक भरणपोषण पनि गरेको थियो। शाही शासन ढलेर थापा सार्वजनिक दृश्यबाट तिरस्कृत रूपले बेपत्ता भएपछिको अवस्थामा कुनै महत्त्व रहला कि नरहला त्यो हेर्न बाँकी नै छ।

••• "प्रधानमन्त्री कोइरालाद्वारा पदको शपथग्रहण", www.nepalnews.com, ३० अप्रिल २००६। राजाले ३० अप्रिल २००६ मा दिवङ्गत नरशमशेर (दरबारका निकट विश्वासपात्र) को घरमा गएर अन्तिम श्रद्धाञ्जली पनि दिए। उनले राजसी धूमधामरहित निजी कार चलाएर, अझ त्यसमाथि ट्राफिक लाइटसमेत कुरेर नागरिक तहको यात्रा गरे। "कालो गाडीमा राजा सरर", *जनआस्था,* ३ मे २००६। तर त्यसको एक हप्तापछि नै सुरक्षाका नाममा सार्वजनिक सडक घण्टौंसम्म बन्द गरेर दम्भ प्रदर्शन गर्दै एउटा मन्दिरमा पुगे। "King offers sacrifices at Dakshinkali temple", *The Kathmandu Post,* ७ मे २००६।

••• केदार ओझा, "Crown prince's vehicle clips wedding party bus", *The Kathmandu Post,* ३० अप्रिल २००६।

हाल अधिकांश विश्व राजतन्त्रप्रति उदासीन भएको छ तर कतिपय मित्रहरू भने राजतन्त्रप्रति अझै पनि बफादार हुन सक्छन्। यीमध्ये अग्रणी भारतका राजपरिवारहरू (महत्त्वपूर्ण राजनीतिक पदमा बहाल रहेकाहरू समेत) र हिन्दू दक्षिणपन्थी हुन्। चीन र अमेरिका जस्ता प्रमुख शक्तिहरू राजाको हालसालैको व्यवहार देखेर निराश भएका हुन सक्छन् तर नेपालको सबैभन्दा पुरानो संस्थालाई त्यागिँदा हुन सक्ने सम्भाव्य अस्थिरताकै भयले मात्र पनि कमसेकम राजतन्त्रको शिष्टाचारी भूमिकाको संरक्षण गर्नका लागि यिनीहरू गोलबद्ध हुनेछन्। जहाँसम्म सर्वसाधारण नेपालीको कुरा छ, माओवादीहरूको प्रतिकार गर्न स्पष्ट रूपले असफल हुनाको बाबजुद राजाले माओवादीहरूको डर कायमै रहेको विषयलाई लिएर अन्तर्राष्ट्रिय तहमा अपिल गर्दै राजतन्त्र कम्युनिस्ट सर्वसत्तावाद विरुद्ध पहरेदार हो भन्ने विचार सदाझैं अघि सार्न सक्नेछन्।

### घ) कूटनीतिक पुनःसंलग्नता

अन्तर्राष्ट्रिय समुदायले गनुपर्ने पहिलो कुरा के हो भने उसले अतीतमा आफूले गरेका भूलहरूबाट सिकेर त्यस्ता भूलहरू नदोहोऱ्याउने सुनिश्चितता गर्नुपर्छ। त्यो कार्यपथ अर्थात् नेपालका राजनीतिकर्मीहरूलाई दह्रादह्रा सिफारिस गर्न कदापि नहिचकिचाउने दातृ संस्थाहरू र कूटनीतिज्ञहरूले अँगाल्ने गरेको कार्यपथले नेपालको लोकतान्त्रिक सङ्क्रमणमा सघाउ पुऱ्याउने मात्र नभएर यसबाट नेपालका अन्तर्राष्ट्रिय साझेदार पनि लाभान्वित हुनेछन्। नेपालको लोकतान्त्रिक आन्दोलनको सफलताले दातृ संस्थाहरू र कूटनीतिज्ञहरूलाई आफ्नो विश्वसनीयता पुनः प्राप्त गर्न स्थान छाडिदिएको छ र नेपालका राजनीतक नेताहरूले तिनलाई अफ्ना नीतिहरूको पुनरावलोकन गर्न सावधानीसाथ ठाउँ दिएका छन्।

राजाको पहिलो प्रस्तावलाई आफूले गरेको दरिलो समर्थनप्रति प्रकट हुन सक्ने नकारात्मक प्रतिक्रियाहरू काठमाडौंस्थित भारतीय कूटनीतिज्ञहरूका दृष्टिले तत्कालै खुलस्त भए। "फेब्रुअरी १ (२००५) देखि नेपाली जनतासँग एकसाथ रहेर हामीले जुन सद्भाव कमाएका थियौं हामीले त्यसलाई एकै दिनमा मिल्काउने जोखिम उठायौं", एक जना वरिष्ठ कूटनीतिज्ञले भने- "फेरि यस्तो गल्ती गरियो भने विश्वासको पुनःस्थापन गर्न हामीलाई पूरै एक पुस्ता लाग्न सक्नेछ।"••• यो स्वीकारोक्तिले दिल्लीमा अन्यौल पैदा गऱ्यो। प्रधानमन्त्री मनमोहन सिंहद्वारा प्रेसलाई भारतले राजाको प्रस्तावको समर्थन गरेको खुलासा गरिरहँदा••• र राष्ट्रिय सुरक्षा सल्लाहकार एमके नारायणनद्वारा एक अलग वक्तव्यमार्फत उक्त समर्थनको अनुमोदन गरिँदै गर्दा परराष्ट्र सचिव श्यामशरण भने शीघ्रतासाथ नीतिगत मार्ग परिवर्तन गरिरहेका थिए। राति अबेर आयोजित लम्बेतान पत्रकार सम्मेलनमा उनले भारतीय प्रेसद्वारा सोधिएका प्रश्नहरूको प्रत्युत्तरमा उक्त मार्ग परिवर्तनसम्बन्धी स्पष्टीकरण दिएका थिए :

••• क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, काठमाडौं, २१ अप्रिल २००६।

••• "मनमोहनसिंहद्वारा नेपालका राजा ज्ञानेन्द्रको कदमको समर्थन," *Daily News Analysis,* २२ अप्रिल २००६।

> मेरो ख्यालमा तपाईंहरूले भारतद्वारा हिजो जारी गरिएको वक्तव्यलाई यो वा त्यो प्रस्तावको स्वीकृति वा खारेजीका रूपमा हेर्नुहुँदैन। मैले भनेजस्तै हिजोको वक्तव्यमा हामीले राजाले नेपालका जनतालाई सत्ता हस्तान्तरण गर्नुपर्छ भन्ने हाम्रो मान्यताबारे सम्प्रेषण गर्न खोजेका थियौं। राजाले उनको वक्तव्यमा, उनको घोषणामा उक्त खास मान्यतालाई स्वीकार गरेको प्रतीत हुन्छ। त्यसलाई कसरी अघि बढाइने हो भन्ने कुराको निधो नेपालका जनता स्वयंले गर्ने हो। भारतले जे भन्यो त्यसलाई नेपालका जनताले अस्वीकार गरेको वा त्यसप्रति नकारात्मक प्रतिक्रिया व्यक्त गरेजस्तो मलाई लाग्दैन। मलाई के लाग्छ भने केही खास पक्ष वा खास तत्वहरू छन् जसले भारतको कथनको निहितार्थलाई जानाजान बंग्याएका छन्। हामी नेपालका लोकतान्त्रिक शक्तिहरूको पक्षमा रहेका छौं र रहिरहने छौं। यस सम्बन्धमा कुनै संशय हुनुहुँदैन।•••

संयुक्त राज्य अमेरिकाले संवैधानिक परिवर्तन सम्बन्धमा लामो समयदेखि लिएको अडानमा उल्लेख्य संशोधन गर्‍यो। अमेरिकी कूटनीतिज्ञहरूले सन् १९९० को संविधानको खाकाभित्र गरिने संशोधनभन्दा परको आधारभूत परिवर्तन आवश्यक होला र त्यस प्रकारको परिवर्तन राजनीतिक दृष्टिले स्वीकारयोग्य होला भन्ने कुरा कहिल्लै पनि मञ्जुर गरेका थिएनन्। जनवरी २००६ मा राजदूत जेम्स मोरिआर्टीले जोड दिँदै भनेका थिए- "संविधानसभाबारे विचार गर्नु जरुरी छैन।" उनले त्यसको सट्टा सैन्य अभियानलाई सघन तुल्याउनु नै माओवादीहरूसँग टक्कर लिने एकमात्र उपाय हो भन्ने कुरामा जोड दिएका थिए।••• तर राजाले आत्मसमर्पण गरेपछि भने अमेरिकाले संविधानसभा "माओवादीहरूका लागि राजनीतिक मूलधारमा सामेल भएर नेपालका समस्याहरू समाधान गर्न शान्तिपूर्ण तरिकाले सघाउने शानदार थलो साबित हुन सक्ला"••• भनेर नयाँ राजनीतिक वातावरणलाई झटपट मान्यता दियो।

तथापि तरिकाहरूबारे भने गम्भीर मतभिन्नताहरू विद्यमान छन्। बेलायती राजदूत किथ ब्लुमफिल्डले "राजाका २१ र २४ अप्रिलका घोषणाहरूसम्बन्धी युरोपेली सङ्घका विचारहरूलाई लोकतान्त्रिक प्रेसद्वारा पटक-पटक गलत प्रस्तुति गरियो" भनी गुनासो गरेका छन्। उनले "युरोपेली सङ्घले नेपालमा पूर्ण प्रजातन्त्रको पुनःस्थापनको पक्षमा अविचल दृष्टिकोण अपनाएको" कुरामा जोड दिँदै भनेका छन्- "निश्चय नै उही लक्ष्य प्राप्त गर्ने बाटाहरू भने भिन्नभिन्न छन्।"••• तर उनको यो भनाइबाट आधारभूत असहमति पैदा भयो। युरोपेली सङ्घ, दरबार र दलहरूका "संवैधानिक शक्तिहरू" बीच मेलमिलापको पक्षम अविचल रहिआएको हो यद्यपि अफ्ना पछिल्ला वक्तव्यहरूमा भने उक्त अडानलाई स्पष्ट रूपले "सबै राजनीतिक शक्तिहरू" मा संशोधन गरेको छ जसमा निहितार्थमा माओवादीसमेत परेको छ।•••

उता अमेरिकाको दृष्टिकोण भने योभन्दा एक कदम पछाडि रहेको थियो जसअनुसार नेपालका राजालाई संवैधानिक शक्ति मात्र नभएर "संवैधानिक राजनीतिक पात्र" समेत मानिएको थियो।••• दलहरूले महिनौं पहिले विनम्रतासाथ यस अडानलाई अस्वीकार गरेर दरबारले हार स्वीकार गरेको खण्डमा मात्र जनताले स्वीकार गर्न मिल्ने नयाँ शासनको ढोका खुल्ने कुरा सही ढङ्गले महसुस गरेका थिए। तर २४ अप्रिलको संसद पुनःस्थापना गर्ने राजाको घोषणाको घडीसम्ममा अमेरिकी दृष्टिकोणमा हठात् कति ठूलो परिवर्तन भइसकेको थियो भने घोषणा भएको केही घण्टापछि नै राज्य विभागद्वारा जारी गरिएको वक्तव्यमा भनियो- "हामीलाई के लाग्छ भने उनले अब दलहरूलाई सत्ता हस्तान्तरण गरेर आफ्नो देशको शासकीय प्रणालीमा सेरेमोनियल राजाको भूमिका धारण गर्नुपर्दछ।"•••

नेपालको प्रभावशाली दातृ समुदायले राजाको दोस्रो प्रस्तावको हार्दिक स्वागत गर्‍यो। अनि थुप्रै प्रमुख दातृ संस्थाहरूले नेपाललाई खुला हृदयले सहयोग गर्ने योजना पनि अघि सारे। तर यस प्रकारको सहयोगमा समन्वित तरिका अपनाइने लक्षणहरू भने ज्यादै कम देखिएका छन्। ऋण स्थगन नगरेर तत्काल आर्थिक राहत दिन सक्ने सबैभन्दा ठूलो क्षमता भएको र दीर्घकालीन पूर्वाधार तथा सामाजिक विकासमा अभिरुचि राख्ने भारतले झटपट आफूले यस कार्यमा अग्रणी भूमिका खेल्ने वचन दियो। एउटा रिपोर्टअनुसार, "भारतले अन्तर्राष्ट्रिय सहयोग-समूहको एक अङ्ग हुनुको सट्टा काठमाडौंलाई एकतर्फी रूपले आर्थिक सहयोग गर्ने निधो गर्‍यो।"••• नर्वेका अन्तर्राष्ट्रिय विकासमन्त्री इरिक सोल्हेमले राजा पछि हटेको केही दिनपछि नै काठमाडौंमा अवतरण गरी सहायता वृद्धि गर्ने र माओवादीहरूसँगको वार्तामा सघाउने प्रस्ताव अघि सारे।••• उनले नर्वेद्वारा श्रीलङ्कामा आर्जन गरिएको अनुभवको उल्लेख गर्दै सरकार र सात दलले अनुरोध गरेको खण्डमा द्वन्द्वको छिनोफानो गर्ने कार्यमा सहयोग गर्ने वचन दिए।••• तर उनले

---

••• "परराष्ट्र सचिव श्याम शरणद्वारा नेपालबारे प्रेसलाई जानकारी", परराष्ट्र मन्त्रालय, नयाँ दिल्ली, २२ अप्रिल २००६।

••• क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, काठमाडौं, १२ जनवरी २००६।

••• "अमेरिका नयाँ सरकारसँग काम गर्ने पूर्वकल्पना गर्दछ", अमेरिकी राजदूतावासको प्रेस वक्तव्य, २७ अप्रिल २००६, http://nepal.usembassy.gov/pr_04-27-2005.html.

••• *Nepali Time* लाई पत्र, २८ अप्रिल २००६।

••• नेपालस्थित फिनल्यान्ड राजदूतावासद्वारा ११ अप्रिल २००६ मा जारी गरिएको "नेपालका हालैका घटनाहरूबारे युरोपेली सङ्घको अध्यक्ष मण्डलको वक्तव्य" यसको उदाहरण हो।

••• अमेरिकी राजदूत जेम्स मोरिआर्टीद्वारा गणेशमान सिंह प्रतिष्ठानमा दिइएको भाषण, १५ फेब्रुअरी २००६।

••• अमेरिकी अधिकारीहरूले प्रश्नहरूको उत्तर दिँदै सेरेमोनियल भूमिकासमेत पनि जनताको निर्णयमा निर्भर रहने कुरातर्फ इङ्गित गरे। दक्षिण तथा केन्द्रीय एसिया मामिलाका सहायक राज्यसचिव रिचर्ड बाउचरद्वारा गरिएको प्रेस सम्मेलन, काठमाडौं, ३ मे २००६। यो सामग्री http://www.state.gov/p/sca/rls/ rm/2006/65751.htm मा उपलब्ध छ।

••• "King gone, India opens purse strings for new Nepal Govt", *Indian Express*, ३० अप्रिल २००६।

••• "सोल्हेमद्वारा नेपालमा सर्त विषयक वार्ता जारी", www.nepalnews.com, ४ मे २००६।

••• "माओवादीहरूसहितको अन्तरिम सरकार बनेपछि संविधानसभाको चुनावः प्रधानमन्त्री कोइराला", ekantipur.com,, ४ मे २००६। सोल्हेम श्रीलङ्काली शान्ति प्रक्रियाका प्रमुख मध्यस्थकर्ता पनि हुन्।

भारतले आफ्नो अग्रणी भूमिका कायम राख्नुपर्ने कुरा सुझाउँदै नर्वेले वार्तामा मध्यस्थताको खोजी गरेको होइन भनेर स्पष्टीकरण पनि दिए।••• अन्य दातृ संस्थाहरू पनि सहायता कार्यक्रमहरू पुनः चालु गर्नेबारे कुरा गर्न थालेका छन्,••• अनि नेपाली अधिकारीहरू आर्थिक सहयोगका लागि अनुरोध गर्न थालेका छन्।••• तर हतपत गरेर सहायता प्रवाह गर्नाले अस्थिर राजनीतिक स्थिति झनै नाजुक हुन सक्ने सम्भावना छ।

## ५. तत्कालका चुनौतीहरू

### क) कमजोर सरकार, इच्छुक दाताहरू

माओवादीहरूसँगको शान्ति प्रक्रियाले ठोस नतिजाहरू नदिउन्जेलसम्म नेपालको केन्द्रीय सरकारमा अधिकांश ग्रामीण क्षेत्रमा शासन चलाउने क्षमता ज्यादै कम हुनेछ। तर काठमाडौँमा तीव्र गतिमा भइरहेको राजनीतिक प्रगति, राजकीय प्राधिकारको पुनर्निर्माण गर्ने अभिभारा र जिल्लाव्यापी रूपमा प्रभावकारी शासकीय प्रणालीको स्थापना गर्न धेरै समय लाग्नेछ। यसका लागि महिनौँभन्दा पनि वर्षौँ लाग्नेछ। यही कारणले मात्र पनि विकाससम्बन्धी सहयोगलाई राजनीतिक स्थिति र अन्ततः विधायकी तथा प्रशासनिक क्षमतायुक्त स्थायी र वैध सरकारको स्थापना गर्ने दुरुह सङ्क्रमणकालीन प्रक्रियाहरूबाट अलगग्याएर हेर्न मिल्दैन।

अन्तर्राष्ट्रिय समुदायले पुनः विश्वसनीयता प्राप्त गर्नका निमित्त शान्ति प्रक्रियालाई प्रभावकारी सहयोग उपलब्ध गराउने माध्यमका रूपमा प्रयोग गर्न सक्छ तर विश्वास किन्न सकिने चीज होइन। त्यसकारण सहायताको ठूलो राशि प्रवाह गर्ने कार्यलाई शान्तिको लाभांशका रूपमा हेर्नु अपरिवक्क दृष्टिकोण हुनेछ। विकासे पेसाकर्मीहरूको साबिक रूपले आफ्नो कार्य व्यापारमा फर्किने इच्छाको बाबजुद नेपाल बृहत् स्तरीय विकास कार्य पुनः सञ्चालन गर्नका लागि तयार हुन निकै समय लाग्नेछ। त्यसकारण नयाँ सरकारको मार्गदर्शनअन्तर्गत शान्ति प्रक्रिया र यससम्बन्धी कार्यलाई सुदृढ तुल्याउनु, राज्यप्रतिको विश्वासको पुनर्निर्माण गर्नु र प्रभावकारी रूपले शासन सञ्चालन गर्ने यसको क्षमताको बिस्तारै-बिस्तारै पुनःस्थापन गर्नु नै प्रारम्भिक प्रयास हुनुपर्छ। एकतर्फी रूपले सहायता दिने प्रयासहरू अन्तरविरोधी र प्रत्युत्पादक हुने गम्भीर जोखिम विद्यमान छ। सबै प्रमुख दाताहरूलाई एकसाथ जुटाएर सिद्धान्तहरूका सम्बन्धमा सहमति कायम गरी कार्यक्रमहरूलाई समन्वित गर्ने शान्ति सहयोग समूहका निर्माण गर्नु यस प्रकारका जोखिमहरूलाई न्यूनीकरण गर्ने सर्वाधिक तर्कसङ्गत माध्यम हो।

संरचनागत सुधार गर्ने समय आउन अझै बाँकी छ। त्यो समय पूर्ण राष्ट्रिय बहसपछि व्यापक संवैधानिक संशोधन प्रक्रियाको एक अङ्गका रूपमा मात्र आउनेछ। त्यसकारण अहिले आधारभूत सेवाहरूलाई कायम राख्ने र जहाँ सम्भव हुन्छ त्यहाँ त्यस्ता सेवाहरूलाई वृद्धि गर्ने कार्यमाथि ध्यान केन्द्रित गरिनुपर्दछ। कुनै पनि अतिरिक्त साधन-स्रोतहरू नयाँ कार्यक्रमहरू प्रारम्भ गर्ने कार्यमा नभएर विद्यमान कार्यक्रमहरूलाई बढावा दिने कार्यमा लगाउनु नै अत्युत्तम हुनेछ जुन कार्यक्रमहरूले शान्ति प्रक्रियालाई सुदृढ तुल्याउने आधारभूत मापदण्डअनुरूप होऊन् र जुन

••• "नर्वेद्वारा नेपालको शान्ति प्रक्रियामा भूमिका खेल्ने कुरा खारेज", बीबीसी समाचार, ५ मे २००६।

••• "दातृ संस्थाहरू नेपाललाई पूर्ण स्तरको सहयोग गर्न इच्छुक", www.nepalnews.com, २९ अप्रिल २००६। India is reportedly planning a "mega economic package" for Nepal. Bhaskar Roy, "Himalayan Marshall plan to bail out Nepal?", *Times of India*, २७ अप्रिल २००६। जापानले केन्द्रीय सरकारका मन्त्रालयहरूद्वारा सञ्चालन गरिने सामाजिक तथा आर्थिक विकास आयोजनाहरूका लागि झन्डै ४० लाख डलर निकासा गरेको छ। "केआर-२ को समकक्षी कोषको उपयोग गर्ने योजना जापानद्वारा अनुमोदन", nepalnews.com, ५ मे २००६।

••• हैदरावादस्थित एसियाली विकास बैंकको ३९औं वार्षिक बैठकमा नेपालको प्रतिनिधित्व गर्दै अर्थ मन्त्रालयका सहसचिव रामेश्वरप्रसाद खनालले रोइटर्सलाई बताएअनुसार नेपाल द्वन्द्वपछिको पुनर्निर्माणका लागि १.२ अर्ब डलर वैदेशिक सहायताका लागि अपिल गर्दै थियो। "पुनर्निर्माणका लागि नेपालद्वारा १.२ अर्ब डलरको खोजी", *Reuters*, ६ मे २००६।

कार्यक्रमहरू मार्गदर्शनसम्बन्धी आधारभूत मान्यताअनुरूप होऊन्।•••

अलि दीर्घकालीन सहयोगका लागि नेपाललाई सुस्पष्ट साझेदारी सिद्धान्तहरूमा आधारित समन्वित प्रकृतिको अन्तर्राष्ट्रिय तरिकाको खाँचो पर्छ। क्राइसिस ग्रुपले प्रस्थानबिन्दुको रूपमा आठ कुरा सुझाएको छ।••• हाल शान्ति प्रक्रिया सुरु भएको अवस्थामा शान्ति सहयोग समूहको महत्त्व झनै बढ्न गएको छ।••• बदलिएको घरेलु राजनीतिक वातावरणले दलहरू, नागरिक समाजका समूहहरू तथा अन्य प्रतिनिधिहरूलाई सिद्धान्तहरूसम्बन्धी आफ्ना सुझावहरू अघि सार्न सहज स्थिति पैदा गरेको छ। अन्तर्राष्ट्रिय संलग्नता के-कस्तो हुने भन्नेबारे नेपाली जनता नै निर्णायक तत्त्व हुन् भन्ने कुरालाई सुनिश्चित गर्नु ज्यादै महत्त्वपूर्ण कुरा हो।

यस सम्बन्धमा ध्यान दिइनुपर्ने प्रमुख बुँदाहरू यस प्रकार छन् :

- विकाससम्बन्धी निकायहरूले पारदर्शिता र भ्रष्टाचार विरोधी संयन्त्रहरूलगायत मार्गदर्शनकारी आधारभूत मान्यताहरूको पालना गरून् भन्ने कुरालाई सुनिश्चित गर्दै शान्तिलाई प्राथमिकता दिनु र "हानि नपुऱ्याऊ" भन्ने आधारभूत नियममा अटल रहेर सरकार तथा माओवादीहरूलाई पनि सोहीअनुसार चल्न दबाब दिनु;

- सायद शान्ति तथा विकासमञ्चको विशिष्ट ढाँचामा ढालिएको लन्डन सम्मेलन २००२ को अनुसरण गर्नेबारे विचार गर्नु। यस सम्बन्धमा समावेशी तयारी तथा सहभागिता महत्त्वपूर्ण हुनेछ। नेपालको नागरिक समाजका जोदाहाहरू जून महिनाको अन्त्यमा काठमाडौंमा राष्ट्रिय स्वामित्वसहितको आफ्नो सम्मेलन आयोजना गरी यो प्रक्रिया प्रारम्भ गर्ने योजना बनाइरहेका छन्, जुन सम्मेलन सहयोग र गम्भीर सहभागिता प्रदान गर्न लायक हुनेछ; र

- द्वन्द्वका जड कारणहरूलाई सम्बोधन गर्ने र विकाससम्बन्धी निकायहरूले अतीतमा यदाकदा गरेझैं आइन्दा सामाजिक, जातीय वा क्षेत्रीय दृष्टिले असमावेशी योजनाहरू लागू नगरून् भन्ने कुरालाई सुनिश्चित गर्दै समावेशी तथा सहभागितामूलक विकासलाई सुनिश्चित गर्नु।

स्थायित्व र शान्तिले संरचनागत सुधारहरू र विकासको वृद्धिले भन्दा प्राथमिकता पाउनुपर्छ। राम्ररी सोचविचार नगरीकन हतपत "शान्तिसम्बन्धी टुक्रे" कार्यक्रमहरूको थालनी गर्नबाट जोगिनु महत्त्वपूर्ण हुनेछ किनभने राम्ररी योजना नबनाई गरिने नगद र अन्य सहयोग प्रत्युत्पादक हुन सक्छ। नयाँ सरकार विधायकी र शासकीय क्षमताहरूसहित पूर्ण अधिकारप्राप्त सरकार नभएर अन्तरिम र निम्छरो प्रकृतिको सरकार हो जसको वैधता शान्ति प्रक्रियालाई अघि बढाउनका लागि प्राप्त जनसमर्थमा आधारित छ। दातृ संस्थाहरूले विकाससम्बन्धी सहयोग राजनीतिक स्थिति र प्रक्रियाहरूबाट अलग हुन सक्दैन भन्ने कुरालाई स्वीकार गर्नु जरुरी छ, त्यसकारण राजनीतिक विश्लेषणले कुनै पनि सहयोगसम्बन्धी योजनालाई सुसूचित गर्नुपर्दछ। अन्त्यमा, दातृ संस्थाहरूले जिल्लाहरूमा सरकारको पहुँच र प्रशासनिक क्षमता के-कस्तो छ सोको सावधानीसाथ मूल्याङ्कन गर्नुपर्छ जुन कुरा कम्तीमा पनि उच्च तहको राजनीतिक वातावरणमा हुने परिवर्तन जतिकै महत्त्वपूर्ण हुन्छ।

## ख) शान्ति प्रक्रिया

### *चुनौतीहरू*

शस्त्रविरामलाई कार्यकारी तुल्याउनु सबैभन्दा तात्तातो चुनौती हो। झट्ट हेर्दा यो चुनौती जति कठिन देखिन्छ वास्तवमा यो त्यसभन्दा बढी नै कठिन छ। धान्न सकिने प्रक्रियालाई सुव्यवस्थित गर्नुको अर्थ माओवादीहरूलाई शान्ति प्रक्रियामा कायम राख्नु, सातदलीय गठबन्धनलाई कायम राख्नु र जनविश्वासको निरन्तरतालाई सुनिश्चित गरी अगाडि बढ्नु हो। यस कार्यमा, आइन्दा गरिने संवैधानिक संशोधनमा झैं सरकारले पारदर्शी जनसार्वभौमसत्ता तथा सहभागिताको पारदर्शितामाथि जोड दिन ज्यादै मिहेनत गर्नुपर्नेछ। सन् २००५ का सम्झौता वार्ताहरूमा दल-माओवादीद्वारा शान्ति प्रक्रियाका प्रस्थान बिन्दुहरूका साथै त्यसको निरन्तरताको खाका परिभाषित भएका हुन्।••• पुनःस्थापित संसदले ४ मे २००६ मा सातदलीय गठबन्धनको बाह्रबुँदे समझदारीमा आधारित मार्गचित्रलाई औपचारिक रूपले अनुमोदन गऱ्यो।•••

••• प्रमुख दुईपक्षीय दाताहरूले विकास कार्य गर्ने क्षेत्रलाई कायम राखी उपभोक्ताहरूसम्मको पहुँचलाई कायम राख्नका लागि द्वन्द्वका सबै पक्षहरूको महत्त्व र दायित्वमाथि जोड दिन २००३ मा आधरभूत मार्गदर्शनकारी सिद्धान्तहरू पारित गरे। उक्त सिद्धान्तहरू अन्तर्राष्ट्रिय तहमा मान्यता प्राप्त मानवीय कानुनी मान्यताहरूमा दरिलो गरी अवलम्बित छन् र तिनमा नेपालको द्वन्द्वरत स्थिति विशिष्ट रूपले प्रतिबिम्बित भएको छ। संयुक्त राष्ट्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससहरूले पनि यस प्रकारका मार्गदर्शक सिद्धान्तहरू पारित गरेका छन्, http://www.ecdelegationnepal.org/en/eu_and_nepal/bogs/ bogs.htm. हेर्नुहोस्।

••• सुझाइएका सिद्धान्तहरू यस प्रकार छन् : (१) सशस्त्र पक्षहरू र राजनीतिक सम्भ्रान्तहरू मात्र नभएर महिलाहरूलगायत नागरिक समाजको व्यापक सहभागिता हुने सहमतियुक्त शान्ति प्रक्रिया, (२) माओवादीहरूद्वारा सहमतियुक्त समाधानका रूपमा हिंसाको परित्याग र पूर्ण निशस्त्रीकरणको मञ्जुरी, (३) सबै पक्षद्वारा मूलभूत मानवअधिकारको सम्मान, (४) सार्वभौमसत्ता जनतामा निहित हुने संवैधानिक लोकतन्त्रको स्थापना, (५) जनइच्छा प्रतिबिम्बित हुने भरपर्दो चुनावलाई सम्भव तुल्याउने पूर्ण राजनीतिक स्वतन्त्रतायुक्त वातावरण, (६) सुरक्षा फौजहरूमाथि पूर्ण नागरिक नियन्त्रण, (७) द्वन्द्व र अवविकासका अन्तर्निहित कारणहरूलाई सम्बोधन गर्ने बढी समावेशी राजनीतिक व्यवस्थाको स्थापना, र (८) समुच्चा देश, खास गरेर किनारीकृत समूहहरू लाभान्वित हुने समतामूलक विकास तथा आर्थिक योजनासम्बन्धी एजेन्डा। क्राइसिस ग्रुपको रिपोर्ट, नेपालस् क्राइसिस, माथि उल्लेखित।

••• ऐ.ऐ.।

••• क्राइसिस ग्रुपको *Nepal's New Alliance*, रिपोर्ट हेर्नुहोस्, माथि उल्लेखित।

••• "House passes motion on probe commission", *The Kathmandu Post*, ५ मे २००६।

प्रारम्भिक प्रयासहरूद्वारा दुवै पक्षमा आपसी विश्वास र इमानदारीको निर्माण गरिनुपर्दछ। यस सन्दर्भमा माओवादीहरूले एकतर्फी युद्धविरामको घोषणा गरी प्रक्रिया प्रारम्भ गरे।••• सरकारले केही विलम्ब गरेर अनिश्चितकालीन युद्धविराम, माओवादी नेताहरूमाथिको इन्टरपोल रेड नोटिसको••• खारेजी र विद्रोहीहरूमाथि थोपरिएको "आतङ्ककारी" बिल्ला••• हटाउने घोषणा गरी प्रत्युत्तर जनायो। यसबाट माओवादीहरूलाई घुमफिर गर्ने र शान्तिपूर्ण भेला गर्ने स्वतन्त्रता एक हदसम्म प्राप्त भयो। त्यसो त तिनले यी कुराको परीक्षण गर्न सुरु गरिनै सकेका थिए। प्रचण्डले सरकारको कदमको झटपट स्वागत गर्दै माओवादीहरू बाह्रबुँदे सहमझदारीको आधारमा सम्झौता वार्तामा प्रवेश गर्न तत्पर छन् भन्ने कुरा पुष्टि गरे।•••

माओवादीहरूलाई आश्वस्त तुल्याउन शाही नेपाली सेनामाथि देखिने गरी लोकतान्त्रिक नियन्त्रण कायम हुनु अत्यावश्यक छ। साथै मूलतः दलहरू स्वयंले राष्ट्रिय संयन्त्रहरूद्वारा विश्वसनीय रूपले युद्धविरामको पर्यवेक्षण गरिनु पनि जरुरी छ, तर अन्तर्राष्ट्रिय घटकद्वारा पनि यो कार्य गरिनुपर्ला।••• मन्त्रिमण्डलले माओवादीहरूद्वारा तयार पारिएको आचारसंहिताको मस्यौदाबारे छलफल गरेको छ तर सरकार स्वयंले भने अफ्ना योजनाहरू प्रस्तुत गर्न बाँकी नै छ।••• माओवादीहरूले प्रारम्भिक रूपले नागरिक बन्दीहरूलाई मुक्त गरेर, व्यवहारमा राजनीतिक बहुलतालाई आदर गरेर र सुरक्षाकर्मीहरूका परिवारलाई सताउन छाडेर विश्वास वृद्धि गर्ने प्रक्रियामा योगदान गर्नु जरुरी छ। तिनले मूलतः निःशस्त्र अवस्थामा र नागरिक भेषमा नै भए पनि अफ्ना कार्यकर्ताहरूलाई राष्ट्रव्यापी रूपले परिचालन गर्दा त्यसबाट राज्य मातहतका सुरक्षाकर्मीहरूमा त्रास पैदा हुने कुरा पनि महसुस गर्नुपर्छ।••• माओवादीहरूमाथि अपहरण र हत्या जस्ता कार्य गरी निरन्तर रूपले मानवअधिकारको उल्लङ्घन गरेको आरोप लाग्ने गरेको छ।•••

••• प्रचण्ड, प्रेस वक्तव्य, २६ अप्रिल २००६।

••• इन्टरपोल रेड कर्नर नोटिस राष्ट्रिय प्रहरीबलको अनुरोधमा "खोजी गरिएका व्यक्तिहरूलाई सुपुर्दगी गर्ने हेतुले गिरफ्तारी वा अस्थायी गिरफ्तारी गर्न" जारी गरिने आदेश हो। http://www.inter pol.int/Public/Notices/ default.asp हेर्नुहोस्। नेपाल प्रहरीको अनुरोधमा दुई दर्जनजति माओवादी जोदाहाहरू विरुद्ध यस प्रकारका नोटिसहरू जारी गरिएको थियो।

••• "Govt announces indefinite truce", *The Rising Nepal,* ४ मे २००६।

••• प्रचण्डद्वारा जारी प्रेस वक्तव्य, ४ मे २००६।

••• हेर्नुहोस् क्राइसिस ग्रुपद्वारा प्रस्तुत जानकारी *Mobilising International Influence,* माथि उल्लेखित।

••• "Cabinet meet to take up Maoist code", *The Himalayan Times,*६ मे २००६।

••• जिल्ला सदरमुकामलगायत मुख्य राजमार्गहरू र आमसभाहरूमा सशस्त्र माओवादी लडाकाहरू बिनासूचना तैथान गरिएपछि सरकारले माओवादी नेतृत्वलाई यस प्रकारको उत्तेजना भड्काउने व्यवहार रोक्न अनुरोध गऱ्यो। जवाफमा माओवादीहरूले आफूले आफ्ना कार्यकर्ताहरूलाई उचित आदेश जारी गरेको बताउनुका साथै आदेशको उल्लङ्घन भएमा कारबाही गर्ने बाचा गरे। क्राइसिस ग्रुपद्वारा गृहमन्त्रालयका अधिकारीसँग लिइएको अन्तर्वार्ता, काठमाडौं, मे २००६।

••• "माओवादीहरूद्वारा बारामा दुई नागरिकको हत्या", nepalnews.com, ५ मे २००६।

माओवादीहरूले विगतमा आफूमा उपयुक्त अनुशासन भएको र आफूले युद्धविराम लागू गर्न सक्ने कुराको प्रदर्शन गरेका छन्। उल्लङ्घनहरू भएमा त्यसलाई सहन गरिनेछैन, त्यसकारण सरकारले अफ्ना सकारात्मक सङ्केतहरूको प्रत्युत्तरमा त्यस्तै कुराको अपेक्षा गर्नेछ। भाग्यवश, वार्ताको परिणामस्वरूप पैदा भएको बाह्रबुँदे समझदारीले दुईपक्षीय प्रक्रियाको निर्माण गर्न दुवै पक्ष सक्षम भएको कुरा देखिन आएको छ। दलहरूद्वारा राजाको प्रस्ताव स्वीकार गरिएको विषयलाई लिएर माओवादीद्वारा सुरुमा तिनको आलोचना गरिएको भए तापनि त्यसको लगत्तै नाकाबन्दी फिर्ता लिएर युद्धविरामको घोषणा गर्दै कठोर भाषाको प्रयोग गर्नुका साथै तिनीहरू व्यावहारिक छुटहरू दिन पनि सक्छन् भन्ने कुराको सङ्केत दिए।

शान्ति प्रक्रिया लामो र कठिन हुनेछ। प्रत्येक कदमसँगै जोखिमहरू आइलाग्ने छन्, तर तिनलाई राम्ररी व्यवस्थित गरिएको खण्डमा विश्वासको निर्माण गर्न सघाउ पुग्न सक्छ। संविधानसभाको चुनावभन्दा पहिलेको मुख्य कार्यभार भनेको माओवादीहरूसँग सहकार्य गर्दै सेनाको अपरिचालन र निशस्त्रीकरणसम्बन्धी विश्वसनीय योजना तर्जुमा गर्नु हो। यस प्रक्रियामा माओवादीहरूले कार्यनीतिक लाभहरू प्राप्त गर्ने चाल चल्न सक्नेछन् र साथै तिनका राजनीतिक प्रतिपक्षीहरूले पनि त्यस्तो चाल चल्न सक्ने कुरामा कुनै सन्देह छैन। तर तिनका लागि ठोस रूपले भयमुक्त गराउनु पनि जरुरी हुनेछ।

### *अन्तर्राष्ट्रिय भूमिका*

अनुरोध गरिएको खण्डमा अन्तर्राष्ट्रिय समुदायले युद्धविरामको पर्यवेक्षण गर्ने कार्यमा सघाउनुपर्दछ र अब क्राइसिस ग्रुपद्वारा रेखाङ्कन••• गरिएझैं स-साना लक्ष्यहरूका लागि व्यावहारिक योजना निर्माण गर्न थाल्नुपर्छ जसले गर्दा ऊ दुवै सशस्त्र पक्षहरूलाई क्रमशः अपरिचालन र असैनिकीकरणको प्रक्रियामा सहयोग गर्न तम्तयार हुन सकोस्। उक्त समुदायको विकास तथा मानवीय सहयोगको उद्देश्य सेवाहरू प्रदान गर्ने र आर्थिक विकासका लागि क्षेत्र खुला गर्ने कार्यमा जोड दिँदै शान्तिलाई सुदृढ तुल्याउने हुनुपर्छ। अनि अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले अन्तरिम सरकारमाथि महत्वाकाङ्क्षी सुधारसम्बन्धी प्रस्तावहरू थोपर्नुको सट्टा लघु स्वरूपको आर्थिक स्थायित्वलाई उच्चतम प्राथमिकता दिने हुनुपर्छ। दातृ संस्थाहरूले प्रतिष्ठित अन्तर्राष्ट्रिय लेखापालहरूद्वारा सरकार, दरबार र सेनाको खर्चको साङ्गोपाङ्गो व्यावसायिक लेखापरीक्षण गराउने कार्यका लागि आर्थिक सहयोग दिनेबारे विचार गर्नुपर्छ।

## ग) राजालाई वशमा राख्ने कार्य

### *चुनौतीहरू*

दलहरूको सर्वाधिक जरुरी कार्य फेब्रुअरी २००५ देखिको शाही कूद्वारा भएका दरबारिया अतिक्रमणहरूलाई उल्टाउनु मात्र नभएर

••• हेर्नुहोस्, क्राइसिस ग्रुपद्वारा प्रस्तुत जानकारी *Mobilising International Influence,* माथि उल्लेखित।

राजा ज्ञानेन्द्रले अक्टोबर २००२ मा शक्ति मुठ्याउन थालेदेखिका अतिक्रमणहरूलाई समेत उल्टाउनु हो। सरकारले ३ मेका दिन फेब्रुअरी २००६ मा भएको नगर निर्वाचनलाई अवैध घोषणा गऱ्यो र जनआन्दोलनमा मारिने प्रत्येक व्यक्तिका परिवारलाई रु .१० लाख सहयोग प्रदान गऱ्यो।[•••] त्यसको चार दिनपछि मन्त्रिपरिषद्ले ४ अक्टोबर २००२ मा राजाद्वारा सत्ता हत्याएपछि गरिएका क्षेत्रीय तथा अञ्चल प्रशासकहरूलगायत सबै राजनीतिक नियुक्तिहरूलाई बदर गरिदियो र शाही शासनकालमा नियुक्त भएका १२ जना राजदूतहरूलाई फिर्ता बोलायो।[•••]

शाही कूपश्चात् गरिएका न्यायिक तथा निजामती नियुक्तिहरू र सरुवाहरूको पुनरावलोकन गर्न थालेपछि सरकार बढी अप्ठेरो क्षेत्रमा प्रवेश गर्नेछ। दरबारले थुप्रै महत्त्वपूर्ण पदहरूमा बडो सफलतासाथ अफ्ना प्रतिबद्ध समर्थकहरूलाई घुसाएको छ। यस सन्दर्भमा कतिपय व्यक्तिहरू इज्जतसाथ पदबाट हट्न सक्नेछन्। उदाहरणका लागि, महान्यायाधिवक्ता र राष्ट्रिय योजना आयोग, राष्ट्रिय महिला आयोग तथा समाज कल्याण परिषद्का वरिष्ठ अधिकारीहरूले कटुतापूर्ण हेरफेरबाट जोगिनका लागि झटपट राजीनामा दिए। राष्ट्रिय मानवअधिकार आयोगका अधिकांश सदस्यहरू एकमुष्ठ राजीनामा दिन सहमत भएका तर एक जना आयुक्त भने पद त्याग्न मन्जुर नभएको कुरा जानकारीमा आएको छ।[•••] स्वतन्त्र राष्ट्रिय मानवअधिकार सङ्गठनहरूको अन्तर्राष्ट्रिय सङ्घले नेपाल राष्ट्रिय मानवअधिकार आयोगलाई आफूले चियो गर्ने सूचीमा समावेश गरेको छ, कारण यो सङ्गठन स्वतन्त्र नभएको अनुभव गरिएको छ। सर्वोच्च अदालतले २३ मेमा आयोजित आफ्नो तीनदिने गोल्डेन जुब्लीको समापन सत्रमा सहभागी बन्न राजालाई आमन्त्रण गरेको थियो तर पछि उक्त आमन्त्रण फिर्ता लियो।[•••]

दलहरूभित्र ज्यादै आलोचित आतङ्ककारी तथा विध्वंशक क्रियाकलाप (नियन्त्रण तथा सजाय) सम्बन्धी अध्यादेश (टाडो) लगायत सबै शाही अध्यादेशहरू खारेज गर्न आवाजहरू उठिरहेका छन्।[•••] सरकारले कतिपय अध्यादेशहरू स्वतः खारेज हुने विचार अघि सारेर तिनलाई उपेक्षा गर्न चाहला तर यस प्रकारका आवाजहरूको प्रतिरोध गर्न भने उसलाई गाह्रो पर्नेछ।[•••] तर टाडोलाई तत्काल बदर गर्ने कार्य भने झनै जटिल हुन सक्छ किनभने त्यसलाई खारेज गरेपछि माओवादी बन्दीहरूलाई मुक्त गर्नु जरुरी हुनेछ। यो एउटा त्यस्तो कदम हो जसलाई वार्ताको क्रममा प्रयोग गरिने राजनीतिक अस्त्रका रूपमा सुरक्षित राख्ने सरकारको इच्छा हुन सक्छ।

सरकारले विशेष गरेर राज्यको बजेटबाट कम्तीमा पनि अरबौं रुपियाँ राजदरबारतिर प्रवाह गरियो भन्ने कुरा जनाउने खालका हालै प्रेसबाट प्रकाशित व्यवस्थित अनुसन्धानलाई दृष्टिगत गरी शाही सरकारका खर्चहरूको पुनरावलोकन गर्न स्वतन्त्र आयोग गठन गर्ने इच्छा गर्न सक्छ।[•••] सेनाले प्राप्त गरेको रकम (खास गरेर कजाकस्तानबाट गरिएको हेलिकोप्टरको सन्दिग्ध खरिद)[•••] मात्र नभएर अरू अनेकौं क्षेत्रहरूका साथै राजा तथा राजपरिवारका अरू सदस्यहरूद्वारा गरिएका विवादास्पद विदेश भ्रमणहरूमा गरिएको खर्चप्रति गम्भीर रूपले ध्यानाकृष्ट भएको छ। सन् २००२ मा राजदरबारको बजेटमा अजङ्गको वृद्धि गरियो। अर्थमन्त्री महतद्वारा गरिने पुनरावलोकनको नतिजास्वरूप राजदरबारको बजेट कम्तीमा पनि सन् २००२ भन्दा अघिको तहमा झर्ने गरी कटौती गरिएला।[•••]

अन्तिम कुरा, सरकारले शाही शक्तिका मुख्य दुई संस्थागत आधारहरू अर्थात् राजपरिषद् र राजदरबार सचिवालयलाई सह्माल्नु पर्नेछ। मुख्यतः अवकाशप्राप्त जर्नेलहरू र भूतपूर्व पञ्चायती राजनीतिज्ञहरू जस्ता वृद्ध राजावादीहरूबाट बनेको राजपरिषद्ले आफ्नो संवैधानिक भूमिकाको दायरा नाघेर निरङ्कुश शाही शासनको पक्षमा अभियान चलाउँदै लोकतन्त्रवादीहरूलाई ध्वाँस दिने काम गऱ्यो।[•••] प्रधानमन्त्री कोइरालाले राजपरिषद्मा सामेल हुन इन्कार गरेका छन् (जसरी सामान्यतः प्रधानमन्त्रीहरू यसमा सामेल हुँदै आएका थिए, माथि हेर्नुहोस्) र सम्भवतः यसलाई खारेज गरिनेछ यद्यपि व्यापक संवैधानिक सुधारको प्रक्रिया सुरु नहोउन्जेलसम्म सरकारले यसो नगर्न सक्छ।

तर दलहरूले शक्तिशाली प्रतिस्पर्धी शक्तिकेन्द्रबाट अस्थिरता पैदा गरिने जोखिमबाट जोगिन राजदरबार सचिवालयलाई तत्काले

[•••] "सरकारद्वारा युद्धविरामको घोषणा, माओवादीहरूमाथिको रेडकर्नर नोटिस र आतङ्ककारीको बिल्ला खारेजी", nepalnews.com, ३ मे २००६।

[•••] राजदूतहरूमा कर्णध्वज अधिकारी (भारत), नरेन्द्रराज पाण्डे (चीन), प्रवलशमशेर राणा (संयुक्त अधिराज्य), केदारभक्त श्रेष्ठ (संयुक्त राज्य अमेरिका), हिरण्यलाल श्रेष्ठ (रुस), प्रज्वल्लशमशेर राणा (फ्रान्स), ताराबहादुर थापा (थाइल्यान्ड), भिक्ट्री राणा (म्यानमार), रमेशानन्द वैद्य (जापान), अबुलेश ठकुरी (साउदी अरब), पुष्करमान सिंह राजभण्डारी (पाकिस्तान) र श्यामानन्द सुमन (कतार) थिए। हेर्नुहोस् "सरकारद्वारा १२ देशबाट राजदूतहरूलाई फिता बोलाइयो, ४ अक्टोबर २००२ पछिका सबै नियुक्तिहरू बदर", nepalnews.com, ७ मे २००६।

[•••] क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, काठमाडौं, ७ मे २००६। साथै "Most NHRC members mull quitting posts", *The Himalayan Times,* ७ मे २००६ पनि हेर्नुहोस्।

[•••] "राजाले सर्वोच्च अदालतको उत्सवमा भाग नलिने", nepalnews.com, ४ मे २००६।

[•••] सन् १९९० पछि कानुनका किताबहरूमा रहेका प्रजातन्त्रपूर्वका कानुनहरूको पुनरावलोकन गर्ने कार्य अग्रगामी तर अझ जटिल कदम हुनेछ। यसको एउटा उदाहरण शाही नेपाली सेनालाई नियमन गर्ने सैनिक ऐन (१९५९) हो अर्को उदाहरण र बिनापुर्पच्छे थुनामा राख्ने सार्वजनिक सुरक्षा ऐन (१९८९) हो।

[•••] सन् १९९० को संविधानमा व्यवस्था भएअनुसार संसदद्वारा ६ महिनाभित्र अनुमोदन नगरिएमा अध्यादेशहरू बदर हुन्छन्। हाल संसदको पुनःस्थापना भएको हुनाले यी मामिलाहरूको हकमा सन् १९९० को संविधानका प्रावधानहरू लागू हुने अनुमान गर्न सकिन्छ।

[•••] केदार सुवेदी, "रु. पचास अर्ब यताउता", *हिमाल खबरपत्रिका,* २८ फेब्रुअरी २००६।

[•••] प्रेम खनाल, "सरकारद्वारा बैंकको ऋणबाट चारओटा हेलिकोप्टर खरिद", ekantipur.com, २१ अगस्त २००५।

[•••] "दरबारका खर्चहरू घटाइने छन्: अर्थमन्त्री", nepalnews.com, २ मे २००६।

[•••] हेर्नुहोस् "राजपरिषद् मुठभेड गर्न तयार : एक रिपोर्ट", *nepalnews.com,* ५ जनवरी २००६ र क्राइसिस ग्रुपको रिपोर्ट, *Electing Chaos,* माथि उल्लेखित।

तटस्थ तुल्याउनु जरुरी छ। मुख्य सचिव पशुपतिभक्त महर्जनलगायत यसका प्रमुख अधिकारीहरूको अवकाशको समय गुज्रिसकेको हुनाले तिनलाई पदबाट बिदा हुन सम्झाइबुझाइ गर्न सकिएला। बाँकी अधिकारीहरूलाई निजामती सेवामा समाहित गर्न सकिएला अथवा जागिर कटुवा भएबापत एकमुष्ट सुविधाहरूको प्रबन्ध मिलाउन सकिएला। पुनर्संरचित राजदरबार सचिवालयमा नियमित निजामती सेवकहरू भएको कर्मचारीगण हुनुपर्छ र मूलधारको मन्त्रालयद्वारा राजदरबार सचिवालयको प्रत्यक्ष रूपले व्यवस्थापन गरिनुपर्छ। सन् १९९० मा प्रजातन्त्रको पुनरागमनपछि पनि जारी रहेको राजदरबार सचिवालयद्वारा मन्त्रालयका महत्वपूर्ण फायलहरूमा लालमोहर लगाउने प्रचलन तत्काल रोकिने कुरालाई सरकारले सुनिश्चित गर्नु जरुरी छ। हाल मेजर जनरल गजेन्द्र लिम्बूको नेतृत्वमा रहेको र शाही नेपाली सेनामाथि नियन्त्रण कायम गर्ने केन्द्रबिन्दु भइआएको राजदरबार सैनिक सचिवालयलाई भङ्ग गर्नु एकदमै जरुरी छ। एमाले महासचिव माधवकुमार नेपालले यस कुराको माग गरिसकेका छन्।[•••]

### *अन्तर्राष्ट्रिय भूमिका*

आइन्दा विदेशी राजनीतिक नेताहरूले सरकारद्वारा अनुरोध नगरिएसम्म राजालाई भेट्नु हुँदैन। अमेरिकी सहायक विदेशमन्त्री रिचर्ड बाउचरले मे २-३ को आफ्नो भ्रमणमा राजालाई भेट्ने आफ्नो योजनालाई परित्याग गर्दै भविष्यमा राजा ज्ञानेन्द्रको भावी राजनीतिक भूमिका छैन भन्ने कुरामा सार्वजनिक रूपले जोड दिँदै सही सुरुआत गरेका छन्।[•••]

राजतन्त्र भएका देशहरू ज्ञानेन्द्र सत्ताबाट पन्छिएकोमा उनीसँगको संलग्नता कायम राख्न र अझ उनलाई आमन्त्रण गरी पुरष्कृत गर्न अझै लालायित हुन सक्छन्। यस प्रकारको कुनै पनि प्रयासबाट अन्तर्राष्ट्रिय समुदायको विश्वसनीयता झनै स्खलित हुनेछ। त्यसैगरी, काठमाडौंस्थित कूटनीतिज्ञहरूले शाही शासनका सबैभन्दा खराब ज्यादतीहरूका लागि जिम्मेवार शाही सेवकहरूलाई पुनःस्थापित गर्ने लालसाबाट जोगिनुपर्छ। पहिलेको आफ्नै दलद्वारा किनारा लगाइएका र जनआन्दोललाई दबाउन बर्बर प्रयास गर्ने कार्यको समन्वय गर्ने पूर्व गृहमन्त्री कमल थापालाई ५ मेमा ब्रिटिस राजदूतावासमा आयोजित रानीको जन्म दिनको भोजमा निम्ता गरियो। उनी र कीर्तिनिधि बिष्ट तथा भरतकेशर सिंह जस्ता अन्य राजावादीहरूले इजरायली राजदूतावासमा ३ मेमा आयोजित स्वागत समारोहमा पनि भाग लिए।

अन्तर्राष्ट्रिय समुदायले राजतन्त्रको भविष्य नेपाली जनताका हातमा भएको कुरा स्वीकार गर्नुपर्छ। लोकतन्त्रलाई सहयोग गर्न गर्नुपर्ने कार्यहरू नै पर्याप्त छन्। त्यसकारण सेरेमोनियल राजालाई कायम राख्न जोड दिनु आवश्यक छैन। जनताले चाहेमा सेरेमोनियल राजाको पक्षमा मतदान गर्नेछन्। शाही भूमिकाको निरन्तरताका पक्षमा बहस गर्न पाउँदा खुसी हुने राजनीतिज्ञहरूको केही कमी छैन।

## घ) सेनामाथि नियन्त्रण कायम गर्नु

### *चुनौतीहरू*

राजाले आत्मसमर्पण गरेका भए तापनि शाही नेपाली सेनाले भने सार्वजनिक सम्बन्धहरू बढाउने उच्चस्तरीय अभियान सुरु गऱ्यो। प्रधान सेनापति प्यारजङ थापाले नागरिक पोसाकमा निश्चिन्त देखिँदै २४ अप्रिलको राजाको घोषणाको लगत्तै सीएनएनलाई एउटा दुर्लभ अन्तर्वार्ता रेकर्ड गराए जसमा उनले शाही नेपाली सेना वैधानिक सरकारअन्तर्गत काम गर्न तत्पर रहेको र यसले रक्षा तथा प्रधानमन्त्रीका आदेशहरूको पालना गर्ने कुरामा जोड दिए।[•••] सेनाले विशिष्ट पत्रकारहरूमार्फत पनि आफ्नो अभिप्राय प्रस्तुत गऱ्यो :

> देशको सङ्कट तीव्र गतिमा गहिरिँदै नियन्त्रणबाहिर पुग्न लागेको महसुस गर्दै शाही नेपाली सेनाले राजा ज्ञानेन्द्रलाई भीरबाट पछि हट्न विश्वस्त तुल्याउने कार्यमा निर्णायक भूमिका खेल्यो। कुनै पनि प्रकारले आफ्नो परिचय नखुलोस् र कतिपय नालीबेलीहरू प्रकाशित नहोउन् भन्ने शर्तमा *द हिन्दू* सँग कुरा गर्ने अनेकौं स्रोतहरूअनुसार प्रधान सेनापति प्यारजङ थापाले राजदरबारलाई सातदलीय गठबन्धनका शर्तहरू मान्न दबाब दिने कार्यको पहल गरे। आखिरमा जर्नेल थापाले सात दलको गठबन्धनलाई यस प्रकारको स्पष्ट र असन्दिग्ध सन्देश पठाए - तपाईंहरूले सरकार गठन गर्नुभयो भने शाही नेपाली सेना दृढतासाथ तपाईंहरूका पछाडि हुनेछ।[•••]

जटिल प्रकृतिका यी अन्तिम वार्ताहरूको नतिजास्वरूप राजा पछि हटे। यस प्रकारका विवरणहरूमा त्यो धुमिल यथार्थ प्रतिबिम्बित हुन वा नहुन पनि सक्छ। जसरी सेना संस्थागत रूपले राजाप्रति बफादार छ, उसैगरी शाही नेपाली सेनाका वरिष्ठ कमाण्डरहरू पनि राजाप्रति अझै बफादार छन्। खास गरेर सातदलीय गठबन्धन सरकारका कार्यहरू सेनामा आत्मविश्वास जगाउन असफल भएको खण्डमा यो बफादारी रातारात बदलिने छैन। तथापि शाही नेपाली सेनाको लोकतान्त्रिक प्रक्रियाप्रतिको प्रतिबद्धता भने परीक्षण गर्न लायकको छ। सरकारले कठोर भएर कतिपय कदमहरू लागू गर्नुपर्नेछ जसबाट सेनाका वरिष्ठ अधिकारीहरू खिन्न हुन सक्छन्। तर ती कदमहरूले घरेलु तथा अन्तर्राष्ट्रिय प्रतिष्ठा वृद्धि भएको सच्चा राष्ट्रिय फौजमा रूपान्तरण हुन सेनालाई सघाउ पनि पुऱ्याउनेछन्।

---

[•••] "नेपालद्वारा शाही नेपाली सेनाबाट 'शाही' हटाउन माग", ekantipur.com, ६ मे २००६।

[•••] दक्षिण तथा केन्द्रीय एसियाली मामिलाका सहायक विदेशमन्त्री रिचर्ड बाउचरद्वारा प्रेस सम्मेलन, काठमाडौं, ३ मे २००६, http://www.state.gov/p/sca/rls/rm/2006/65751.htm.

[•••] CNN World Television, २४ अप्रिल २००६।

[•••] Siddharth Varadarajan, "Nepal Army chief helped convince Gyanendra", *The Hindu*, २७ अप्रिल २००६।

नयाँ सरकारले राजालाई सेनाबाट अलग गराउनु पर्नेछ। आइन्दा राजा र प्रधान सेनापतिका बीचमा निजी भेटघाटहरू हुनुहुँदैन। सैनिक बर्दी लगाएर सार्वजनिक थलोमा देखा पर्ने समय गयो भनेर राजा स्वयंले महसुस गरेको हुनुपर्छ। सैनिक एकाइहरूसँग भविष्यमा हुने कुनै पनि भेटघाटहरू सरकारको अनुमतिमाथि निर्भर हुनेछन्।

रक्षा मन्त्रालयको कार्यभार प्रधानमन्त्री कोइराला स्वयंले लिएका छन्। तर अभिप्रायको सङ्केत दिनकै लागि भए पनि एक जना सक्षम र दह्रो रक्षामन्त्री नियुक्त गर्नाले सरकार साँच्चि नै दायित्व वहन गर्दैछ भन्ने कुराको दरिलो सन्देश सञ्चार हुनेछ। मूलतः छाया संस्थाको रूपमा रहिआएको रक्षामन्त्रालयका लागि तत्कालै त्यस्ता क्षमतावान् निजामती सेवकहरूको खाँचो छ जो दरबारका पक्षधर वा दलका पक्षधर दुवै नहोउन्। सुरक्षा फौजमा सुधार ल्याउन गरिने गम्भीर कार्य हत्तपत्त गर्न नसकिने भए तापनि प्रभावशाली निजामती सेवकहरू सम्बन्धित मुद्दाहरूको जानकारी प्राप्त गरेर कसरी दिगो मन्त्रालय निर्माण गर्ने हो सो कार्यको तयारी गर्न तथा योजना बनाउन थाल्नेछन्।

सरकारको प्राथमिकता शाही नेपाली सेनालाई सरकारका प्रत्येक अन्य सशस्त्र बलसरह एउटै न्यायिक निकायअन्तर्गत राख्नु हुनेछ। यसको अर्थ सैनिक अदालतहरूलाई सर्वोच्च अदालतको क्षेत्राधिकार अन्तर्गत ल्याउनु हो। सरकारले शाही सेनाको विस्तार तथा हातहतियार प्राप्तिसम्बन्धी योजनालाई स्थगित गर्नुका साथै घातक सैनिक सहयतासम्बन्धी बाह्य प्रस्तावहरूलाई अस्वीकार गर्ने सम्भावना छ। दुईपक्षीय युद्धविरामको परिणामस्वरूप एकीकृत कमान्डलाई भङ्ग गरी निजामती प्रहरीलाई सैनिक नियन्त्रणबाट मुक्त रहेर कानुन तथा व्यवस्था कायम गर्न सक्षम बढी प्रभावकारी बलका रूपमा विकसित गर्नु अत्यावश्यक छ। स्थानीय प्रशासनको बढ्दो सैनिकीकरणलाई तत्काल रोकिनुपर्छ।

सेनाद्वारा हुन गएका मानवअधिकार हननसम्बन्धी घटनाहरूको पूर्ण तथा पारदर्शी छानबिन पूरा नहोउन्जेल र सिपाहीहरूको तलब लेखापरीक्षण नगरिने सैनिक कल्याण कोषतर्फ मोडिने विषयको अदालती मुद्दाको सन्तोषजनक ढङ्गले छिनोफानो नहोउन्जेलसम्म राष्ट्रसङ्घीय शान्ति सेनामा शाही सेनालाई पठाउने कार्यलाई स्वेच्छिक रूपले स्थगित गर्नेबारे सरकारले सोचविचार गर्न सक्नेछ।••• साथै सरकारले राष्ट्रसङ्घलाई शान्ति प्रक्रियाका मूलभूत शर्तहरू र यस प्रक्रियामा देखिन आउने प्रगतिका आधारमा शाही नेपाली सेनाले भविष्यमा थप फौजहरू पठाएर सहयोग गर्ने कुरामा आश्वस्त तुल्याउन सक्छ। शान्ति प्रक्रिया अघि बढ्ने क्रममा शाही नेपाली सेनाले लोकतान्त्रिक आचरण प्रदर्शन गरेको खण्डमा छवि धमिलिएर शान्ति सेनामा जवानहरूलाई पठाउन असमर्थ भएको सेनाको अन्तर्राष्ट्रिय छवि सुध्रिएर शान्ति सेनाका लागि सुहाउँदिलो हुन सक्नेछ।

माओवादी लडाकाहरूलाई तिनको क्षमता र योग्यताको आधारमा शाही नेपाली सेनामा समाहित गर्न सकिने कुरा जनाएर जर्नेल थापाले महत्त्वपूर्ण कदम चालेका छन्।••• माओवादी फौजका उप-कमान्डर प्रभाकरले प्यूठान जिल्लामा आयोजित आमसभामा बोल्दै के कुरा दोहोऱ्याए भने, “हामी जनसेना प्यारजङ थापा जस्ता भ्रष्ट हत्याराहरूसँग एकीकृत हुन सक्दैनौं।” तर माओवादीहरूको गुनासो मूलतः सेनाको उपल्लो तहतर्फ लक्षित छ। शाही नेपाली सेनाका “देशभक्त र राष्ट्रवादी सिपाहीहरू तथा अफिसरहरूलाई” राष्ट्रिय सेनामा परिणत गर्ने कार्यमा भने आफूले कुनै समस्या नदेखेको कुरामा उनले जोड दिए।••• बाबुराम भट्टराईले *द न्युयोर्क टाइम्स* सँगको एउटा अन्तर्वार्तामा निशस्त्रीकरणको चर्चा नगरी संविधान-सभाको चुनावकालमा शाही नेपाली सेनालाई त्यसैगरी संयमित गरिएमा आफ्नो फौजलाई अन्तर्राष्ट्रिय पर्यवेक्षणअन्तर्गत राख्ने माओवादीको प्रतिबद्धता दोहोऱ्याए। “स्वतन्त्र र स्वच्छ चुनावका लागि जनमुक्ति सेना र शाही नेपाली सेना दुवै अलग्गै राखियून्”, भनेर उनले प्रस्ताव गरे - “अन्तर्राष्ट्रिय पर्यवेक्षणकारी निकायले दुवै सेनाका गतिविधिको चियो गरोस्।”••• यस सम्बन्धमा सहमति प्राप्त गर्न सजिलो हुनेछैन तर यस विषयमा खुला बहस हुनुचाहिँ उत्साहजनक कुरा हो।

सैनिक अधिकारीहरू दल र आफूहरूबीचको खराब सम्बन्ध आधारहीन नभएको कारण दलका राजनीतिज्ञहरूले दोषको केही अंश बेहोर्नै पर्छ भन्ने गुनासाहरू दोहोऱ्याइरहेका छन्। उता दलहरूचाहिँ सेनाद्वारा शाही कूलाई गरिएको समर्थनले शाही नेपाली सेनाको लगावसम्बन्धी आफ्नो त्रासको औचित्य प्रदर्शन गरेको छ भनी तर्क गर्छन्। सन् १९९० पछि सरकार-सेनाबीचका सम्बन्धहरूको इतिहास गन्जागोल हुनाले गर्दा यो सम्बन्धले यत्तिकैमा पूरापूर सफाइ पाउन सम्भव छैन। दलहरूले सेनासँग सम्बन्ध-सूत्रहरू गाँस्न र आफूलाई सुसज्जित तुल्याउन तथा सरकारका निजामती सेवकहरूका हैसियतले सेनालाई व्यावसासिक दृष्टिबाट व्यवस्थित गर्न थप कार्यहरू गर्नु जरुरी छ।

### *अन्तर्राष्ट्रिय भूमिका*

अब विशेष गरेर दुईपक्षीय युद्धविरामले घातक सहायतालाई अनावश्यक बनाइदिएको हुनाले त्यस्तो सहायता जारी नरहनु जरुरी छ। शाही नेपाली सेनासँग आफ्नै खरखजाना उत्पादन गर्ने क्षमता भएकोले यसलाई बाहिरी सहयोगको खाँचो छैन।••• सेनासँग

••• उक्त कोषमा ९३.७ मिलियन अमेरिकन डलरजति रकम छ। स्वतन्त्र भूपू सैनिक कल्याण परिषद्को अध्यक्ष अम्बरबहादुर थापामगरले कोषमा पारदर्शिताको अभाव भएको कुरालाई चुनौती दिँदै २००१ मा सर्वोच्च अदालतमा दायर गरेको मुद्दाको फैसला अझै भएको छैन। माधव ढुङ्गेल, “जवानको कमाइ, हाकिमको रजाइँ”, *नेपाल*, ५ मार्च २००६।

••• “Maoist militia could be incorporated in RNA: CoAS Thapa”, *The Kathmandu Post*, २६ अप्रिल २००६।

••• “प्यारजङ थापा जस्ता भ्रष्टहरूसँग जनमुक्ति सेना एकीकृत नहुने,” *जनादेश*, २ मे २००६।

••• Somini Sengupta, “Nepalese Maoist proposes that rebels and army curb troops”, *The New York Times*, २८ अप्रिल २००६।

••• क्राइसिस ग्रुपद्वारा लिइएका अन्तर्वार्ताहरू, मार्च २००६। शाही नेपाली सेना भारतीय इन्सास राइफल, अमेरिकन एम १६ र त्यसको पुरानो स्वरूप

हुने सबै संलग्नताहरूलाई नागरिक सरकारमार्फत व्यवस्थित गरिनु र सेनालाई नागरिक नियन्त्रणको दिशातर्फ उन्मुख गराउने ठोस कदमसम्बन्धी विधिको व्यवस्था गरिनु जरुरी छ। अन्तर्राष्ट्रिय समुदायद्वारा दोषी प्रमाणित हुनेहरूलाई यथेष्ट सजाय र जबर्जस्ती बेपत्ता पारिएकाहरूसम्बन्धी छिनोफानो नभइसकेका सबै मामिलाहरूको छानबिन गर्नेलगायत सेनाद्वारा हुन गएका मानवअधिकार हननहरूको पूर्ण तथा पारदर्शी छानबिनका लागि दबाब दिनु पनि जरुरी छ।

राजनीतिज्ञहरू र निजामती सेवकहरूको सशस्त्र सैन्यबललाई व्यावसायिक रूपले व्यवस्थित गर्ने क्षमतामा सुधार ल्याउने कार्यमा दातृ संस्थाहरूको प्रमुख ध्यान केन्द्रित हुनुपर्छ। यसका साथै सरकारले शाही सेनाद्वारा हुन गएका मानवअधिकार हननहरूको सन्तोषजनक छानबिन नहोउन्जेल र सेनामाथि लोकतान्त्रिक नियन्त्रण कायम गर्ने ठोस कदमहरू नचालिउन्जेल राष्ट्रसङ्घीय शान्ति सेनामा थप नेपाली फौज पठाउने योजना स्वेच्छिक रूपले स्थगित गर्नुका साथै शाही नेपाली सेनालाई अन्ततः राष्ट्रसङ्घीय शान्ति सेनामा झन् राम्रोसँग योगदान गर्न सक्षम तुल्याउन आवश्यक सुधारहरू गर्नमा पनि सघाउ पुर्‍याउनुपर्दछ।

निजामती प्रहरीगणलाई सहयोग गर्नु पनि उत्तिकै महत्त्वपूर्ण कुरा हो। युद्धविराम कालमा कानुन तथा व्यवस्था कायम राख्ने केन्द्रीय भूमिका खेल्न सकून् भन्ने हेतुले प्रहरीगणलाई सुदृढ तुल्याइनु जरुरी छ।

## ङ) सङ्क्रमणकालीन न्याय व्यवस्था

### *चुनौतीहरू*

शाही सरकारका सदस्यहरू र अधिकारीहरू, खास गरेर प्रदर्शनकारी-हरूको ज्यान लिने र तिनलाई घाइते तुल्याउनेहरूलगायत लोकतान्त्रिक आन्दोलनलाई दबाउने कार्यमा जिम्मेवार रहेकाहरूलाई न्यायको कठघरामा उभ्याइयोस् भन्ने माग विरोध प्रदर्शनकाल र त्यसपछि गरी दुवै समयमा ठूलो स्वरमा सुनिएको छ। विश्वका सङ्क्रमणकालीन न्याय व्यवस्थासम्बन्धी अनुभवहरूले दुईओटा मूलभूत नियमहरूलाई सङ्केत गर्दछन् :(१) हतपत नगर्नु : निर्णयहरू भावोत्तेजनाको घडीमा नगरी पछि व्यापक तथा समावेशी राष्ट्रिय बहस सम्भव हुने अवस्थामा गर्नुपर्छ र (२) यसको एकमात्र प्रारूप हुँदैन : गाँठी कुरो व्यापक जनसहमति हुने सूत्रको निर्माण गरिनुपर्छ जसका लागि नयाँ सरकार र झटपट नतिजा चाहने जनगण दुवै संयमित हुनु जरुरी छ।

सरकारले अप्रिलको आन्दोलनकालमा राज्यद्वारा गरिएका अत्याचारहरूको छानबिन गर्न पूर्व न्यायाधीश कृष्णजङ्ग रायमाझीको मातहतमा पाँच सदस्यीय स्वतन्त्र आयोग गठन गरेको छ।*** रायमाझीको भनाइअनुसार आवश्यक परे आयोगले मुलुकका तत्कालीन कार्यकारी प्रमुख अर्थात् राजालाई पनि डाक्न सक्ने छ।*** सङ्क्रमणकालीन न्याय व्यवस्थासम्बन्धी नेपालका पहिलेका आफ्नै अनुभवहरूले बहस गरिनुपर्ने कठिन क्षेत्रहरू कुनकुन हुन् भन्ने कुरा इङ्गित गर्छ। सन् १९९० मा मल्लिक आयोग नामक स्वतन्त्र न्यायिक आयोगले पञ्चायत व्यवस्थाको अन्त्य गर्ने प्रजातान्त्रिक आन्दोलनकालमा भएका हननहरूको छानबिन गरेको थियो।*** आयोगका व्यापक खोजहरूले सन्दिग्ध व्यक्तिहरूलाई इङ्गित गरेको थिए तर तिनमाथि कुनै कारबाही गरिएन। यसो हुँदा त्यस बखत तिक्ततापूर्ण कानुनी प्रतिहिंसाबिना नै देश अघि बढ्न सक्यो। तर सन् १९९० का अनेकौँ अभियुक्तहरू शाही कूपछिको सरकारका प्रमुख पदहरूमा पुनः देखा परेको तथ्यले थोक क्षमादान, विशेष गरेर व्यापक रूपले छलफल वा अनुमोदन नगरीकन दिइने त्यस्तो क्षमादानबाट उत्पन्न हुने खतराहरू औँल्याएको छ।

छिनोफानो हुन बाँकी रहेको युद्धको क्रममा जबर्जस्ती बेपत्ता पारिएका मामिलाहरू स्वतन्त्र आयोगद्वारा साङ्गोपाङ्गो रूपले छानबिन गरिने कार्य तत्कालीन प्राथमिकता हुनु जरुरी छ। अहिले राज्यको मातहतका सुरक्षाकर्मीहरूबाट हुन गएका मानवअधिकार हननसम्बन्धी विशिष्ट मामिलाहरूलाई झटपट र पारदर्शी तरिकाले सह्माल्न सम्भव हुनुपर्ने हो। सम्भवतः पछि मुद्दा चलाउने गरी माओवादीहरूद्वारा हुन गएका अधिकार उल्लङ्घनहरूको छानबिन गरी फाइलहरू तयार पार्न सकिन्छ। अप्रिल २००६ मा प्रदर्शनकारीका ज्यान लिने र तिनलाई घाइते तुल्याउने कार्यमा प्रत्यक्ष रूपले जिम्मेवार रहेकाहरूमाथि गरिने कारबाही अपेक्षाकृत सीधा हुनेछ भने द्वन्द्वको क्रममा हुन गएका हजारौँ हननहरूलाई सम्बोधन गर्ने कार्य शान्तिवार्ताको राजनीतिसँग एकदमै जेलिएको संवेदनशील प्रक्रिया हुनेछ।

सङ्क्रमणकारी कदमहरूबाहेक भावी प्रशासनहरूले न्यायिक प्रणालीमा सुधार गर्नुपर्ने व्यापक कार्यभारहरूको सामना गर्नुपर्नेछ जसको असंवेदनशीलता र अनुमानित पूर्वाग्रह जनताका पीरमर्काहरूमध्ये एउटा त्यस्तो विषय थियो जसले माओवादीहरूको वैकल्पिक “जनअदालत” लाई लोकप्रिय बन्न सघाउ पुर्‍यायो। यस प्रकारका कमजोरीहरूलाई सम्बोधन गर्नुका साथै हाल शाही सरकारद्वारा नियुक्त सदस्यहरू रहेको स्वतन्त्र राष्ट्रिय मानवअधिकार आयोगले प्रभावकारी सचेतकका रूपमा कार्य गर्न नयाँ नेतृत्व र बढी विश्वसनीय जनादेश प्राप्त गर्नु जरुरी छ।

---

एसएलआरसँग मिल्ने ५.५६ एमएम र ७.६२ एमएमका खरखजानाहरू उत्पादन गर्न समर्थ छ।

*** आयोगका सदस्यहरूमा हरिहर विरही (पत्रकार), डा. किरण श्रेष्ठ (नेपाल मेडिकल एसोसिएसनका महासचिव), रामकुमार श्रेष्ठ र रामप्रसाद श्रेष्ठ (दुवै जना वकिल) रहेका छन्। Panel to bring to book stir suppressors”, *The Himalyan Times*, ६ मे २००६।

*** “कार्यकारी प्रमुखलाई डाक्न सकिनेछ : रायमाझी”, ekantipur.com, ८ मे २००६।

*** हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *Electing Chaos*, माथि उल्लेखित।

### *अन्तर्राष्ट्रिय भूमिका*

सङ्क्रमणकालीन न्याय व्यवस्था एउटा त्यस्तो संवेदनशील क्षेत्र हो जहाँ राष्ट्रिय स्वामित्व तथा निर्णयकारी क्षमताको महत्त्व निर्णायक हुन्छ। तथापि सरकार अरू देशहरूका अनुभव र प्राविधिक सहयोगबाट लाभान्वित हुन सक्छ। राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय सल्लाहको प्राथमिक स्रोतका रूपमा तथा यी क्षेत्रहरूमा प्राविधिक सहयोगको समन्वय गर्ने निकायका रूपमा रहेको छ। यसले वैधानिकता प्राप्त अधिकारीहरूसँग अधिकारहरूको हननसम्बन्धी आफ्नो छानबिनबाट प्राप्त खोजहरूको बाँडचुँड गर्ने वचन दिइसकेको छ।

## च) संवैधानिक परिवर्तनका लागि तयारी गर्नु

### *चुनौतीहरू*

परिवर्तनसम्बन्धी शीर्षक दुईओटा छन् : (१) प्रमुख राजनीतिक खेलाडीहरूका बीच रहेका मतभिन्नताहरूबारे सम्झौता वार्ता गर्नु र यो प्रक्रियामा अड्चन पैदा गर्ने सम्भावित विनाशकारीहरूको क्षमतालाई सीमित पार्नु, र (२) संवैधानिक परिवर्तन जनताद्वारा अनुमोदन र सञ्चालन गरिने समावेशी प्रक्रिया हुने कुरालाई सुनिश्चित गरी नेपाली जनताद्वारा असन्दिग्ध रूपले अनुमोदन गरिने संविधान निर्माण गर्नु। प्रायः द्वन्द्व चल्ने यी दुईओटा सर्तहरूलाई सम्बोधन गर्न सजिलो हुनेछैन यद्यपि निरन्तर रूपले दिइने जनदबाबले राजनीतिक खेलाडीहरूलाई अफ्ना मतभिन्नताहरूलाई फस्र्योट गर्न सघाउ पुऱ्याउनेछ।

संविधानसभामार्फत संवैधाकि सुधारको लक्ष्य प्राप्त हुने कुरामा अब खास सन्देह छैन। स्वास्थ्य बिग्रनाले गर्दा पुनःस्थापित प्रतिनिधिसभाको २८ अप्रिलको बैठकमा उपस्थित हुन असमर्थ भएका प्रधानमन्त्री कोइरालाले संविधानसभाको चुनावको बाचा गर्ने लिखित सङ्कल्प प्रस्ताव पेस गरे। उक्त प्रस्ताव सर्वसम्मतिले पारित भयो तर यससम्बन्धी प्रक्रियाबारे बहस र निर्णय गर्न बाँकी नै छ।[•••] माओवादीहरूद्वारा विस्तृत प्रस्ताव प्रस्तुत नगरिए तापनि उनीहरू योजना निर्माण गर्ने कार्यमा फेरि पनि मूलधारका दलहरूभन्दा अगाडि छन्। एउटा टेलिफोन अन्तर्वार्तामा बाबुराम भट्टराईले चुनाव प्रक्रिया, निर्वाचन क्षेत्रको सङ्ख्या तथा अल्पसङ्ख्यक जनजाति, महिला र पाखा पारिएका समूहहरूको प्रतिनिधित्वलगायत छलफल गरिनुपर्ने कतिपय आवश्यक मुद्दाहरूको सूची प्रस्तुत गरेका छन्।[•••]

प्रमुख सारभूत मुद्दाहरूको पूरा सूचीमा निम्नलिखित विषयहरू समावेश हुनेछन् :[•••]

**जनजाति, जात र क्षेत्रीय समूहहरू तथा महिलाहरूको सामाजिक र राजनीतिक सहभागिता।** २८ अप्रिलको दिन संसदको पहिलो सत्र सुरु हुँदा संसद भवनबाहिर धर्ना बसेका सयौं प्रदर्शनकारीहरू अल्पसङ्ख्यकहरूलाई अधिकार दिने र नेपाललाई धर्म निरपेक्ष बनाउने निःशर्त अख्तियार भएको संविधानसभाको मागमाथि जोड दिइरहेका थिए।[•••] यो सम्बोधन गरियोस् भनी नेपालका बहुल नागरिकहरूद्वारा अपेक्षा गरिएका अनेकौं मागहरूमध्येको एउटा सङ्केत मात्र हो।

**उप-राष्ट्रिय शासकीय प्रणाली।** क्षेत्रीय तथा स्थानीय तहहरूमा शक्ति हस्तान्तरण गरियोस् भन्ने मागहरू लामो समयदेखि थाति रहेका छन्। यो माओवादीहरूद्वारा अङ्गीकार गरिएको लोकप्रिय ध्येय पनि हो।

**निर्वाचन प्रणालीमा सुधार।** सन् १९९० पछिको प्रजातान्त्रिक प्रणालीको सञ्चालनसम्बन्धी थुप्रै गुनासाहरू निर्वाचन प्रणालीमा केन्द्रित छन्। आलोचकहरूको दाबी के छ भने यो प्रणाली अन्तर्निहित रूपले नै प्रतिनिधिमूलक छैन। विगतको प्रणालीलाई सुधार गरेर त्यसैलाई कायम राख्ने कि अर्को बढी आनुपातिक ढाँचा अङ्गीकार गर्ने भन्ने विषयमा अवश्य नै चर्को बहस हुनेछ।

**नागरिक-सैनिक सम्बन्धहरू।** नयाँ संविधानमा सुरक्षा फौजहरूमाथि लोकतान्त्रिक नियन्त्रण कायम हुनुपर्ने विषयमा द्वयर्थकता पटक्कै हुनुहुँदैन।

**राजतन्त्रको भविष्य।** यस सम्बन्धमा अब गणतन्त्र र विशुद्ध सेरेमोनियल राजतन्त्रमध्ये एउटा विकल्प मात्र बाँकी रहेको भए तापनि यो प्रश्न सर्वाधिक भावोत्तेजनापूर्ण र विवादास्पद रहने सम्भावना छ।

### *अन्तर्राष्ट्रिय भूमिका*

संवैधानिक सुधारको प्रक्रिया दुरुह हुनेछ र यसका लागि सम्भवतः अनेक प्रकारका प्राविधिक सहयोगहरूको खाँचो पर्नेछ। बलात् दिइने सहायता जनसंविधानका अत्यावश्यक सिद्धान्तहरूसँगको सम्झौता हुन सक्नेछ। त्यसकारण दातृ निकायहरूले सरकारका अनुरोधहरूबाट निर्देशित हुनुपर्छ, तिनले लगानीसम्बन्धी प्रतिस्पर्धाबाट जोगिनुपर्छ र कुनै पनि ढाँचा नथोपर्नेबारे विशेष सावधान रहनुपर्छ। तिनले जनताद्वारा सञ्चालित प्रक्रियालाई सहयोग गर्नुपर्छ र तिनले आर्थिक सहयोग वा सार्वजनिक परामर्शको प्राविधिक सहजीकरणका लागि अनुरोध गरिने क्षेत्रमा तथा व्यापक राष्ट्रिय बहसका क्षेत्रमा सहयोग गर्नुपर्छ। तिनले उपयुक्त देखिन आउने क्षेत्रमा थप विस्तृत प्राविधिक सहयोग दिन

---

[•••] तिलक पोखरेल र युवराज आचार्य, "House moves constituent assembly poll", *The Kathmandu Post*, २९ अप्रिल २००६।

[•••] "Nepalis deceived again: Bhattarai", *The Himalayan Times* २८ अप्रिल २००६। संवैधानिक सुधारसम्बन्धी माओवादीका योजनाहरूबारे जान्न क्राइसिस ग्रुपको एसिया रिपोर्ट नं. ९९ मा *नेपाल स्थायी शान्तिको दिशातर्फः संवैधानिक मुद्दाहरू,* १५ जून २००५ र क्राइसिस ग्रुपको एसियासम्बन्धी रिपोर्ट नं. १०४ मा *नेपालका माओवादीहरूः तिनका उद्देश्यहरू, संरचना र रणनीति,* २७ अक्टोबर २००५ हेर्नुहोस्।

[•••] हेर्नुहोस् सम्झौताको प्रक्रिया र मुद्दाहरूको निचोडसम्बन्धी विस्तृत जानकारीका लागि क्राइसिस ग्रुपको रिपोर्ट, *नेपाल स्थायी शान्तिको दिशातर्फ,* माथि उल्लेखित।

[•••] "Civil society warns leaders", *The Kathmandu Post,* २९ अप्रिल २००६।

पनि तयार रहनुपर्छ। यसो गर्दा तिनले के कुराको हेक्का राख्नुपर्छ भने नेपालले यहाँका जनताले माग गरेबमोजिम सच्चा सामाजिक तथा आर्थिक रूपान्तरण प्राप्त गर्ने हो भने माथि रेखाङ्कन गरिएका मुद्दाहरूसम्बन्धी आधारभूत परिवर्तनलाई सहयोग गर्नका लागि विकास तथा अन्य सहयोगसम्बन्धी नयाँ तरिका अपनाउनु जरुरी हुनेछ।

## ६. निष्कर्ष

अप्रिल २००६ को जनआन्दोलन लामो प्रक्रियाको पहिलो पाइला हो। राजाको निरङ्कुश शासनको पराजय त अत्यावश्यक थियो नै तर यो पराजय स्वयं अनेकौँ समस्याहरूको समाधन भने होइन। नेपाली जनताका आकाङ्क्षाहरू केवल राजतन्त्रको भूमिका हेरफेर हुने कुरामा सीमित छैनन्। अब यसअघिको कुनै पनि यथास्थितिमा फर्किन सम्भव छैन। अबको माग नेपालका राजनीतिक, सामाजिक र आर्थिक संरचनाहरूमा आधारभूत सुधार तथा रूपान्तरण हो। थुप्रै मानिसले यस प्रकारको परिवर्तनको विरोध गर्नेछन्, कारण नेपालभित्र र नेपालबाहिरका सङ्कीर्णतावादीहरूका लागि सशक्त लोकतान्त्रिक जनआन्दोलन झन्डैजसो माओवादी क्रान्तिसरह भयकारी हुन्छ। तर परिवर्तन त अनिवार्य छ। त्यसकारण बाहिरी विश्वले नेपालीहरूद्वारा बडो गाह्रोसँग प्राप्त गरेको अवसरलाई सहयोग गरी पारदर्शी, समावेशी तथा प्रतिनिधिमूलक प्रक्रियाद्वारा नयाँ नेपालको निर्माण गर्न सघाउ पुऱ्याउनुपर्छ।

**काठमाडौं /ब्रसेल्स, १० मे २००६**

# अनुसूची क
# नेपालको नक्सा




Map No. 4304 UNITED NATIONS
January 2007 (Colour)

Department of Peacekeeping Operations
Cartographic Section

# अनुसूची ख
# राजा ज्ञानेन्द्रका शाहीघोषणाहरू

### नयाँ वर्षको अवसरमा राष्ट्रको नाममा राजा ज्ञानेन्द्रको सन्देश, १४ अप्रिल, २००६

प्यारा देशवासीहरू,

नव वर्ष २०६३ को शुभारम्भमा स्वदेश तथा विदेशमा रहे बसेका सम्पूर्ण नेपालीको सुख, स्वास्थ्य र समृद्धिका लागि शुभकामना व्यक्त गर्न पाउँदा हामीलाई खुसी लागेको छ। गत वर्ष नेपाली जनताले देखाएको सुझबुझ र धैर्य, राष्ट्रसेवकहरूले देखाएको कर्तव्यपरायणता तथा सुरक्षाकर्मीहरूले प्रदर्शन गरेको लगन, साहस र अनुशासनको हामी सराहना गर्न चाहन्छौं।

सबै किसिमका अतिवाद प्रजातन्त्रका असङ्गति हुन्। संयम र सहमति मात्रै प्रजातन्त्रका सङ्गति हुन्। मुलुकसामु देखा पर्ने सबै चुनौतीहरूको सामना गर्दै भविष्यको रचनामा सामूहिक विवेकको अग्रणी भूमिका स्वीकार गर्नु प्रजातान्त्रिक शैली हो। इतिहासमा सधैं स्वतन्त्र रहेको नेपालीको आत्मविश्वास र आत्मसम्मान तथा संस्कार र संवेदनशीलताप्रति सधैं सजग रहेर आपसी संवादबाट समस्याको समाधान गर्नुपर्दछ। यसका लागि सधैं खुला राखिएको संवादको बाटोमा आएर बहुदलीय प्रजातान्त्रिक व्यवस्थालाई क्रियाशील तुल्याउने अभिभारा लिन र योगदान दिन हामी सबै दलहरूलाई आह्वान गर्दछौं। एक्काइसौं शताब्दीमा बहुदलीय प्रजातन्त्रको विकल्प छैन, मतदानबाट व्यक्त जनमत नै सत्य हुन्छ। बहुदलीय प्रजातन्त्रलाई जीवन्त तुल्याउन सबै तहका जनप्रतिनिधि निकायहरूलाई निर्वाचनद्वारा सक्रिय बनाउन ढिलो नहोस् भन्ने हाम्रो चाहना छ। हामी दिगो शान्ति र जनताको मताधिकारको पक्षमा छौं। नेपाल अधिराज्यको संविधानले निर्धारण गरेको लक्ष्य संवैधानिक प्रक्रियाबाट मात्रै हासिल गर्ने कटिबद्धता प्रजातान्त्रिक मर्यादा हो। यसैले शान्ति र प्रजातन्त्रमा विश्वास गर्ने सबै दलहरूको भूमिका तथा सहभागिताबाट आमनिर्वाचनजस्तो उत्कृष्ट प्रजातान्त्रिक प्रक्रियाद्वारा बहुदलीय प्रजातन्त्रको सार्थक अभ्यास सुरु होस् भन्ने हाम्रो चाहना छ।

अन्तयमा, देश र जनताको हितमा दिगो शान्ति र सार्थक प्रजातन्त्रका लागि भएका प्रयासहरू पूरा गर्न नयाँ वर्ष सफल होस् – यही हाम्रो शुभकामना छ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्!

जय नेपाल!

स्रोत : राष्ट्रिय समाचार समिति

---

### राष्ट्रको नाममा राजा ज्ञानेन्द्रको शाहीघोषणा, २१ अप्रिल २००६

प्यारा देशवासीहरू,

नेपालीहरूको संयुक्त विवेकको निर्क्यौल, समझदारी र संयुक्त प्रयासबाट शान्ति सुव्यवस्था, सुशासन, भ्रष्टाचार नियन्त्रण तथा जननिर्वाचित निकायहरूलाई जीवन्त तुल्याएर बहुदलीय प्रजातन्त्रलाई सार्थक अभ्यासमा उन्मुख गराउन हामीबाट तत्कालीन परिस्थितिमा बाध्य भई २०६१ माघ १९ गते कदम चाल्नुपरेको कुरा सर्वविदितै छ। हाम्रो यो कदममा साथ दिएर आम जनताले शान्ति र प्रजातन्त्र नै आफ्नो चाहना भएको पुष्टि गरे, राष्ट्रसेवकहरूले कर्तव्यपरायणता देखाए, हामी यसको सराहना गर्दछौं। आफ्नो गौरवमय परम्परालाई अघि बढाउँदै सुरक्षाकर्मीहरूले प्रदर्शन गरेको लगन, साहस र अनुशासनको हामी कदर गर्दछौं।

हामीबाट देशका सबै भागहरूमा गएर जनताको पीरमर्का र चाहना बुझी आँसु पुछ्ने प्रयास पनि गर्‍यौं। जनताको ढाडस बढाउन कोसिस पनि गरेकै हो। हत्या, हिंसा र आतङ्कबाट पीडित देश र जनताको हितमा संवादको बाटोमा आउन राजनीतिक दलहरूलाई आह्वान पनि गर्‍यौं तर यो साकार भएन। प्रजातन्त्रको आदर्श प्राप्तिका लागि राजनीतिक दलहरूको सक्रिय संलग्नता र सहभागिता अनिवार्य हुन्छ। यसका साथै देश र जनताको बृहत् हित तथा लोकसम्मतिका आधारमा शासन व्यवस्था चलाउने शाहवंशीय परम्परा रहेको तथा संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रमा हाम्रो अटुट प्रतिबद्धता भएकाले आज यही शाही घोषणाद्वारा नेपाल अधिराज्यको कार्यकारिणी अधिकार नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३५ बमोजिम हुने गरी जनताको नासो जनतालाई नै फर्काएका छौं। राज्यशक्तिको स्रोत जनता नै भएकाले देश र

जनताका हितमा सद्भावना र सहमति बनाएर शान्ति सुव्यवस्था कायम गर्नुपर्दछ। बहुदलीय प्रजातन्त्रको रक्षा गर्दै संवैधानिक बाटो छाडेकाहरूलाई प्रजातान्त्रिक प्रणालीको मूल प्रवाहमा ल्याएर देशलाई शान्ति र समुन्नतिको बाटोमा अग्रसर गराउनुपर्दछ। यसैगरी निर्वाचनद्वारा जनप्रतिनिधिमूलक निकायहरू क्रियाशील पारी प्रजातन्त्रलाई सार्थक बनाउन अग्रसर हुनुपर्दछ। यसका लागि नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम देशको शासन व्यवस्थाको अभिभारा ग्रहण गर्ने मन्त्रिपरिषद् गठन गर्नका लागि प्रधानमन्त्री पदका लागि यथाशीघ्र नाम सिफारिस गर्न सात राजनीतिक दलहरूको गठबन्धनलाई हामी आह्वान गर्दछौं। यसरी प्रधानमन्त्रीको नियुक्ति नभएसम्म मौजुदा मन्त्रिपरिषद्ले नै कार्यभार सम्हाली रहनेछ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्!

स्रोत : राजदरबार सचिवालय

---

**राष्ट्रको नाममा राजा ज्ञानेन्द्रको शाहीघोषणा, २४ अप्रिल २००६**

प्यारा देशवासीहरू,

नेपाल अधिराज्यको राज्यशक्तिको स्रोत नेपाली जनता नै भएको र नेपालको सार्वभौमसत्ता एवं राजकीयसत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई हृदयङ्गम गर्दै वर्तमान जनआन्दोलनमार्फत सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्वलगायत समग्र समस्याहरूको समाधान गर्न तत्कालीन प्रधानमन्त्रीको सिफारिसमा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम २०५९ साल जेठ ८ गते विघटन भएको प्रतिनिधिसभालाई यसै घोषणामार्फत पुनर्स्थापित गरिबक्सेका छौं। बहुदलीय प्रजातन्त्रको रक्षा, स्थायी शान्ति राष्ट्रिय एकता एवं समृद्धिको बाटोतर्फ मुलुकलाई अघि बढाउने जिम्मेवारी वहन गर्न हामी आन्दोलनरत सात राजनीतिक दलहरूलाई आह्वान गर्दछौं। पुनर्स्थापित प्रतिनिधिसभाको बैठक २०६३ साल वैशाख १५ गते शुक्रबार दिनको १ बजे संसदभवन, सिंहदरबारमा बस्ने गरी आह्वान गरिबक्सेका छौं।

नेपाल र नेपालीको बृहत्तर हित यो संसदबाट हुनेछ भन्ने हामीलाई विश्वास छ।

जनआन्दोलनमा जीवन गुमाएकाप्रति समवेदना र घाइते एवं आहत भएका सबैप्रति शीघ्र स्वास्थ्यलाभको कामना गर्दै मुलुक दिगो शान्ति, प्रगति, पूर्ण प्रजातन्त्र र राष्ट्रिय एकतातर्फ अभिमुख हुने विश्वास प्रकट गर्दछौं।

श्री पशुपतिनाथले हामी सबैको कल्याणा गरून्!

जय नेपाल!

# अनुसूची ग
# इन्टरन्यासनल क्राइसिस ग्रुपको परिचय

इन्टरन्यासनल क्राइसिस ग्रुप (क्राइसिस ग्रुप) स्वतन्त्र, गैरनाफामुखी गैरसरकारी संस्था हो। पाँचओटै महादेशमा यसका झन्डै १२० कर्मचारीहरू कार्यरत छन् । यस संस्थाले स्थलगत अनुसन्धानमा आधारित विश्लेषण तथा उच्चस्तरमा पैरवी गरेर द्वन्द्व रोक्ने र द्वन्द्व समाधान गर्ने प्रयास गर्दछ।

क्राइसिस ग्रुपको काम गर्ने मुख्य आधार स्थलगत अनुसन्धान हो। आकस्मिक रूपले हिंसा भड्कन सक्ने, द्वन्द्व चर्कन सक्ने वा द्वन्द्वको पुनरावृति हुन सक्ने खतरा भएका देशभित्रै अथवा यस्ता देशका नजिकका छिमेकी मुलुकहरूमा रहेर क्राइसिस ग्रुपका राजनीतिक विश्लेषकहरूको समूहले काम गर्दछ। स्थलगत अनुसन्धानबाट प्राप्त सूचना र मूल्याङ्कनका आधारमा क्राइसिस ग्रुपले प्रमुख अन्तर्राष्ट्रिय निर्णयकर्ताहरूसमक्ष पेस गर्न व्यावहारिक सुझाउसहितको विश्लेषणात्मक प्रतिवेदन तयार पार्छ । क्राइसिस ग्रुपले १२ पृष्ठको *क्राइसिस वाच* नामको मासिक बुलेटिन पनि प्रकाशन गर्छ । यस बुलेटिनले संसारभरिका द्वन्द्व चलिरहेका र द्वन्द्व हुन सक्ने ठाउँहरूमा के भइरहेछ त्यसबारे ताजा जानकारी गराउँछ।

क्राइसिस ग्रुपले तयार पारेको प्रतिवेदन र सूचना इमेलमार्फत सम्बन्धित सबैलाई वितरण गरिन्छ । अनि मुद्रित रूपमा परराष्ट्र मन्त्रालयका अधिकारीहरू तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूलाई पठाउने गरिन्छ। त्यसबाहेक ती सामग्री क्राइसिस ग्रुपको वेबसाइट www. crisisgroup.org मा पनि उपलब्ध गराइन्छ। क्राइसिस ग्रुपले आफ्ना विश्लेषणहरूतर्फ ध्यान आकर्षण गराउन र आफ्ना सुझाउहरूप्रति समर्थन जुटाउन सरकार र सरकारलाई प्रभाव पार्न सक्ने व्यक्ति, सङ्घसंस्था तथा सञ्चार जगत्सँग मिलेर काम गर्छ।

सञ्चार जगत्, राजनीति, कूटनीति र व्यापारिक क्षेत्रका प्रतिष्ठित व्यक्तिहरू रहेको क्राइसिस ग्रुपको बोर्डले क्राइसिस ग्रुपको सुझाउ र प्रतिवेदनलाई संसारभरिकै उच्च तहका नीतिनिर्माताहरूसमक्ष पुऱ्याउन प्रत्यक्ष सहयोग गर्छ। क्राइसिस ग्रुपको सहअध्यक्षमा श्री युरोपेली सङ्घका परराष्ट्र मामिलाका पूर्व आयुक्त क्रिष्टोफर प्याटन र पूर्व अमेरिकी राजदुत टमस पिकरिङ हुनुहुन्छ। सन् २००० को जनवरीदेखि क्राइसिस ग्रुपको अध्यक्ष तथा कार्यकारी प्रमुखमा अस्ट्रेलियाका पूर्व विदेशमन्त्री गारेथ एभान्स रहनुभएको छ।

क्राइसिस ग्रुपको अन्तर्रष्ट्रिय मुख्यालय ब्रसेल्समा छ। आफ्ना पैरवीसम्बन्धी कामहरूलाई अघि बढाउन यसका कार्यालयहरू वासिङ्टन डीसी (जहाँ यसको दर्ता भएको छ), न्युयोर्क, लन्डन र मस्कोमा स्थापित गरिएका छन्। स्थलगत अनुसन्धानका लागि यस संस्थाका १४ ओटा कार्यालयहरू अम्मान, विस्केक, बोगोटा, कायरो, डाकार, दुसान्वे, इस्लामावाद, जर्काता, काबुल, काठमाडौं, नैरोबी, प्रिस्टिना, सोल र तिबलिसी रहेका छन् र चारओटा महादेशका ५० भन्दा बढी सङ्कटग्रस्त देश र क्षेत्रमा यसका विश्लेषकहरू हाल कार्यरत छन्। यीमध्ये अफ्रिकामा अङ्गोला, बुरून्डी, कोट डे आइभर, प्रजातान्त्रिक गणतन्त्र कंगो, इरिट्रिया, इथियोपिया, गिनी, लाइबेरिया, रुवान्डा, साहेल क्षेत्र, सियरा लिओन, सोमालिया, सुडान, युगान्डा र जिम्बाबेमा, तथा एसियामा अफगानिस्तान, इन्डोनेसिया, कश्मीर, काजखस्तान, कीर्गिजिस्थान, म्यानम (बर्मा), नेपाल, उत्तर कोरिया, पाकिस्तान, श्रीलङ्का, ताजिकिस्तान, तुर्कमेनिस्तान र उज्वेकिस्तान तथा युरोपमा अल्बेनिया, अरमेनिया, अजरवैजान, बोस्निया हर्जगोभिना, जर्जिया, कोसोभो, मोल्दोभा, भाल्डोमा, मन्टेनेग्रो र सर्विया तथा पश्चिम एसियामा उत्तर अफ्रिकादेखि इरानसम्मको सम्पूर्ण क्षेत्र अनि ल्याटिन अमेरिकामा कोलम्बिया एन्डियन क्षेत्र र हाइटीमा पर्दछन्।

क्राइसिस ग्रुपले सरकार, परोपकारी गुठी र सङ्घसंस्था र व्यक्तिगत चन्दादाताहरूबाट आफ्नो कोषमा रकम जुटाँउछ । हाल विभिन्न देशका निम्न सरकारी निकाय एवं संस्थाहरूले रकम उपलब्ध गराउँछन्: अस्ट्रेलियाको अन्तर्राष्ट्रिय विकास एजेन्सी (एएआईडी), अस्ट्रियाको परराष्ट्र मन्त्रालय, बेल्जियमको परराष्ट्र मन्त्रालय, क्यानेडेली वैदेशिक व्यापार तथा विदेश मामिला विभाग, क्यानेडेली अन्तर्राष्ट्रिय विकास एजेन्सी, क्यानाडेली अन्तर्राष्ट्रिय विकास अनुसन्धान केन्द्र, चेक परराष्ट्र मन्त्रालय, हल्यान्डको परराष्ट्र मन्त्रालय, फिनल्यान्डको परराष्ट्र मन्त्रालय, फ्रान्सेली परराष्ट्र मन्त्रालय, जर्मन विदेश विभाग, आयरल्यान्डको वैदेशिक मामिला विभाग, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) लिक्टेनस्टाइनको परराष्ट्र मन्त्रालय, लक्जेम्बर्गको परराष्ट्र मन्त्रालय, न्युजिल्यान्ड अन्तर्राष्ट्रिय विकास एजेन्सी, शाही डेनिस परराष्ट्र मन्त्रालय, शाही नर्वेली परराष्ट्र मन्त्रालय, स्वीडेनको परराष्ट्र मन्त्रालय, स्वीस सङ्घीय परराष्ट्र विभाग, टर्कीको परराष्ट्र मन्त्रालय, संयुक्त अधिराज्यको विदेश तथा कमनवेल्थ विभाग, बेलायती अन्तर्राष्ट्रिय विकास विभाग र अमेरिकी सहयोग संस्था (युएसएड) छन्।

गुठी र निजी क्षेत्रका दाताहरूमा Carnegie Corporation of New York, Carso Foundation, Compton Foundation, Ford Foundation, Fundación DARA Internacional, Iara Lee and George Gund III Foundation, William & Flora Hewlett Foundation, Hunt Alternatives Fund, Kimsey Foundation, Korea Foundation, John D. & Catherine T. MacArthur Foundation, Charles Stewart Mott Foundation, Open Society Institute, Pierre and Pamela Omidyar Fund, Victor Pinchuk Foundation, Ploughshares Fund, Provictimis Foundation, Radcliffe Foundation, Sigrid Rausing Trust, Rockefeller Philanthropy Advisors and Viva Trust छन्।

# अनुसूची घ
# क्राइसिस ग्रुपले सन् २००४ देखि तयार पारेका एसियासम्बन्धी प्रतिवेदन र जानकारीहरू

## CENTRAL ASIA

***The Failure of Reform in Uzbekistan: Ways Forward for the International Community***, Asia Report N°76, 11 March 2004 (also available in Russian)

***Tajikistan's Politics: Confrontation or Consolidation?***, Asia Briefing Nº33, 19 May 2004

***Political Transition in Kyrgyzstan: Problems and Prospects***, Asia Report N°81, 11 August 2004

***Repression and Regression in Turkmenistan: A New International Strategy***, Asia Report N°85, 4 November 2004 (also available in Russian)

***The Curse of Cotton: Central Asia's Destructive Monoculture***, Asia Report N°93, 28 February 2005 (also available in Russian)

***Kyrgyzstan: After the Revolution***, Asia Report N°97, 4 May 2005 (also available in Russian)

***Uzbekistan: The Andijon Uprising***, Asia Briefing N°38, 25 May 2005 (also available in Russian)

***Kyrgyzstan: A Faltering State***, Asia Report N°109, 16 December 2005 (also available in Russian)

***Uzbekistan: In for the Long Haul***, Asia Briefing N°45, 16 February 2006

***Central Asia: What Role for the European Union?***, Asia Report N°113, 10 April 2006

***Kyrgyzstan's Prison System Nightmare***, Asia Report N°118, 16 August 2006 (also available in Russian)

***Uzbekistan: Europe's Sanctions Matter,*** Asia Briefing N°54, 6 November 2006

***Kyrgyzstan on the Edge,*** Asia Briefing N°55, 9 November 2006

***Turkmenistan after Niyazov***, Asia Briefing N°60, 12 February 2007

## NORTH EAST ASIA

***Taiwan Strait IV: How an Ultimate Political Settlement Might Look***, Asia Report N°75, 26 February 2004

***North Korea: Where Next for the Nuclear Talks?***, Asia Report N°87, 15 November 2004 (also available in Korean and in Russian)

***Korea Backgrounder: How the South Views its Brother from Another Planet***, Asia Report N°89, 14 December 2004 (also available in Korean and in Russian)

***North Korea: Can the Iron Fist Accept the Invisible Hand?***, Asia Report N°96, 25 April 2005 (also available in Korean and in Russian)

***Japan and North Korea: Bones of Contention***, Asia Report Nº100, 27 June 2005 (also available in Korean)

***China and Taiwan: Uneasy Détente***, Asia Briefing N°42, 21 September 2005

***North East Asia's Undercurrents of Conflict***, Asia Report N°108, 15 December 2005 (also available in Korean)

***China and North Korea: Comrades Forever?***, Asia Report N°112, 1 February 2006 (also available in Korean)

***After North Korea's Missile Launch: Are the Nuclear Talks Dead?***, Asia Briefing N°52, 9 August 2006 (also available in Korean and in Russian)

***Perilous Journeys: The Plight of North Koreans in China and Beyond***, Asia Report N°122, 26 October 2006 (also available in Russian)

***North Korea's Nuclear Test: The Fallout***, Crisis Group Asia Briefing N°56, 13 November 2006

## SOUTH ASIA

***Unfulfilled Promises: Pakistan's Failure to Tackle Extremism***, Asia Report N°73, 16 January 2004

***Nepal: Dangerous Plans for Village Militias***, Asia Briefing Nº30, 17 February 2004 (also available in Nepali)

***Devolution in Pakistan: Reform or Regression?***, Asia Report N°77, 22 March 2004

***Elections and Security in Afghanistan***, Asia Briefing Nº31, 30 March 2004

***India/Pakistan Relations and Kashmir: Steps toward Peace***, Asia Report Nº79, 24 June 2004

***Pakistan: Reforming the Education Sector***, Asia Report N°84, 7 October 2004

***Building Judicial Independence in Pakistan***, Asia Report N°86, 10 November 2004

***Afghanistan: From Presidential to Parliamentary Elections***, Asia Report N°88, 23 November 2004

***Nepal's Royal Coup: Making a Bad Situation Worse***, Asia Report N°91, 9 February 2005

***Afghanistan: Getting Disarmament Back on Track***, Asia Briefing N°35, 23 February 2005

***Nepal: Responding to the Royal Coup***, Asia Briefing N°35, 24 February 2005

***Nepal: Dealing with a Human Rights Crisis***, Asia Report N°94, 24 March 2005

***The State of Sectarianism in Pakistan***, Asia Report N°95, 18 April 2005

***Political Parties in Afghanistan***, Asia Briefing N°39, 2 June 2005

***Towards a Lasting Peace in Nepal: The Constitutional Issues***, Asia Report N°99, 15 June 2005

***Afghanistan Elections: Endgame or New Beginning?***, Asia Report N°101, 21 July 2005

***Nepal: Beyond Royal Rule***, Asia Briefing N°41, 15 September 2005

***Authoritarianism and Political Party Reform in Pakistan***¸ Asia Report N°102, 28 September 2005

***Nepal's Maoists: Their Aims, Structure and Strategy***, Asia Report N°104, 27 October 2005

***Pakistan's Local Polls: Shoring Up Military Rule***, Asia Briefing N°43, 22 November 2005

***Nepal's New Alliance: The Mainstream Parties and the Maoists***, Asia Report 106, 28 November 2005

***Rebuilding the Afghan State: The European Union's Role***, Asia Report N°107, 30 November 2005

***Nepal: Electing Chaos***, Asia Report N°111, 31 January 2006

***Pakistan: Political Impact of the Earthquake***, Asia Briefing N°46, 15 March 2006

***Nepal's Crisis: Mobilising International Influence***, Asia Briefing N°49, 19 April 2006

***Nepal: From People Power to Peace?***, Asia Report N°115, 10 May 2006

***Afghanistan's New Legislature: Making Democracy Work***, Asia Report N°116, 15 May 2006

***India, Pakistan and Kashmir: Stabilising a Cold Peace***, Asia Briefing N°51, 15 June 2006

***Pakistan: the Worsening Conflict in Balochistan***, Asia Report N°119, 14 September 2006

***Bangladesh Today***, Asia Report N°121, 23 October 2006

***Countering Afghanistan's Insurgency: No Quick Fixes***, Asia Report N°123, 2 November 2006

***Sri Lanka: The Failure of the Peace Process***, Asia Report N°124, 28 November 2006

***Pakistan's Tribal Areas: Appeasing the Militants***, Asia Report N°125, 11 December 2006

***Nepal's Peace Agreement: Making it Work***, Asia Report N°126, 15 December 2006

***Afghanistan's Endangered Compact***, Asia Briefing N°59, 29 January 2007

## SOUTH EAST ASIA

***Indonesia Backgrounder: Jihad in Central Sulawesi***, Asia Report N°74, 3 February 2004

***Myanmar: Sanctions, Engagement or Another Way Forward?***, Asia Report N°78, 26 April 2004

***Indonesia: Violence Erupts Again in Ambon***, Asia Briefing N°32, 17 May 2004

***Southern Philippines Backgrounder: Terrorism and the Peace Process***, Asia Report N°80, 13 July 2004 (also available in Indonesian)

***Myanmar: Aid to the Border Areas***, Asia Report N°82, 9 September 2004

***Indonesia Backgrounder: Why Salafism and Terrorism Mostly Don't Mix***, Asia Report N°83, 13 September 2004

***Burma/Myanmar: Update on HIV/AIDS policy***, Asia Briefing N°34, 16 December 2004

***Indonesia: Rethinking Internal Security Strategy***, Asia Report N°90, 20 December 2004

***Recycling Militants in Indonesia: Darul Islam and the Australian Embassy Bombing***, Asia Report N°92, 22 February 2005 (also available in Indonesian)

***Decentralisation and Conflict in Indonesia: The Mamasa Case***, Asia Briefing N°37, 3 May 2005

***Southern Thailand: Insurgency, Not Jihad***, Asia Report N°98, 18 May 2005 (also available in Thai)

***Aceh: A New Chance for Peace***, Asia Briefing N°40, 15 August 2005

***Weakening Indonesia's Mujahidin Networks: Lessons from Maluku and Poso***, Asia Report N°103, 13 October 2005 (also available in Indonesian)

***Thailand's Emergency Decree: No Solution***, Asia Report N°105, 18 November 2005 (also available in Thai)

***Aceh: So far, So Good***, Asia Update Briefing N°44, 13 December 2005 (also available in Indonesian)

***Philippines Terrorism: The Role of Militant Islamic Converts***, Asia Report N°110, 19 December 2005

***Papua: The Dangers of Shutting Down Dialogue,*** Asia Briefing N°47, 23 March 2006 (also available in Indonesian)

***Aceh: Now for the Hard Part***, Asia Briefing N°48, 29 March 2006

***Managing Tensions on the Timor-Leste/Indonesia Border***, Asia Briefing N°50, 4 May 2006

***Terrorism in Indonesia: Noordin's Networks***, Asia Report N°114, 5 May 2006 (also available in Indonesian)

***Islamic Law and Criminal Justice in Aceh***, Asia Report N°117, 31 July 2006 (also available in Indonesian)

***Papua: Answers to Frequently Asked Questions***, Asia Briefing N°53, 5 September 2006

***Resolving Timor-Leste's Crisis***, Asia Report N°120, 10 October 2006

***Aceh's Local Elections: The Role of the Free Aceh Movement (GAM)***, Asia Briefing N°57, 29 November 2006

***Myanmar: New Threats to Humanitarian Aid***, Asia Briefing N°58, 8 December 2006

***Jihadism in Indonesia: Poso on the Edge***, Asia Report N°127, 24 January 2007

## OTHER REPORTS AND BRIEFINGS

For Crisis Group reports and briefing papers on:

- Asia
- Africa
- Europe
- Latin America and Caribbean
- Middle East and North Africa
- Thematic Issues
- *CrisisWatch*

please visit our website www.crisisgroup.org

# अनुसूची ङ
# इन्टरन्यासनल क्राइसिस ग्रुपका कार्यकारी बोर्डका सदस्यहरू


***Co-Chairs***

**Christopher Patten**
*Former European Commissioner for External Relations, Governor of Hong Kong and UK Cabinet Minister; Chancellor of Oxford University*

**Thomas Pickering**
*Former U.S. Ambassador to the UN, Russia, India, Israel, Jordan, El Salvador and Nigeria*

***President & CEO***

**Gareth Evans**
*Former Foreign Minister of Australia*

***Executive Committee***

**Cheryl Carolus**
*Former South African High Commissioner to the UK and Secretary General of the ANC*

**Maria Livanos Cattaui***
*Member of the Board of Directors, Petroplus Holding AG, Switzerland; former Secretary-General, International Chamber of Commerce*

**Yoichi Funabashi**
*Chief Diplomatic Correspondent & Columnist, The Asahi Shimbun, Japan*

**Frank Giustra**
*Chairman, Endeavour Financial, Canada*

**Stephen Solarz**
*Former U.S. Congressman*

**George Soros**
*Chairman, Open Society Institute*

**Pär Stenbäck**
*Former Foreign Minister of Finland*

**Vice-Chair*

**Morton Abramowitz**
*Former U.S. Assistant Secretary of State and Ambassador to Turkey*

**Adnan Abu-Odeh**
*Former Political Adviser to King Abdullah II and to King Hussein and Jordan Permanent Representative to the UN*

**Kenneth Adelman**
*Former U.S. Ambassador and Director of the Arms Control and Disarmament Agency*

**Ersin Arioglu**
*Member of Parliament, Turkey; Chairman Emeritus, Yapi Merkezi Group*

**Shlomo Ben-Ami**
*Former Foreign Minister of Israel*

**Lakhdar Brahimi**
*Former Special Adviser to the UN Secretary-General and Algerian Foreign Minister*

**Zbigniew Brzezinski**
*Former U.S. National Security Advisor to the President*

**Kim Campbell**
*Former Prime Minister of Canada; Secretary General, Club of Madrid*

**Naresh Chandra**
*Former Indian Cabinet Secretary and Ambassador of India to the U.S.*

**Joaquim Alberto Chissano**
*Former President of Mozambique*

**Victor Chu**
*Chairman, First Eastern Investment Group, Hong Kong*

**Wesley Clark**
*Former NATO Supreme Allied Commander, Europe*

**Pat Cox**
*Former President of European Parliament*

**Uffe Ellemann-Jensen**
*Former Foreign Minister of Denmark*

**Mark Eyskens**
*Former Prime Minister of Belgium*

**Joschka Fischer**
*Former Foreign Minister of Germany*

**Leslie H. Gelb**
*President Emeritus of Council on Foreign Relations, U.S.*

**Carla Hills**
*Former Secretary of Housing and U.S. Trade Representative*

**Lena Hjelm-Wallén**
*Former Deputy Prime Minister and Foreign Affairs Minister, Sweden*

**Swanee Hunt**
*Chair of Inclusive Security: Women Waging Peace; former U.S. Ambassador to Austria*

**Anwar Ibrahim**
*Former Deputy Prime Minister of Malaysia*

**Asma Jahangir**
*UN Special Rapporteur on the Freedom of Religion or Belief; Chairperson, Human Rights Commission of Pakistan*

**Nancy Kassebaum Baker**
*Former U.S. Senator*

**James V. Kimsey**
*Founder and Chairman Emeritus of America Online, Inc. (AOL)*

**Wim Kok**
*Former Prime Minister of Netherlands*

**Ricardo Lagos**
*Former President of Chile*

**Joanne Leedom-Ackerman**
*Novelist and journalist, U.S.*

**Ayo Obe**
*Chair of Steering Committee of World Movement for Democracy, Nigeria*

**Christine Ockrent**

*Journalist and author, France*

**Victor Pinchuk**
*Founder of Interpipe Scientific and Industrial Production Group*

**Samantha Power**
*Author and Professor, Kennedy School of Government, Harvard*

**Fidel V. Ramos**
*Former President of Philippines*

**Ghassan Salamé**
*Former Minister, Lebanon; Professor of International Relations, Paris*

**Douglas Schoen**
*Founding Partner of Penn, Schoen & Berland Associates, U.S.*

**Thorvald Stoltenberg**
*Former Foreign Minister of Norway*

**Ernesto Zedillo**
*Former President of Mexico; Director, Yale Center for the Study of Globalization*

## INTERNATIONAL ADVISORY COUNCIL

*Crisis Group's International Advisory Council comprises major individual and corporate donors who contribute their advice and experience to Crisis Group on a regular basis.*

**Rita E. Hauser** (Chair)

**Elliott F. Kulick** (Deputy Chair)

**Marc Abramowitz**
**Anglo American PLC**
**APCO Worldwide Inc.**
**Ed Bachrach**
**Patrick E. Benzie**
**Stanley M. Bergman and Edward J. Bergman**
**BHP Billiton**
**Harry Bookey and Pamela Bass-Bookey**
**Carso Foundation**
**John Chapman Chester**
**Chevron**
**Citigroup**
**Companhia Vale do Rio Doce**
**Richard H. Cooper**
**Credit Suisse**
**John Ehara**
**Equinox Partners**
**Konrad Fischer**
**Alan Griffiths**
**Charlotte and Fred Hubbell**
**Iara Lee & George Gund III Foundation**
**Khaled Juffali**
**George Kellner**
**Shiv Vikram Khemka**
**Scott J. Lawlor**
**George Loening**
**McKinsey & Company**
**Najib A. Mikati**
**Donald Pels**
**PT Newmont Pacific Nusantara (Mr. Robert Humberson)**
**Michael L. Riordan**
**Tilleke & Gibbins**
**Baron Guy Ullens de Schooten**
**VIVATrust**
**Stanley Weiss**
**Westfield Group**
**Woodside Energy Ltd**
**Don Xia**
**Yapi Merkezi Construction and Industry Inc.**
**Yasuyo Yamazaki**
**Shinji Yazaki**
**Sunny Yoon**

## SENIOR ADVISERS

*Crisis Group's Senior Advisers are former Board Members (not presently holding executive office) who maintain an association with Crisis Group, and whose advice and support are called on from time to time.*

Oscar Arias
Zainab Bangura
Christoph Bertram
Jorge Castañeda
Eugene Chien
Gianfranco Dell'AlbaAlain Destexhe
Marika Fahlen
Stanley Fischer
Malcolm Fraser
Max Jakobson
Mong Joon ChungAllan J. MacEachen
Barbara McDougall
Matt McHugh
George J. Mitchell
Cyril Ramaphosa
Michel RocardVolker Ruehe
Simone Veil
Michael Sohlman
Leo Tindemans
Ed van Thijn
Shirley Williams

मे २००६